वर्ष : १५, अंक : ४, काठमाडौं, २०७६ बैशाख २७ गते शुक्रबार, 10 May 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## "मधेशी अझै विदेशी नागरिक"



काठमाडौं । राजपा नेपालका अध्यक्षमण्डलका सदस्य तथा सांसद महन्थ ठाकुरले सरकारको नीति तथा कार्यक्रममा आफ्नो पार्टीका लागि केही पनि विषय उल्लेख नभएको बताएका छन् ।

सरकारको नीति तथा कार्यक्रममा कुनै नयाँपन नभएको पनि ठाकुरले टिप्पणी गरे । प्रतिनिधिसभाको बैठकमा सरकारको नीति तथा कार्यक्रममा भाग लिदै नेता ठाकुरले प्रणाली परिवर्तन भएपनि सरकारको नीति तथा कार्यक्रम परम्परागत शैलीमा प्रस्तुत गरिएको भन्दै असन्तुष्टि पोखे ।

उनले मधेशका जनतालाई अझै पनि विदेशी नागरिक ठान्ने गरिएकोमा पनि आपत्ति जनाए । उनले भारतीयहरूले नागरिकता लिएको भए दिने गृह मन्त्रालय पनि भारतीय हो ? भनि प्रश्न गरे । मधेशमा जन्मिएकै कारण आफूहरू राज्यको विभेदको शिकार हुनु परेको नेता ठाकुरको गुनासो गरे । 'आफ्नै घरमा, आफ्नै खेतबारीमा बसेका मधेशका जनताले विदेशी भनेको पीडा भोगिरहनु परेको छ,' नेता ठाकुरले भने, 'मधेशको भाषा, मधेशको संस्कृतिमाथि विभेद गरेर कसरी नेपाल बहुभाषिक, बहुसांस्कृतिक मुलुक भयो ?' नेता ठाकुरले संघीयता कागज र नक्सामा मात्रै सीमित बनाउने काम भइरहेको भन्दै सरकारप्रति आक्रोश पन पोखे । उनले संविधानमा आफूहरूको पूर्ण सहमति नरहेको पनि बताए ।

## समाजवादी पार्टी निर्वाचन आयोगमा पहिल्यैदेखि

काठमाडौं । डा.बाबुराम भट्टराई र उपेन्द्र यादवको पार्टीबीच एकता भई घोषणा भएको 'समाजवादी पार्टी, नेपाल' निर्वाचनमा पहिलेदेखि दर्ता भएको छ । निर्वाचनमा आयोग समाजवादी पार्टी, नेपाल पहिलेदेखि नै निर्वाचन आयोगमा दर्ता भएकोले डा.भट्टराई र यादवको एकीकृत पार्टीको नाम परिवर्तन गर्नुपर्ने हुन्छ । आयोगमा विष्णुराज अर्याल अध्यक्ष रहेको 'समाजवादी पार्टी नेपाल' दर्ता छ । आयोगका अनुसार एउटै नामको दल एकभन्दा बढी दर्ता हुन सक्दैन । समाजवादी पार्टीको अगाडि नेपाल थपी नेपाल समाजवादी पार्टी नाम राख्न सकिनेछ वा अन्य कुनै नाम रोज्नुपर्ने बाध्यात्मक परिस्थिति बाबुराम र उपेन्द्रको अगाडि रहेको छ । यसअघि पनि मधेशकेन्द्रित ६ दल एकीकृत भई राष्ट्रिय जनता पार्टी घोषणा भएको थियो तर निर्वाचन आयोगमा नाम जुधेपछि अन्तिममा नेपाल थपिएको थियो ।

## नयाँ शक्ति -फोरम एकीकरण : बन्ला त वैकल्पिक शक्ति ?

# राजपालाई छाडेर मधेशको 'महायात्रा' कहाँसम्म

मधेशवाणी डेस्क

काठमाडौं । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल र डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीबीच एकताले राष्ट्रिय राजनीतिमा नयाँ तरंग सिर्जना गरेको छ । राष्ट्रिय राजनीतिमा विकल्पका रूपमा उदाउने यादव र भट्टराईको महत्वाकांक्षाका रूपमा राजनीतिक विश्लेषकहरूले यसलाई अर्थ्याएका छन् ।

संघीय संसद्अन्तर्गत प्रतिनिधि सभामा फोरमका १६ र राष्ट्रिय सभामा २ जना सांसद् छन् । नयाँ शक्तिका तर्फबाट संघीय संसदमा डा. भट्टराईले मात्र प्रतिनिधित्व गर्छन् । फोरमका १६ सांसदमध्ये हरिनारायण रौनियार पप्पु निलम्बनमा छन् । एकताका लागि पटक-पटक छलफलमा जुटेका दुवै पार्टीका बीचमा स्थानीय चुनावअघि नै एकता गर्ने प्रयास भएको थियो । एकता घोषणाको मिति तोकिएको अवस्थामा पनि दुई पार्टी नेतृत्व विवादकै कारण एक हुन सकेको थिएन । यसपटक एकता प्रयासले मूर्त रूप लिँदै अन्ततः बैशाख २३ गते एकता भएको छ ।



तत्कालीन फोरम सत्तारूढ पार्टी हो । एकीकरण पछि पनि समाजवादी पार्टीले सरकार छाडेको छैन । सरकारमा उपप्रधानमन्त्रीका रूपमा समाजवादीका केन्द्रीय समिति अध्यक्ष यादव छन् । त्यस्तै शहरी विकास मन्त्रालय मोहम्मद इश्तियाक राईको जिम्मेवारीमा छ । तात्कालीन फोरम र राष्ट्रिय जनता पार्टी नेपालको साझा माग संविधान संशोधन गर्नु थियो । संविधान संशोधनका लागि सरकारसँग दुईतिहाइको सुविधाजनक मत हुनुपर्छ भन्ने तर्कका आधारमा राजपाले सरकारलाई समर्थन गर्‍यो भने यादवको पार्टी सरकारमै सामेल भयो ।

संविधान संशोधन हुने छाँटकाँट नदेखिएपछि केही महिनाअघि राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लियो । यद्यपि फोरमको सहभागितामा सरकारसँग दुईतिहाइको सुविधाजनक अंकगणित त छ तर प्रधानमन्त्री केपी शर्मा ओली र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल अहिल्यै संविधान संशोधन गर्ने 'मूड'मा छैनन् । एकता भएपछि सरकारमा सामेल भइरहने या सरकार छोडेर प्रतिपक्षीको बेन्चमा बस्न जाने भन्ने विषयमा नयाँ बनेको समाजवादी पार्टी अनिर्णित छ । भट्टराईले सरकार छोड्नुपर्ने पक्षमा छन् भने यादव अहिले नै हतार नगर्न बताउँदै आएका छन् ।

स्रोतका अनुसार संविधान संशोधनका लागि संसदको यो चालु अधिवेशनसम्म यादवले पर्खने र त्यो अवधिमा पनि संविधान संशोधन नभए सरकारबाट बाहिरिने सम्भावना छ । सरकारले संविधान संशोधन गर्ने भनिरहेको छ । बीचैमा सरकार छाडेर हिँडियो भने संविधान संशोधन नहुने हो कि भन्दै यादवले संविधान संशोधन गराउनका लागि केही समय माग गरेका छन् ।

संविधान संशोधनका लागि एकीकृत पार्टीबाट नै सरकारमाथि दबाब दिने, लिखित अल्टिमेटम दिने तर संविधान संशोधन नभए सरकारबाट बाहिरिने बैठकमा फोरम र नयाँशक्तिबीच सहमति छ । गत जेठ १४ गते फोरम नेपालले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग दुई बुँदे सम्झौता गरेको थियो । सो सम्झौताको पहिलो बुँदा अनुसार फोरम नेपाल सरकारमा सहभागी भयो । तर दोस्रो बुँदामा रहेको संविधान संशोधनको प्रक्रिया हालसम्म पनि शुरू भएको छैन ।

त्यहीं संविधान संशोधन गर्न ढिलाई गरेको भन्दै राजपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ । राजपा नेपालले सरकारबाट समर्थन फिर्ता लिएपछि फोरम नेपाललाई पनि दबाब पर्न थालेको थियो । दुई दलको बीचमा एकीकरणको कुरा हुँदा राजपा नेपालले सरकारबाट समर्थन फिर्ता लिने शर्त अघि सारेको थियो । सत्ताधारी दल फोरम नेपालले पुस २१ गते प्रधानमन्त्री केपी ओलीलाई ११ बुँदे ज्ञापनपत्र बुझाएको थियो । सरकारमा बसेर आफ्नै सरकारलाई ज्ञापनपत्र बुझाएको भन्दै फोरम नेपालको निकै आलोचना भएको थियो । उपेन्द्र यादवलाई सरकार छाड्नमा कुनै समस्या छैन । तर, उसलाई एउटै कुराको चिन्ता छ-त्यो हो राजपा नेपाल । फोरम नेपालले सरकार छाड्ने बित्तिकै त्यहाँ राजपा नेपाल जान्छ कि भन्ने भय यादवलाई छ ।

किनभने यसअघि पनि राजपा नेपाल सरकारमा सहभागी हुन तयार थियो । फोरम नेपालभन्दा ठूलो पार्टी भएको कारणले पनि सरकारमा सहभागी हुने अधिकार राजपा नेपालकै नै हो । त्यो ठाउँ खाली हुने बित्तिकै राजपा नेपालले नेकपासँग सम्झौता गरेर सरकारमा सहभागी हुने सक्ने सम्भावना पनि छ । फोरम नेपाल सरकार छाडेपछि त्यसको असर प्रदेश २ मा पनि पर्छ । प्रदेश २ सरकारको नेतृत्व फोरम नेपालले गरेको छ र त्यसलाई राजपा नेपालले सघाएको छ ।

**राजपासँगको एकता ?**

उपेन्द्रले भट्टराईसँग पार्टी एकताका लागि हात मिलाउँदा राजपा भने छुटेको छ । जबकी, फोरमले नयाँ शक्तिभन्दा अगाडी राजपासँग एकता गर्ने प्रक्रिया लिखित रूपमै अगाडि बढाएको थियो । तर, दुई पार्टीबीचको एकता

बाँकी अन्तिम पृष्ठमा

## समाजवादीसँग एकता सम्भव : भण्डारी



जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका संयोजक शरत्सिंह भण्डारीले नवगठित समाजवादी पार्टी नेपालसँग एकीकरणको सम्भावना कायमै रहेको बताएका छन् । जनकपुरधाममा पत्रकारहरूसँग कुरा गर्दै संयोजक भण्डारीले आफूहरूले उठाउँदै आएको मुद्दालाई स्वीकार गरे एकताका लागि सदैव ढोका खुला रहेको बताए । उनले देशमा वैकल्पिक शक्तिको खाँचो रहेकोले हामीले नै पहिले एकताका लागि संघीय समाजवादी फोरमसँग पहल गरेको बताउँदै फोरमले सरकार नछोडेकाले एकता हुन नसकेको उल्लेख गरे । उनले भने, 'उपेन्द्रजीले संविधान संशोधनको मुद्दा छोडिसक्नु भएको छ कि राख्नु नै भएको छ स्पष्ट जवाफ नदिएसम्म एकता हुन सक्दैन ।' आफ्नो पार्टीको प्रमुख मुद्दा नै संविधान संशोधन रहेको र सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा संविधानलाई सर्वस्वीकार्य बताउने सरकारमा सहभागी भएसम्म एकता हुन नसक्ने उनको भनाइ थियो ।

## नागरिकतामा सर्वोच्चको फेरि रोक

काठमाडौं । जन्मका आधारमा नागरिकता लिएका बाबुआमाको सन्तानलाई वंशज आधारमा नागरिकता नदिन फेरि सर्वोच्च अदालतले रोक लगाएको छ । गृह मन्त्रालयको पत्रलाई कार्यान्वयन नगर्न सर्वोच्चले मंगलबार पुनः अल्पकालीन अन्तरिम आदेश दिएको हो । मंगलबार न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा र सुष्मालता आचार्यको संयुक्त इजलासले यसअघि नागरिकताका विषयमा फरक फरक आदेश जारी भएकाले यसलाई पूर्ण इजलासबाट टुंगो लगाउनुपर्ने फैसला गर्दै हाल गृह मन्त्रालयको पत्र कार्यान्वयन नगर्न अन्तरकालीन अन्तरिम आदेश जारी गरेको हो ।
गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरेपछि उक्त पत्रको कार्यान्वयन रोक्न माग गर्दै वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेले रीट दायर गरेका थिए ।

## मुस्लिम समुदायमा रमदानको उल्लास



काठमाडौं । मुस्लिम धर्मावलम्बीको पवित्र पर्व एकमहिने रमदान सुरू भएको छ । रमदान सुरू भएसँगै मुस्लिम सामुदायमा उल्लास छाएको छ । मुस्लिम समुदायले आत्मशुद्धिका लागि एक महिनासम्म उपवास बसी आत्मसंयमका लागि प्रार्थना गर्ने पर्वको रूपमा रमदान मनाउदै आएका छन । धर्मालम्बीले यो एक महिने अवधिमा आफैले आफ्नो परीक्षा आफैले लिन्छन्, सहिष्णुता र धैर्यताको । रोजा धर्मालम्बीहरूका लागि एउटा त्याग र समर्पण हो । रमदान महिनाभर महिना भए सात वर्षमाथिका सबै व्यक्ति रोजा बस्नुपर्छ। मुसलमानका पाँच महत्वपूर्ण काम मध्ये रोजा, नमाज, जकात र फित्तरामा यही महिना गर्नुपर्ने तथा तिर्नुपर्ने हुन्छ। त्यसैले पनि धर्मालम्बीले यस महिनालाई शुभ मान्छन्। घाम उदाउनु भन्दा डेढ घण्टा अगावै सरगाही (खानेकुरा) खाएर प्रारम्भ गरिने रोजा घाम अस्ताएपछि फलफूल तथा मिठाइ खाएर सकिन्छ । संसारभरिका मुस्लिमहरूले रमदानको एक महिनासम्म घाम झुल्किएदेखि सूर्यास्त नहुन्जेलसम्म पानीसमेत नपिई कठोर व्रत राख्छन् । इस्लाम धर्ममा रमादानको महिनाभरि स्वर्गको ढोका खुला हुन्छ र नर्कको ढोका थुनिन्छ भन्ने विश्वास रहेको छ ।

समय-सन्दर्भ

अम्बिका यादव



# आफै कोमामा गौर अस्पताल

**रौतहटको धरतीमा जन्म लिएका नेकपाका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल, पूर्वमन्त्री प्रभु साह, अनिल कुमार झा, पूर्व स्वास्थ्य राज्यमन्त्री डाक्टर वंशीधर मिश्र समेतले जिल्ला अस्पताल प्रति कुनै चासो लिन सकेका छैनन् ।**

जिल्ला अस्पताल गौरको अवस्था कहाँबाट सुरू गर्ने ? कुन क्षेत्रवाट सुधारको सुझाव दिने? सुधारको लागि कसलाई भन्ने बारे अन्यौलता रहेको छ । २५ शैयावाट सेवा दिदै आएका जिल्ला अस्पतालमा सुधार आउन सकेका छैन ।

मानवको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य क्षेत्रको अवस्था दैयनीय हुनु यो भन्दा दुखद पक्ष के हुन सक्छ त ? जिल्ला अस्पतालको भवन निर्माण हुँदा ठेकेदारले हस्ताक्षर नगर्दै तत्कालीन स्वास्थ्य मन्त्री राजेन्द्र महतोले हतार हतारमा उद्घाटन गरेका थिए । करिव ७ लाख जनसंख्या रहेको रौतहटको सदर अस्पतालको अवस्था सघन उपचार कक्षमा भर्ना भएको विरामीको जस्तो भएको छ । नामको अस्पताल रहेको टिका टिप्पणी र आलेचना भइरहँदा पनि जिल्लावाट प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूको ध्यान यस तर्फ गएका छैन ।

रौतहटको धरतीमा जन्म लिएका नेकपाका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल, पूर्वमन्त्री प्रभु साह, अनिल कुमार झा, पूर्व स्वास्थ्य राज्यमन्त्री डाक्टर वंशीधर मिश्र समेतले जिल्ला अस्पताल प्रति कुनै चासो लिन सकेका छैन । जिल्ला स्वास्थ्य कार्यालय तथा अस्पतालमा दरवन्दी अनुसारको चिकित्सक बहाल हुन नसक्दा सर्वसाधारण जनता मारमा परेका छन् ।

निमुखा जनताको दुःख जनप्रतिनिधिहरूले बुझ्न सकेका छैन । कति पीडामा छन् रौतहटका जनता । चुनावको समयमा ठूलो ठूलो सपना देखाउने नेताहरू जसको मत लिएर प्रधानमन्त्री, मन्त्रीको कुर्सीमा विराजमान भए, तिनै जनताको जीवनसँग खेलवाड गरिरहेका छन् । भवन ठूलो बनाई दिएपछि बस्ने मान्छे नहुँदा भवनको औचित्य हुँदैन त्यस्तै जिल्ला अस्पताल त छ तर सेवा र सुविधा छैन । शौचालयको विग्रिदो अवस्था, एमबिबिएसको साटो अहेब, सुत्ने बेडको अभाव, औषधिको अपुग, महिला डाक्टरको कमी, सरसफाईको अभाव, खानेपानीको अभाव रहेको छ । प्राथमिक उपचारको लागी मुख्य आधारको रूपमा लिने गरेको जिल्ला अस्पतालमा उपचार गराउन आउने बिरामीलाई सास्ती खेप्नु पर्ने बाध्यता रहेको छ । सम्पन परिवारले नजिकमा रहेको छिमेकी देश भारतको सितामढी, मुज्जफरपुर, पटना लगायतका ठाउमा उपचार गराउन जान्छन भने गरिव, असहाय र आर्थिक अवस्था कमजोर भएका व्यक्ति उपचार गराउन कहाँ जाने भन्ने समस्या रहेको छ ।

अस्पतालमा आउने बितिकै अरू ठाउँमा उपचारको लागि लगिनु भनि रेफरको पुर्जि दिने गरिन्छ । अस्पतालमा एक रात बस्न जटिल छ । पानी पिउन र शौचालय प्रयोग गर्न अवस्था छैन । ५१ जना स्थायी दरबन्दी रहेकोमा २४ जना मात्र कार्यरत रहेका छन । एमबिबिएस ४ जनाको, डेन्टल सर्जन १, ९ जना विशेषज्ञ, नर्सिङ्ग स्टाफ ७ जनाको दरवन्दी रहेको जिल्ला अस्पतालका प्रमुख डाक्टर कृष्णा साहले जानकारी दिए ।

४ जना मेडिकल अफिसर मध्ये १ जना छात्रवृति करार, ४ जना मन्त्रालयमा करार सेवामा कार्यरत रहेको भएपनि १ जनाको जेष्ठ महिनामा तथा ४ जनाको अषाढ महिनामा म्याद सकिदैछन । अषाढ पछि अस्पतालमा एउटा डाक्टर फेला पर्ने छैन । ९ जना विशेषज्ञमा १ जना मात्र रहेकोले विरामीको उपचार असम्भव रहेको उहाँको तर्क रहेको छ । तलबको बजेट मात्र १ करोड २५ लाख आवस्यक छ । अस्पताल सञ्चालन गर्नलाई ५ करोड बजेट जरूरी रहेकोमा सरकारले जनसंख्याको अनुपातमा बजेट उपलव्ध नगराउँदा सेवा प्रवाहमा समस्या भइरहेको छ ।

जिल्ला अस्पतालमा विरामीको चाप दिन प्रति दिन घटदै गएको छ । रेफरल अस्पतालको संज्ञा दिइएको छ । अस्पताल प्रतिको सर्वसाधारणको विश्वास उठदै गएको छ ।





# सम्पादकीय



## भट्टराई-यादवको मिलनको सन्देश

उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम र बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीबीच एकीकरण भएको छ। यादव र भट्टराईले दुई पार्टी एकीकरण भई समाजवादी पार्टी नेपाल गठन गरिएको घोषणा गरेका हुन्। संघीय फोरमले अवलम्बन गर्दै आएको संघीय समाजवाद र नयाँ शक्ति पार्टीले अवलम्बन गरेको समुन्नत समाजवादको आधारमा समुन्नत संघीय समाजवादको सिद्धान्तबाट अघि बढ्ने सहमति दुई पार्टीको छ।

एकीकृत पार्टीको मूल सिद्धान्त संघीय समाजवाद हुने तय भएको छ। पार्टी एकीकरण घोषणा कार्यक्रममा प्रस्तुत गरिएको नौबुँदे आधारपत्रमा संघीय फोरमले अवलम्बन गर्दै आएको संघीय समाजवाद र नयाँ शक्ति पार्टीले अवलम्बन गरेको समुन्नत समाजवादको आधारमा समुन्नत संघीय समाजवादको सिद्धान्तबाट अघि बढ्ने सहमति गरिएको छ। साथै संविधान संशोधनमार्फत देशका प्रगतिशील रूपान्तरण, दिगो विकास, समतामूलक समृद्धिको बाटोमा अघि बढ्ने प्रतिबद्धता गरिएको छ।

एकीकृत पार्टीले राजनीतिक क्षेत्रमा जनताको सार्वभौमिकता, नागरिक स्वतन्त्रता, बहुलतायुक्त खुला समाज, बालिग मताधिकार, आवधिक निर्वाचन, विधिको शासन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, संवैधानिक तथा कानुनी राज्य, मौलिक एवं मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका तथा प्रेस स्वतन्त्रताप्रति प्रतिबद्धता व्यक्त गरेको छ। यसैगरी एकीकृत पार्टीका मौलिक विशेषतामा संघीय शासन, समाजवादी व्यवस्था, सहभागितामूलक समावेशी लोकतन्त्र, राष्ट्रिय पहिचान, सामाजिक न्याय, समतामूलक समृद्धि, लोककल्याणकारी राज्य र सामाजिक सुरक्षा, सुशासन, सदाचार, समाननुपातिक समावेशीकरण, स्वशासन र स्वायत्तता, सांस्कृतिक बहुलता, समानुपातिक निर्वाचन प्रणाली, पर्यावरणीय सन्तुलन, बहुलतायुक्त समाज र राष्ट्रिय एकतालाई राखिएको छ।

फोरम र नयाँ शक्ति पार्टीबीच एकीकरणसँगै मुलुकमा वैकल्पिक राजनीतिक शक्तिको सम्भावना देखिएको छ। प्राय: राजनीतिक दलहरू चुनावको समयमा एकीकृत हुने र चुनाव सकिएलगत्तै विभाजित हुने प्रवृत्ति नेपाली राजनीतिमा देखिँदै आएको हो। तर यसपटक भने त्यसको ठीक विपरीत निर्वाचनपछिको समयमा दलहरू एकीकृत भएका छन्। यसले यी दुई पार्टीबीचको एकीकरण क्षणिक स्वार्थका लागि मात्र नभएको कुरालाई संकेत गर्छ। प्रतिनिधिसभाको चुनाव सकिएको करिब डेढ वर्षपछि यी दुई पार्टीबीच एकीकृत भएको हो।

मुलुकमा वास्तवमै वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता महसुस भएको छ। तर, अहिलेकै अवस्थामा नवगठित दलले वैकल्पिक राजनीतिक शक्तिको रिक्त स्थान पूर्ति गर्न सम्भव छ ? यसको नेतृत्वमा जुन व्यक्ति छन् तिनीहरू अहिलेसम्म पनि वर्तमान राजनीतिकै केन्द्रमा रहँदै

**वाम पृष्ठभूमिबाटै आएका यादव, राई र भट्टराई नेतृत्वको छुट्टाछुट्टै दल एउटै नेतृत्व अन्तर्गत समाहित हुनु नेपाली राजनीतिको लागि सुखद् पक्ष भए पनि राजनीतिक सिद्धान्त र विदेश नीति प्रष्ट नभएसम्म उत्साहित भइहाल्ने स्थिति भने छैन।**

आएका पात्र हुन्। तैपनि उनीहरूमा राजनीतिलाई नयाँ ढंगले लैजानुपर्छ भन्ने सोच अवश्य नै पलाएको हुनुपर्छ। मुलुकमा कांग्रेस र कम्युनिस्टका दुई भिन्न धुरी देखिए पनि सत्तामा रहँदाको प्रवृत्ति उही छ। त्यो स्थितिलाई नयाँ दलले कसरी चिर्छ भन्ने प्रश्न पनि छ। बेलाबेलामा वैकल्पिक राजनीतिक धारको प्रसंग मुलुकमा चल्ने गर्छ। तर तदनुकूल राजनीति भने अघि बढेको महसुस भएको छैन। डा. बाबुराम भट्टराईजस्ता राजनीतिक सुझबुझ भएका, उपेन्द्र यादवजस्ता मधेशको राजनीतिमा चिनिएका र अशोक राई जस्ता पहाडको जनजाति राजनीतिसँग जोडिएका व्यक्तिको त्रिवेणी हो, अहिलेको यो नयाँ दल। यसले मुलुकको संघीय गणतान्त्रिक राजनीतिलाई यथार्थमै जनमुखी बनाएर अघि बढाउने प्रतिबद्धताका साथ अघि बढेमा सर्वसाधारणले अविश्वास गर्ने छैनन्।

फोरम पहिचानवादी राजनीतिक दल हो। हिजो अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीसँगको एकता स्वभाविक थियो। राजपासँग सहजै एकता हुनुपर्ने हो। तर, बाबुरामजीसँग कसरी एकता हुन गयो, त्यो शंकास्पद छ।

यो एकतापछि तत्कालीन फोरमप्रति आस्था राख्ने मधेशी समुदाय र अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीप्रति विश्वास राख्ने पहाडका आदिवासी जनजाति समुदायले अगामी दिनमा समाजवादी पार्टीलाई कसरी मूल्यांकन गर्ने हो, त्यो भविष्यले बताउँनेछ। तर, पुरानो नेपाली कांग्रेस र कम्युनिस्ट एकतापछि बनेको नेकपालाई सन्तुलन गर्न समाजवादी पार्टीले भूमिका खेल्न सक्ने राजनीतिक विश्लेषकको ठम्याइ छ।

मधेशी नेताहरू अहिले पनि सत्ताकै परिक्रमा गरिरहेका छन्। मधेशमै आएर नेकपाले प्रदेश २ को सरकार विघटन गरिदिने चेतावनी दिएका छन् र सोही पार्टीको नेतृत्वमा रहेको संघीय सरकारमा उपेन्द्र यादव आफैं मन्त्री छन्। पहिचानवादी दलहरू फोरम र राजपाबीच फुट ल्याउन उद्धत रहेको नेकपासँग टाँसिनुले यादवको ढुलमुले राजनीतिक चरित्र प्रष्ट हुन्छ।

फोरम र नयाँ शक्तिबीच एकीकरणपश्चात उत्तर अथवा दक्षिण कुन सिद्धान्तमा अघि बढ्ने हो त्यो पनि महत्ववपूर्ण पक्ष रहेको छ। वाम पृष्ठभूमिबाटै आएका यादव, राई र भट्टराई नेतृत्वको छुट्टाछुट्टै दल एउटै नेतृत्व अन्तर्गत समाहित हुनु नेपाली राजनीतिको लागि सुखद् पक्ष भए पनि राजनीतिक सिद्धान्त र विदेश नीति प्रष्ट नभएसम्म उत्साहित भइहाल्ने स्थिति भने छैन।

## साताको सात बात



आज पनि संशोधन, भोलि पनि संशोधन संशोधन कुन विषयमा हो त्यो बसेर छलफल गरौं, कुन-कुन विषयमा गर्ने, के के आवश्यकता पर्यो ? **केपी शर्मा ओली, प्रधानमन्त्री**



यो संविधानको विरोध गर्दागर्दै मानिसहरू, आन्दोलनकारीहरू सहिद भइसकेका छन्, सयकडौं हजारौं माथि अहिले पनि मुद्दा छ, दर्जनौं मानिस जेलमा सजायँ काटिरहेका छन्। लोकतन्त्रमा पनि अधिकार माग गर्दाखेरि न्यायको माग गर्दाखेरि गोली खानु परेको छ, यो संविधानको देन हो। **महन्थ ठाकुर, राष्ट्रिय जनता पार्टी नेपाल**



हामीले सरकार, संसद र सडकलाई आन्दोलनको मोर्चा बनाएका छौं। तर सरकार प्राथमिकतामा छैन। सविंधान संशोधन भएन भने जति बेला पनि सरकार छोडेर आन्दोलन आँधीबेहरी ल्याउन सक्छौं। **डा.बाबुराम भट्टराई, संघीय परिषद्का अध्यक्ष, समाजवादी पार्टी नेपाल**



संविधान संशोधनलाई मुद्दा बनाएर जनताको मत लिएका फोरम र राजपाले संविधान संशोधनको मुद्दा विर्सिसकेका छन्। संविधान संशोधनको मुद्दालाई हाम्रो पार्टीले मात्र जीवन्त राखेको छ। कांग्रेस संशोधनको मुद्दालाई छाड्दैन। **विमलेन्द्र निधि, नेता, नेपाली कांग्रेस**



वर्तमान सरकारले व्यक्तिका नाममा दर्ता भएका सार्वजनिक जग्गा सरकारको स्वामित्वमा फर्काउन चालेको कदमलाई हार्दिकतापूर्वक स्वागत गर्छु। ललिता जिवासको प्रकरण सत्यतथ्य छानबिन र दोषीलाई कारबाही होस्, म दोषी भए जुनसुकै सजाय भोग्न तयार छु। **विष्णु पौडेल, महासचिव, नेपाल कम्युनिष्ट पार्टी**



मधेशमा प्रतिनिधि, पहुँच र पहिचानको समस्या छ, मधेशी नेताहरूले पहुँच, प्रतिनिधित्व र पहिचानको प्रश्नलाई संविधान संशोधनसँग जोड्नु भएको छ। केही मधेशी मन्त्री बन्दैमा पहुँच, प्रतीनिधित्व र पहिचान हुँदैन सवल बन्न जरूरी छ। **डा. विजयकुमार दत्त, अध्यक्ष, मधेशी आयोग**



मधेशीले थप राजनीतिक अधिकार पाउनु छ भने आन्दोलनको रणनीतिमा पुनर्विचार हुनैपर्दछ। मधेशी मात्रले आन्दोलन गरेर पार लाग्ने अवस्था रहेन। अन्य सीमान्तकृत समुदायहरूको आन्दोलनसँग सहकार्य गर्नैपर्छ। **तुलानारायण साह, राजनीतिक विश्लेषक**

# राजनीति र प्रशासनबीच सम्बन्ध र संघर्ष



**लक्ष्मी विलास कोइराला**

**लोक सेवा आयोगका कठोर परीक्षाहरू उर्त्तीण गरेर नियुक्त भएका कर्मचारी स्वभावत् विधिले चल्ने शिक्षित जानकार समुदाय हो। विधिले चल्ने, तटस्थ, निष्पक्ष र सक्षम कर्मचारी जनप्रतिनिधिले भावनात्मकरूपमा र व्यवहारमा ठीक हुने तर विधि र कानूनमा बेठिक हुने काम गर्न नमानेपछि कर्मचारीमाथि हातपात हुने गरेको पाइन्छ।**

केही समय अगाडि निजामती कर्मचारीलाई गैर कानूनी काम गर्न भनेको मानेन भनेर मन्त्रीले कर्मचारी पिटेको र मेयरले घाँस खुवाएको समाचार मिडियामा छायो। मन्त्री तथा निर्वाचित जनप्रतिनिधिले कर्मचारीलाई पिट्न थालेपछि मन्त्री र सचिव, राजनीति र प्रशासन तथा जननिर्वाचित प्रतिनिधि र नियुक्त प्रतिभाशाली कर्मचारीबीच कस्तो संबन्ध रहनुपर्दछ भन्ने विषय अहिले सामाजिक सञ्जाल, पत्रपत्रिका र मान्छेको मुख मुखको गफ बनेकोछ। के कर्मचारीलाई पिट्ने अधिकार वा हैशियत जनप्रतिनिधिसँग रहेकोछ ? कि कर्मचारीलाई पिटदै आफुले भने भनेको गैरकानूनी काम लगाउने अधिकार निर्वाचित प्रतिनिधिलाई कुनै ऐन कानूनले दिएकोछ। निर्वाचित प्रतिनिधिलाई कर्मचारीले पिटे वा मुक्का हाने भने के हुन्छ ? पिटने कुटने र गोदने शासन प्रणाली प्रजातन्त्र, गणतन्त्र र संघीयताको कुन सिद्धान्त, मर्म वा मान्यतासँग मिल्छ ?

लोक सेवा आयोगका कठोर परीक्षाहरू उर्तीण गरेर नियुक्त भएका कर्मचारी स्वभावत् विधिले चल्ने शिक्षित जानकार समुदाय हो। विधिले चल्ने, तटस्थ, निष्पक्ष र सक्षम कर्मचारी जनप्रतिनिधिले भावनात्मकरूपमा र व्यवहारमा ठीक हुने तर विधि र कानूनमा वेठिक हुने काम गर्न नमाने पछि कर्मचारीमाथि हातपात हुने गरेको पाईन्छ। आफ्नो घर परिवारदेखि टाढा जनताको सेवा गर्न पुगेको एक्लो कर्मचारीमाथि गाँउशहरको रैथाने जननिर्वाचित पदाधिकारी नै जाई लागे पछि उसको सुरक्षा कस्ले गर्ने ? अनि उस्को कार्यसम्पादनस्तर के हुने ? राजनीतिक नेतृत्व वा मन्त्री वा राजनीतिक कार्यकर्ता कर्मचारीलाई मुख छोडेर गाली गर्न र हातै हाल्न किन उद्यत हुने गर्दछन् ? राजनीतिक दलमा पनि अनुशासनको पालना गर्नु पर्ने व्यवस्था त छ नै। कर्मचारीलाई हेप्ने, कुटने र जथाभावी बोल्ने भनेको राजनीति गर्नेहरूमा कर्मचारीभन्दा ज्ञानाभाव भएकोले हीनताबोध भएर वा राजनीति गरेर निर्वाचित प्रतिनिधि भएकोमा दम्भ वा अहंकार पलाएर त होला ? निजामती कर्मचारीलाई दास जस्तो व्यवहार गर्ने राजनीतिक जनप्रतिनिधिहरूको प्रवृति पछिल्लो समय नेपालमा हावी हुँदै गएको देखिन्छ। जस्ले समग्र राजनीति प्रणालीलाई सफल हुन दिदैन् र प्रजातान्त्रिक शासन प्रणाालीको खिल्ली उडाउने एक असभ्य प्रवृति र सँस्कृति बन्नेछ।

मन्त्रीद्वारा निर्णय गर्ने, मन्त्रीलाई निर्णय गर्न आवश्यक सूचना निजामती कर्मचरीले उपलब्ध गराउनु पर्ने र सो निर्णय कर्मचारीतन्त्र निजामती सेवाले कार्यान्वयन गर्ने संसदीय शासन प्रणालीको सिद्धान्त र व्यवहार हो। मन्त्रीलाई निर्णय गर्ने विषयका पक्ष विपक्ष दुवै जानकारी दिने, आफनो विचार वा राय सल्लाह बमोजिम निर्णय नभए पनि सो निर्णयलाई कार्यान्वयन गर्ने र नीति निरन्तरता कायम गर्ने जिम्मेवारी निजामती सेवा अर्थात प्रशासनको हो।

राजनीति र प्रशासन एउटा रथका दुई पाग्रा हुन्। एउटाको अभावमा अर्कोले काम गर्न सक्दैन्। यहाँ राजनीतिको प्रतिनिधित्व मन्त्रीले र प्रशासनको प्रतिनिधित्व सचिवले गरेकोछ। राजनीतिले जननिर्वाचित प्रतिनिधिलाई पनि समेटेकोछ। राज्य र शासन प्रणालीको प्रारम्भ सँगसँगै सरकार र कर्मचारीतन्त्रको पार्दुभाव भएको हो। सरकार र कर्मचारीतन्त्रबीचको संवन्ध हेट एण्ड लभको सिद्धान्तमा आधरित छ। अर्थात, राजनीति र प्रशासनबीच अन्तरसंबन्ध र अन्तरसंघर्ष दुवै राजनीति र प्रशासनको एकआपसमा हुने घुलन, रानीतिकरण र अन्तरनिर्भरताको स्तर तथा पारस्पारिक बैधताको पुष्टिमा निर्भर रहेको पाईन्छ।

राजनीति भन्नासाथ शासन र शासनाधिकार प्रयोगसँग संवन्धित हुन आउँछ। मन्त्री वा कुनै निर्वाचित पदाधिकारी राजनीतिक प्राणी हुन्। उनीहरू आफनै राजनीतिक सिद्धान्त, सोंच र योजना लिएर निर्वाचित भएका हुन्छन्। कर्मचारीतन्त्र विशिष्ट गुणहरू भएको एक संयन्त्र हो, जस्ले राजनीतिलाई शासन गर्न सहयोग पुऱ्याउने गर्दछ। कर्मचारी विशिष्ट ज्ञान, योग्यता, अनुभव, सीप र क्षमताले अभिभूत भएको हुन्छ। मन्त्री र सचिव मिलेर समस्या समाधान गर्न, कुनै अवसर छ भने सो बाट लाभ लिन र संगठनात्मक सक्षमता बढाउने कार्य सहजै गर्न सक्दछन्। यसकारण राजनीति र प्रशासन एकअर्काका परिपूरक हुन्। मन्त्री सचिव मध्ये कसैले जब एकअर्काको काममा दखल दिन खोज्छ त्यसपछि प्रशासनमा अव्यवस्था भित्रिन पुग्छ।

वास्तवमा मन्त्रालयको सचिव मन्त्रीको र त्यसैगरि गाँउपालिका नगरपालिकाको कार्यकारी गाँउपालिका र नगरपालिकाको अध्यक्ष र मेयरको, प्रमुख सल्लाहकार हो। मन्त्री अध्यक्ष वा मेयरले नीति निर्धारण गर्छ त्यो नीति कार्यान्वयन गर्ने जिम्मेवारी सचिव वा कार्यकारीको हुन्छ। मन्त्री र सचिवको प्रशासन सञ्चालन र नीति निर्माणमा हुने घुलमिलले उनीहरूबीच स्पष्ट सीमा खिच्न पनि सकिदैन्। यसकारण मन्त्रालयको कार्यकुशलता अभिबृद्धि गर्न मन्त्री र सचिवबीच घनिष्ट संबन्ध हुनुपर्दछ। मन्त्रीले सचिवमाथि पूर्ण विश्वास गर्नुपर्दछ भने सचिवले पनि मन्त्रीको विचारलाई सम्मान र कार्यान्वयन गर्नुपर्दछ। मन्त्री व्यवस्थापिका संसदप्रति उत्तरदायी हुन्छ। यसकारण मन्त्रीलाई निर्णय गर्ने अन्तिम जिम्मेवारी आफनो हुने ज्ञान हुनुपर्दछ।

मन्त्रीले आफनो कार्यकालमा के के गर्ने हो आफैले निर्धारण गर्नुपर्दछ। यससंबन्धमा मन्त्रीले सचिवसँग उपलब्ध सूचना, डकुमेन्ट, कानूनी व्यवस्था तथा अन्तराष्ट्रिय मूल्यमान्यता बारेमा जानकारी लिनुपर्दछ। मन्त्री कमजोर छ भने उ कर्मचारीको विचार र सिद्धान्तको अगाडि झुक्न पुगेको पाईन्छ। यसकारण कर्मचारीतन्त्र शक्तिशाली, जानकार र सूचना भएको मन्त्रीभन्दा कमजोर मन्त्री मन पराउने गर्दछ। मन्त्री र सचिव एकअर्कामा निर्भर हुन्छन र पनि उनीहरूबीच असमझदारी देखापर्दछ। असमझदारीले उग्ररूप लिने पनि गर्दछ।

मन्त्री र सचिवबीचको संबन्धलाई तीन विषय क्षेत्रको कसीमा राखेर हेर्न सकिन्छ। पहिलो, मन्त्री र सचिवको साझा स्वार्थ समान भएको खण्डमा उनीहरूबीचको संबन्ध राम्रो हुन्छ। त्यस्ता साझा स्वार्थ राम्रा नराम्रा दुवै हुने गर्दछन्। दोस्रो, जब मन्त्री र सचिवबीच स्वार्थको शुन्यता रहन्छ, त्यस समयमा पनि मन्त्री र सचिवबीचको संबन्ध खराव हुदैन्। तेस्रो, मन्त्री र सचिवको स्वार्थमा वा विचारधारामा भिन्नता मन्त्री सचिवबीचको विवाद प्रारम्भ हुने विन्दु हो। यस्तो विवाद नीति निर्माण, कसैको नियुक्ति, सेवासुविधा वितरण वा बजेट निर्माण तथा कार्यक्रम र कार्यक्रम कार्यान्वयनको स्थान र मोडालिटि चयनमा हुने गर्दछ। मन्त्री र सचिवबीच विवाद वा द्वन्द्व उत्पन्न हुनुका कारणहरू देहाय बमोजिम रहेका हुन्छन्।

- मन्त्रीमा विषय क्षेत्रको ज्ञान कम र दम्भ बढी हुने गरेको पाईन्छ। मन्त्री आफु जान्दैन र सचिवले जानकारी दिन खोज्दा सिक्न पनि चाहदैन्। मन्त्री विधि, कानून, प्रचलनसँग नमिल्ने निर्णय गर्न पुग्छ।
- मन्त्री सचिवको स्वतन्त्र सल्लाहलाई कद्र गर्दैन्। परिणामत: सचिव मन्त्रीसँग खुसी हुदैन। काममा बाधा पैदा हुने गर्दछ। स्थायी सरकारको रूपमा कर्मचारी रहने भएकाले उ मन्त्री कहिले जाला भन्दै तदर्थवादमा काम गरेर बस्छ वा मन्त्री परिवर्तनको लागि लविङ गर्न थाल्दछ।
- अवसर प्रापत हुनासाथ सचिव मन्त्रीका नीतिहरूको कुटनैतिक एवं सभ्यढंगले आलोचना गर्नेगर्दछ।
- राजनीतिक अपरिपक्वता मन्त्री र सचिवबीचको संबन्ध राम्रो बनाउने संबन्धमा सवैभन्दा ठुलो बाधक बन्ने गरेकोछ।
- मन्त्री र सचिव आफनो आफनो भूमिकाभित्र बस्न सक्दैनन्। मन्त्री साना साना विषयमा सचिवको काममा हस्तक्षेप गर्न उद्यत हुन्छ भने सचिव पनि प्राप्त सबै सूचना मन्त्रीलाई उपलब्ध गराउन आवश्यक देख्दैन्।
- विभिन्न स्वार्थ समूहहरूको ईनपुटमा रमाउदै मन्त्री सचिवलाई बेवास्ता गर्न थाल्दछ। निर्णय गरेर कार्यान्वयन गर्न सचिवलाई दिन्छ। अनि विवाद पैदा हुन्छ।
- मन्त्री राम्ोसँग काम गर्न नसकेपछि कर्मचारीहरूले सहयोग गरेन भन्दै हिड्ने गर्दछ। जुन सचिवलाई पथ्य हुदैन् र संबन्ध झन झन विग्रिन पुग्दछ।

संविधानअनुसार देशको शासन सञ्चालनको जिम्मेवारी जननिर्वाचित व्यवस्थापिकाप्रति उत्तरदायी मन्त्रिपरिषदसँग हुन्छ। शासनको वागडोर जननिर्वाचित पदाधिकारीको हुने गर्दछ। शासन सञ्चालनको प्रमुख साधनको रूपमा निजामती सेवा रहेको हुन्छ। मन्त्रीहरू र निजामती कर्मचारीहरूमा एकअर्काको भूमिका बारेमा जति राम्रो जानकारी र समझदारी हुन सक्यो, शासन सञ्चालन त्यति नै सहज र राम्रो हुन्छ। सचिवसँग संबन्ध राम्रो नभएपछि मन्त्रालयको प्रगती सन्तोषजनक हुदैन्। मन्त्री र सचिव दुवैको कार्यसम्पादन क्षमतामा प्रश्न उठ्छ। दुवैको वृति विकासमा ओट लाग्न पुग्छ। यसअवस्थामा मन्त्रीका अगाडि कि त मन्त्री पदवाट राजीनामा दिने, कि त मन्त्रालय परिवर्तन गर्ने, कि त सचिवको सरूवा गर्ने जस्ता तीनवटा विकल्प रहेका हुनेछन्। सचिवको सरूवा त्यसवेला कठिन हुनेगर्दछ, जुनवेला सचिवको प्रधानमन्त्रीसँग सोझो र घनिष्ट सम्वन्ध रहेको हुन्छ।

प्रिन्सिपल एजेन्ट सिद्धान्तले मन्त्री प्रमुख र कर्मचारी सहयोगी भन्ने स्वीकार गर्दछ। मन्त्री र सचिव एकअर्काका प्रतिस्पर्धी नभएर एकअर्काका अन्तरसंवन्धित, सहयोगी र परिपूरक हुन्। मन्त्री र सचिव दुवैको सम्मान र वृति मन्त्रालयको सफलतामा टिकेको हुन्छ। यसकारण सानातिना ईगोरूपी घमण्ड छोडेर संवन्ध सुधारमा मन्त्री सचिव लाग्नुपर्दछ। मन्त्री र सचिवबीचको संबन्ध राम्रो भएन भने नीति राम्रा नबन्ने, राम्रो निर्णय नहुने र जनताले प्रभावकारी सेवा नपाउने परिस्थितिको सिर्जना हुन जान्छ। सरकारका नीति कार्यान्वयन हुन सकेन भने देशमा अराजक अवस्था पनि उत्पन्न हुन सक्छ। सरकारको आलोचना हुने र अन्ततोगोत्वा सरकार विफल हुने र आउँदो आवधिक निर्वाचनमा संवन्धित राजनीतिक दल पराजित समेत हुने गर्दछ। यसकारण मन्त्रालयको मन्त्री र सचिवले मिलेर आफनो सीमाभित्र रही आफनो आफनो काम गर्नुपर्दछ। मन्त्री र सचिवबीच आउन सक्ने व्यवधान तथा तिनको समाधान गर्न मन्त्री र सचिवले नै आफनो विचार र काम गर्ने शैली र एकअर्काप्रति गर्ने व्यवहारमा परिवर्तन गर्न आवश्यक हुन्छ। राजनीति र प्रशासनको संबन्धको विषयमा केही सुधारका क्षेत्रहरू यहाँ चर्चा गर्न सान्दर्भिक हुन्छ।

(क) मन्त्री असल नौसुखिया (लर्नर) हुनुपर्दछ। मन्त्रीले राजनीतिक अहंकार त्यागी मन्त्रालयको काम, आफनो अधिकार क्षेत्र, कानूनी व्यवस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संबन्धको विषयमा जान्न र सिक्न तत्पर हुनुपर्दछ। सचिवले पनि मन्त्रीलाई आदरपूर्वक सबै सूचना र जानकारी दिनुपर्दछ। साथै, मन्त्रीमा मूलत: सूचना लिने, आदेश दिने, सुविधा दिने, मूल्याकंन गर्ने र चेतावनी दिन सक्ने क्षमता रहनुपर्दछ। मन्त्रीमा सचिवले दिएका रायसल्लाह तथा सूचना ध्यानपूर्वक सुन्ने धैर्यता हुनुपर्दछ र निर्णय आफनो हिसावले लिन सक्ने खुवी पनि हुनुपर्दछ। साथै, मन्त्रीले सचिवसँग औपचारिकका अतिरिक्त अनौपचारिक छलफल गरि समग्र कर्मचारीतन्त्रको विषयमा, मन्त्रालयका कर्मचारीको विषयमा, सचिवका अप्ठयाराहरूको विषयहरूमा जानकारी लिई सचिवसँग हार्दिक संवन्ध विस्तार गर्नुपर्दछ।

ख) निजामती कमृचारीहरू जनताका सेवक हुन्। उनीहरूको मुख्य कर्तव्य जनप्रतिनिधित्व गर्ने सरकारलाई नीति निर्धारण गर्ने कार्यमा सहायता पुऱ्याउनु र सरकारका नीति र निर्णय अनुसार जनतालाई सेवा दिनु हो। निजामती कर्मचारीले आफ्नो जिम्मेवारी र कर्तव्य नेपाल र नेपालीको हित हुने गरी आफनो योग्यता, निष्ठा, निष्पक्षता र ईमान्दारीपूर्वक सम्पन्न गर्नुपर्दछ।

ग) निजामती कर्मचारी आफनो कर्तव्य पालानागर्दा संविधान र कानूनप्रति निष्ठावान रही दलगत राजनीतिदेखि टाढा तटस्थ रहनुपर्दछ। निर्वाचित सरकार जुनसुकै दलको भएपनि कर्मचारी सरकारप्रति वफादार रहनुपर्दछ। राजनीतिले पनि कर्मचारीको तटस्थता र निष्पक्षतामा शंका उत्पन्न हुने गरी काम गर्न कर्मचारीलाई कुनै किसिमको दवाव दिनु हुदैन्। साथै, कर्मचारीले पनि कुनै कामगर्दा आफनो व्यक्तिगत राजनीतिक विचारमा आधात पर्ला भन्ने दृष्टिकोण राखी कुनै कार्य गर्ने वा नगर्ने वा कुनै निर्णय लिने वा नलिने गर्नु हुदैन्।

घ) नीति निर्धारण गर्ने अधिकार र जिम्मेवारी मन्त्रीको हो। नीति निर्माणमा निजामती सेवाको कुनै संवैधानिक र कानूनी भूमिका रहदैन्। तर निजामती कर्मचारीले नीति निर्माणमा मन्त्रीलाई आवश्यक सूचना, निष्पक्ष सल्लाह र आफना अनुभव र विचारहरू निर्भिकतापूर्वक दिने गर्नुपर्दछ। मन्त्रीले निर्भिकतापूर्वक सूचना दिन सक्ने वातावरण बनाउनु पर्दछ। नीति निर्माणको काममा जानी जानी मन्त्रीलाई सल्लाह र सूचना नदिएको खण्डमा निजामती कर्मचारीले आफनो कर्तव्य र मर्यादा भङ्ग गरेको ठहर्दछ।

ङ) सचिवले मन्त्रीलाई विभिन्न विषयहरूमा निर्भिक भएर रायसल्लाह दिनुपर्दछ। आफनो राय सल्लाह मन्त्रीलाई अरूचिकर हुन्छ भनेर कुनै सूचना लुकाउनु हुदैन्। तर मन्त्रीले निर्णय लिईसकेपछि भने गर्भन्मेट अफ द डे को सिद्धान्त बमोजिम निर्णय स्वीकार गरी सचिवले निर्णयलाई कार्यान्वयनमा लैजानु पर्दछ। मन्त्रीलाई सहयोग नगर्नै र मन्त्रीले गरेका निर्णयहरू कार्यान्वयन नगर्ने सचिवलाई विभागीय कारवाही गर्नु पनि पर्दछ।

च) मन्त्रीले कर्मचारीहरू मन्त्रीलाई रूचिकर हुने मात्र रायसुझाव दिने भजन मण्डली हुन् भन्ने संझनु हुदैन। कर्मचारीले निर्भिक भएर दिएको यर्थाथ र सही सूचना आफनै हित हुने हुनाले अपनाउन र त्यस्ता कर्मचारीलाई सहयोग गर्नु मन्त्री पछि पर्नु हुदैन।

छ) मन्त्री र कर्मचारीको आपसी सहयोग र विश्वासमा कार्यसम्पादन क्षमता र नतिजा राम्रो हुने भएकाले निर्णय प्रक्रियामा सहभागि हुँदा प्राप्त सवै सूचना वा जानकारी मन्त्री तथा सचिव दुवैले गोप्य राख्नुपर्दछ। मन्त्रीले शपथ र निजामती कर्मचारीले त्यस्ता सुचनाहरू आफु सेवा रहे पनि नरहे पनि गोप्य राख्नुपर्ने आचार संहिताको कसम खाएको हुन्छ।

ज) निजामती कर्मचारीलाई कसैले पनि अनियमित वा कानूनले नमिल्ने काम गर्न वा नगर्न दवाव दिनु हुदैन। कसैले दवाव दिएको अवस्थामा कर्मचारीले मर्यादापूर्वक त्यस्तो दवादको प्रतिकार गर्नुपर्दछ।

झ) तटस्थ प्रशासनको नाममा सरकारका नीति योजना र कार्यक्रमहरू बर्षौं बर्षसम्म पनि कार्यान्वयन नभएका तथ्यहरूले गर्दा प्रतिबद्ध प्रशासनको खोजी राजनीतिज्ञबाट हुने गरेकोछ। निजामती सेवा राजनीतिकरूपमा तटस्थ भएपनि सरकारले गरेका निर्णयहरू कार्यान्वयन गर्न प्रतिबद्ध नै रहने भएकाले तटस्थ प्रशासनको विकल्प छैन्।

ञ) मन्त्रीहरू आफना आसेपासेहरूलाइृ पोस्न मन्त्रालयको दिन दिनको काममा सचिवमाथि हस्तक्षेप गर्न उद्यत हुने गरेको पाईन्छ। दैनिक काम मन्त्रीको होईन भन्ने कुरा मन्त्री हुनेले राम्ररी बुझेको हुनुपर्दछ। यसकारण मन्त्री र सचिवको कार्यक्षेत्रबीच कानूनत: स्पष्ट सीमा रेखा कोर्नु पर्ने हुन्छ।

ट) मन्त्रीलाई आफनो कार्यक्षेत्र, अधिकार तथा सामान्य व्यवहारसम्म पनि जानकारी भएको पाईदैन। यसकारण मन्त्री हुनेहरूलाई संवन्धित राजनीतिक दल तथा मन्त्रिपरिषदको कार्यालयले कन्सल्टटेटिभ मिटिङ गरी यथेष्ट जानकारी दिनुपर्दछ। कर्मचारीले पनि कामगर्दा मन्त्रीका अप्ठ्याराहरू बुझेर सोही अनुरूप काम गर्नु पर्ने हुन्छ।

ठ) विविधतायुक्त समाजवाट निजामती सेवामा प्रवेश गरेका कर्मचारीहरूको पृष्ठभूमि जान्न र सो अनुरूपको राजनीतिक व्यवहार गर्न पनि मन्त्री निपुण हुनुपर्दछ।

ड) सूचना सञ्चार प्रविधिले अब सूचना कर्मचारीसँग मात्र हुने अवस्था छैन्। मन्त्रीहरू कर्मचारीसँग भएको सूचनालाई महत्व नदिने र सरोकारवालाहरूसँग सूचना लिएर निर्णय गर्न उद्यत भएको देखिन्छ। सरकारका निर्णयहरूमा कर्मचारीतन्त्रको संलग्नता कम हुदै गईरहेकोछ। परिणामत: कर्मचारीहरू मन्त्रीलाई सूचना दिन र निर्णय कार्यान्वयन गर्न उदासिन भएको पाईन्छ। यर्सथ, निर्णयगर्दा मन्त्रीले मन्त्रालयको स्थापित संयन्त्र नै प्रयोग गर्नुपर्ने हुन्छ।

ढ) कर्मचारीतन्त्र आफनो विचारसँग नमिलेपछि मन्त्रीहरूले मन्त्रालयको काम गर्न कर्मचारीतन्त्रको सहयोग प्राप्त नभएको भनेर आरोप लगाउने र कर्मचारीमाथि हातपात गर्ने गरेको पाईन्छ। हिंसात्मक कार्य गर्न उद्यत राजनीतिक व्यक्तिलाई तत्काल कारवाही गरी सरकार र राजनीतिक दलले शासन प्रणालीलाई सभ्य सुसस्कृत बनाउनु पर्दछ।

ण) आधुनिक प्रशासन व्यवस्थापनमा अध्ययनशील नेतृत्वको खोजी हुनेगर्दछ। यसकारण राजनीतिज्ञ तथा कर्मचारी दुवै अध्ययनशील हुनुपर्दछ। साथै, मन्त्री सचिव दुबैलाई आध्यात्मिक ज्ञान दिनु आवश्यक उचीत हुन्छ। जस्लेगर्दा मन्त्रीको अहंकार र सचिवको तनाव कम भएर जान्छ र विवाद उठदैन्।

सारमा, विवादरहित पद्धतिको जीवन हुदैन। मन्त्री र सचिववीचको विवाद वा संघर्ष पनि एक स्वाभाविक क्रिया हो। देशको शासन सञ्चालनमा मन्त्री र सचिवबीचको विवाद अन्य विवादभन्दा अलग हुन्छ। मन्त्री र सचिव दुवैले शपथ र आचार संहिताअनुरूप विधिपूर्वक चल्ने, आचार संहिताको पालना गर्ने, नैतिकवान र ईमान्दार हुने, जनताप्रति उत्तरदायी बन्ने तथा निहित स्वार्थ परित्याग गर्ने हो भने कुनै प्रकारका द्वन्द्व आउदैन। विवाद केवल स्वार्थको उपज हो। मन्त्री र सचिबबीच ट्रष्ट र विश्वास बढाएपछि सरकार र कर्मचारीतन्त्रले उत्तरदायीरूपमा कार्यसम्पादन गर्न सक्दछ। मन्त्री र सचिवबीच देखिएको मतमतान्तरले मन्त्रालय र सरकारको प्रभावकारितासम्म असर गर्ने भएकाले प्रधानमन्त्री तथा मुख्य सचिवले मन्त्री र सचिवबीचको असमझदारी राग्लिन नपाउदै हटाउन र मिलेर काम गर्ने वातावरण सिर्जना गर्न विवादको कुशलतापूर्वक समयमा नै व्यवस्थापन गर्नुपर्दछ।

निर्वाचित सरकार जनताका अगाडि धैरै कार्य गर्ने वाचा गरेर आएको हुन्छ। राजनतिज्ञले जनतासँग गरेका वाचा र प्रतिबद्धताहरूलाई नीति, योजना र कार्यक्रममा रूपान्तरण गर्ने र कार्यान्वयन गर्ने संयन्त्र प्रशासन हो। उत्तरदायी प्रशासनले मात्र नतिजा हासिल गर्दछ र नतिजा हासिल गर्नको लागि प्रशासनलाई स्वायततताको आवश्यकता पर्दछ। स्वायतता नै सार्वजनिक प्रशासनको क्षमता प्रस्फुरणको आधार हो। राजनीति र प्रशासनको भूमिका फुकाउन नमिल्ने गरि जेलिएको हुन्छ। यसकारण राजनीति र प्रशासनबीच स्पष्ट भूमिका सहितको अन्तरनिर्भरताको परिपूरक (कम्प्लिमेन्ट्री) संबन्ध र राजनीतिले प्रशासनप्रति सम्मान प्रकट गर्ने, कार्यसम्पादनगर्दा प्रशासनले राजनीतिका अप्ठयाराहरू बुझने तथा प्रशासन आफनो जवाफदेहीताप्रति वफादार रहने अनुपूरण (रेसिप्रोकल) संबन्ध रहनुपर्दछ। आपसी सुझबुझपूर्ण संबन्धले मात्र राजनीति र प्रशासन दुबैलाई सफल बनाउँछ।

# 'देशलाई नै भावनात्मक रूपमा जोडेका छौं'

**तराई, हिमाल र पहाड, क्षेत्रीय बाहुनदेखि लिएर जनजातिसम्म, दलितदेखि लिएर सबै समुदायलाई यसले जोडेको छ। मानव भूगोलको रूपमा, बसोवासको रूपमा हिमाल, पहाड र तराईलाई हामीले जोडेका छौं। विगतका शासकहरूले त्यसलाई विभाजित गरेका थिए। हामी जोड्ने काम गर्छौं। उनीहरूले विभाजन गर्छन्, हामीले जोडेका हौं।**



## उपेन्द्र यादव

### केन्द्रीय समिति अध्यक्ष, समाजवादी पार्टी नेपाल

नेपालको राजनीतिक इतिहासमा एउटा नयाँ दृष्टिकोण, विचार र आयामका साथ दुइटा पार्टी एकीकृत भई समाजवादी पार्टी, नेपालको गठन भएको छ। समाजवादी पार्टी नेपाल गठन भइसकेपछि कतिपय साथीहरूको मनमा अब मधेश आन्दोलनको मुद्दा के हुन्छ भन्ने चिन्ता परेको छ। सामाजिक सञ्चालमा पनि कतिपयले 'फोरम' शब्द पनि छुट्यो, मधेशको मुद्दा पनि छुट्ने भयो भनेर खुशियाली पनि मनाइरहेका छन्। कतिपयले आदिवासी जनजातिको मुद्दा, दलित, शिल्पी या मुस्लिम, थारू समुदाय लगायत विभिन्न उत्पीडित वर्ग समुदायको मुद्दा ओझेलमा पर्ने भो भनेर चिन्ता पनि हुन लागेको छ।

म स्पष्टताका साथ भन्न चाहन्छु, अब ती मुद्दाहरू, विभेद र पछाडि पारिएकाहरूका मुद्दाहरू, तिनका पहिचान र न्यायका लागि लड्ने अब हिजोभन्दा अझ सशक्त पार्टी समाजवादी पार्टी, नेपाल भइसकेको छ। हिजो हामी बेग्लाबेग्लै लड्थ्यौं। केहीलाई खुशी पनि थियो कि मधेशीहरू एकातर्फ लडिरहेका छन्, आदिवासी जनजातिहरू अर्कोतिर लडिरहेका छन्, अब खसआर्यहरू आफ्नो धुनमा गइरहेका छन्। तर, अब चिन्ता उहाँहरूको सुरू भयो। खस-आर्य, आदिवासी जनजाति, मधेशी लगायत अन्य शोषित, पीडित जनताहरू सामाजिक न्याय, समानता, पहिचान, विभेदको अन्त्य र समाजवादी व्यवस्थासम्म जानका लागि सबै शक्ति एकताबद्ध भएर जान अगाडि बढिसकेका छन्।

हिजो हामी अलग-अलग पार्टीमा, अलग-अलग झण्डा बोकेर लडिरहेका थियौं। अब समाजवादी पार्टीको झण्डामुनी गोलबन्द भएर त्यो लडाई अझ सशक्त हुने भएको छ। अब तराईको जनकपुर, वीरगन्ज, लहानमा आन्दोलन भयो भने निश्चितरूपमा गोरखा चुप लागेर बस्दैन। अब आन्दोलन धनकुटा वा सोलुखुम्बुमा भयो भने वीरगन्ज सुतेर बस्दैन। अब काठमाडौंमा आन्दोलन भयो भने पूरै मुलुक एकजुट हुन्छ। अब आन्दोलनले व्यापकता लिएको छ। अब जनताका मुक्तिका चाहनाहरू पूरा हुने सम्भावना बोकेर हामी अगाडि बढिसकेका छौं। त्यसले गर्दा जो हिजो खुशी थिए, अब तिनले चिन्ता व्यक्त गर्ने हुन्। तर, हिजो जसले उत्पीडन र पीडा भोगेका थिए, आज आशा, भरोसा र हिम्मतका साथ अगाडि बढ्ने छन्। हामीले मुख्यतः मुलुकमा परिवर्तनलाई अगाडि बढाउन चाहन्छौं।

कुनै जमानामा निश्चितरूपमा नेपाली काँग्रेसको राम्रै भूमिका थियो। उहाँहरूको वैचारिक आधार जन्मकालदेखि नै संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र हो। अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेको छ। अहिले त उहाँहरूको गाडी नै बिग्रिसकेको छ, अगाडि बढ्न सकिरहेका छैन। कम्युनिष्ट पार्टीहरू, जसमा हामी पनि लामो समय लागेका थियौं, त्यो बेला हामी कम्युनिष्ट हुन लागेका थियौं। अहिले यसो फर्केर हेर्दा सबै कमाउनिष्ट भइसकेका छन्। अब कम्युनिष्ट भए पो कम्युनिष्टको कुरा गर्ने। कहिलेकाहीं साथीहरू भन्छन् कि अहिले कम्युनिष्टहरूकै बोलवाला हो, तर कम्युनिष्टहरूको होइन कमाउनिष्टहरूको बोलवाला हो। त्यहाँ विचार र सिद्धान्तबाट पदच्यूत भएर कमाउनिष्टको अवसरवादी धारमा अगाडि बढिसके। उनले भन्ने गर्छन्, यो संघीयता भन्ने कुरा त हाम्रो मुद्दै थिएन। जबर्जस्ती मधेश आन्दोलन भयो अनि हाम्रो काँधमा बोकाइदियो हो। बोकेर घिसार्‍याछ, घिसार्‍याछ। गणतन्त्र त छोडिसक्या थिए। संसारमा राजतन्त्र मान्ने कम्युनिष्टको नमूना नेपालमै थियो। संघीयता र समावेशिता कहिल्यै नीति नै उहाँहरूको थिएन। झन् यो पहिचान र समानुपातिक समावेशिता र समावेशी लोकतन्त्र भन्दा त कम्युनिष्टहरूलाई त हजार भोल्टको करेन्ट लाग्छ। तिनले अबको गतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेर विगतका आन्दोलनहरूबाट प्राप्त उपलब्धिलाई रक्षा गर्दै मुलुकलाई गतिशील रूपमा परिवर्तनको लागि अगाडि बढाउन सक्दैन।

आजकाल कम्युनिष्टका धेरै नेताहरू कम्युनिष्ट नाम त राखिहालेका छन्। कमजोर वा लुते भएपनि वीरबहादुर नाम राखेपछि उनलाई वीरैबहादुर भन्दिनुपर्ने हुन्छ। उहाँहरू भन्नुहुन्छ अब राजनीतिक आन्दोलन सकियो। अब आर्थिक परिवर्तन गर्ने अनि राजनीतिक आन्दोलन सकियो। उहाँहरूको यो कुरा एकदम सहि हो, राजनीतिक आन्दोलन सकिएकै हो। तर, कसको सक्या हो ? अब राजनीतिक आन्दोलन शोषित, पीडित जनताको अगाडि बढ्छ, उहाँहरूको सकिएको हो। अबको आन्दोलन समाजवादीहरूको अगाडि बढ्छ, कांग्रेस-कम्युनिष्टको सकिएको हो। त्यसकारणले अधिकार प्राप्तिको संघर्ष अगाडि बढाउन अब जुन शक्तिको आवश्यकता थियो मुलुकलाई त्यो शक्तिको निर्माण भइसकेको छ।

मुलुकलाई पछाडि धकेल्न खोजिँदैछ। मुलुकलाई ४६ सालतिर धकेल्न खोजिँदैछ। अब ७६ वर्षको मानिसलाई कसरी ४६ वर्षको बनाउने हो। कांग्रेसहरू पछाडि लैजान खोजिरहेका छन्। तिनले मुलुकको लोकतान्त्रिक गणतन्त्रलाई न जोगाउन सक्छ, न अगाडि बढाउन सक्छ। प्राप्त भएका अधिकारहरूलाई सुरक्षित गर्ने, संस्थागत गर्ने कार्य कांग्रेस-कम्युनिष्टबाट सम्भव छैन। त्यसकारणले यसलाई अब संरक्षित गर्ने, संस्थागत गर्ने र यसको विकास गर्ने शक्ति समाजवादी शक्ति हो।

दोस्रो, कुरा रह्यो आर्थिक समृद्धिको। कांग्रेस-कम्युनिष्टहरू सत्तामा आउनुभन्दा अगाडि यो मुलुकमा काठमाडौंमा बाँसबारी छालाको जुत्ता कारखाना थियो, हरिशिद्धि ईँटा टायल कारखाना थियो, हिमाल सिमेन्ट कारखाना थियो। विराटनगरमा जुट मिलहरू थिए, वीरगन्जमा चिनी कारखाना र कृषि औजार कारखाना थिए। हेटौंडा औद्योगिक क्षेत्र थियो, कपडाको कारखाना थियो। बुटवलमा धागो कारखाना थियो, नारायणी पारी भृकुटी कागज कारखाना थियो। थुप्रै कारखानाहरू थिए। त्यो बेला थोरै मान्छे मलेसिया, कतार जान्थे होला नभए जानुपर्ने अवस्था थिएन। ती कारखानाहरूलाई उदारीकरण र निजीकरणको नाममा कौडीको भाउमा बेचेर मुलुकको अर्थतन्त्र धरासायी गर्नेले देश बनाउन सक्दैन। त्यसले आर्थिक विकास गर्दैन। त्यो धारासायीले जनकपुर चुरोट कारखाना हरायो, त्यसले मुलुकको अर्थतन्त्र चौपट भयो।

आफ्नो देश निर्माण गर्ने उमेरका युवायुवतीहरू, जसले यो देशको कायापलट गर्न सक्छ, आज विदेशको मरूभूमिमा ज्यान गुमाएर, खुनपसिना बगाएर बस्नुपरेको छ। आज एयरपोर्टमा हेर्नुहुन्छ, दिनहुँ पाँच/सात हजार युवायुवतीहरू विदेश जाने र दिनहुँ पाँच/सात वटा शव उताबाट आउने गरेका छन्। यो देन कसको हो ? यसको जिम्मेवार को हो ? जसले ती उद्योगधन्दाहरू बन्द गरे, जसले देशको अर्थतन्त्रलाई चौपट पारे, मुलुकमा लुट, कमिशनतन्त्र र भ्रष्टाचारलाई संस्थागत गरे तिनै यसका दोषीहरू हुन्। यी भनेका को हुन् त, अहिलेका कांग्रेस-कम्युनिष्टका नेताहरू हुन्। यिनले देश बनाउन सक्दैन। धेरै मुलुक हेर्ने अवसर प्राप्त भयो, आज नेपाल जति सुन्दर ठाउँ, संसारकै आकर्षक पर्यटन क्षेत्र हिमाल, यति राम्रो जडिबुटी र कृषि उपज हुने पहाड, दुनियाँकै अति उर्बर भूमि तराई र सबै ठाउँ नदी बग्ने त्यस्तो राम्रो भौगोलिक अवस्था र सांस्कृतिक विविधता भएको सयकडौं भाषाभाषी, जातजाति, धर्म, संस्कृति रहेको देशको रूपमा मैले संसारमा देखेको छैन।

संसारको समृद्धि मुलुक बन्ने क्षमता नेपालमा छ। जलस्रोतलाई मात्र उपयोग गर्ने हो भने नेपालमा गरिबी, बेरोजगारी रहँदै रहँदैन। अरूबाट दान दक्षिणा लिएर विकास गर्छु भन्नै पर्दैन। हामीले पर्यटनलाई उपयोग गर्ने हो भने नेपाल समृद्ध मुलुकभन्दा अगाडि बढ्छ। कृषि र ह्युम्यान रिसोर्सलाई डेभलप गर्ने हो भने नेपाल संसारको समृद्ध मुलुकको दाँजोमा अगाडि बढ्न सक्छ। तर, अहिलेको अवस्था के छ भने नेपाललाई यिनीहरूले संसारको सबभन्दा दरित्र मुलुकको रूपमा पुर्‍याएको छ। संसारको दरित्रतम् मुलुकमा पुर्‍याउनेले विकास निर्माण गर्न सक्दैन। त्यसकारणले राष्ट्र निर्माण गर्ने, विकास गर्ने र समृद्धि ल्याउने कार्य अब समाजवादी पार्टीको काम हो।

त्यसैगरी अब नेपाल संघीयता प्रणालीमा अगाडि बढेको छ। साँच्चिकै यसलाई संघीय प्रणालीमा रूपान्तरण गर्नुपर्ने हो। अब नेपालमा संघीय प्रणालीलाई समाप्त पार्छु र ४७ सालको भन्दा उता फर्काउँछु भन्ने सोच राख्नेले संघीय गणतन्त्रलाई संस्थागत गर्न सक्दैनन्। जसले जबर्जस्ती मधेश आन्दोलनबाट टाउकोमा थुपारियो भनेर बुझ्छन् तिनले यसलाई संस्थागत गर्दैनन्। आज संघीय गणतन्त्रलाई कमजोर पार्ने, विकृत्तिहरू उत्पन्न गराइदिने र अन्त्यमा समाप्त पार्ने खेलहरू खेलिँदैछ। त्यसले मुलुकलाई हित गर्दैन।

नेपालको भविष्य भनेकै संघीय गणतन्त्र हो। त्यसकारण संघीयता जति बलियो हुन्छ, त्यति नै नेपाल शक्तिशाली हुन्छ। आन्तरिक एकता दह्रो हुन्छ र नेपालमा राजनीतिक स्थिरता हुन्छ। त्यसका लागि संविधान संशोधन गरेर प्रदेशहरूलाई अधिकार दिनुपर्छ। प्रदेशका मातहत स्थानीय तह रहने र प्रदेशहरूलाई साधनस्रोत, जनशक्ति र अधिकार सम्पन्न बनाउनुपर्छ। अनि मात्र संघीयता संस्थागत हुन्छ। हिजो संविधान बनाउँदा राज्य पुनर्संरचना आयोगले समेत सिफारिस गरेको र अन्य मुलुकहरूको पनि प्रचलन रहेको पहिचान र सामर्थ्यमा आधारित संघीय प्रणाली हुनुपर्छ र राज्य पुनर्संरचना गरिनुपर्छ। त्यो नगरि भौगोलिकरूपले जुन मात्र ध्यान दिइएको छ, यो गलत छ। यसलाई सच्याउनुपर्छ। अर्को, लोकतन्त्रलाई समावेशी बनाउनैपर्छ। सबै समुदायलाई सबैमा हिस्सेदार बनाउनैपर्छ।

यो एक्काइसौं शताब्दी हो। सांस्कृतिक समाजवादको युग आइसकेको छ। एउटा कल्चरल ग्रुपले अर्को कल्चरल ग्रुपलाई विभेद गर्‍यो भने त्यसले ठूलो संकट नै उत्पन्न गर्छ। इतिहासमा हामीले त्यहीं पढेका पनि छौं। त्यसले गर्दा नेपालजस्तो बहुभाषिक मुलुकमा एउटै मात्र सरकारी कामकाजी भाषा हुनसक्दैन। बहुराष्ट्रिय मुलुक देश हो यो। यसमा धेरै जातिहरू र भाषाहरू छन्। सबै भाषा र संस्कृतिलाई प्रवर्द्धन गर्नुपर्छ। बहुभाषिक र बहुजातीय नीतिलाई अँगाल्नुपर्छ। संविधानमा बहुजातीय नेपाल हो भने एकल जातीय बनाउने जुन नीति छ, यो गलत हो। विविधतामा एकतालाई, एकतालाई विविधतामा सम्बोधन गर्नु महत्वपूर्ण आयाम हो।

जब सबै जाति, भाषा, भेषभूषा, संस्कृति, समुदाय, व्यक्तिहरूको पहिचान, समावेशिता, सहभागिता सुनिश्चित गर्दै जब सामाजिक न्याय प्राप्त हुन्छ तब राष्ट्रिय एकता अत्यन्त बलियो भएर जान्छ। दुनियाँको अनुभव यही नै हो। यसका साथसाथै हामीले भनेका छौं सुशासन। अहिलेको जस्ता लोकतन्त्र, माफियातन्त्र र कमिशनतन्त्रको राज्य होइन। सुशासन, समानता, सामाजिक न्याय र नागरिक स्वतन्त्रता अत्यन्त महत्वपूर्ण पक्ष रहेको छ। यी सवालहरूको सम्मान गर्दै मुलुकलाई आर्थिकरूपले समृद्ध र सम्पन्न बनाउनुपर्छ। ताकि कुनै पनि नेपालीले नेपालमा रोजगार नपाएर खाडी मुलुकमा या विभिन्न मुलुकमा गएर खुन पसिना बनाउनु नपरोस्। कुनै पनि नेपाली नागरिकका छोराछोरी शिक्षाबाट वञ्चित हुन नपरोस्। कुनै पनि नागरिकको स्वास्थ्य उपचारबाट वञ्चित हुन नपरोस्। कुनै पनि नागरिक घरवारविहीन भएर सडकमा सुत्न नपरोस्। कुनै पनि नागरिक फलानो जातको भएकै कारणले अपहेलित र अपमानित हुन नपरोस्। कुनै पनि जातिका व्यक्तिहरू त्यो जातजातिको आधारमा होइन, उसको चेहराको रंगको आधारमा होइन, उसको वंशका आधारमा पनि होइन, उसको चरित्र, योग्यता र क्षमताको आधारमा मूल्यांकन हुनुपर्छ। उसले अवसर पाओस्। त्यस किसिमको राजनीतिक प्रणाली स्थापना गर्ने, समृद्ध नेपाल, समाजवादी नेपाल, विभेदरहित नेपाल, गरिबी-बेरोजगारीरहित नेपाल बनाउँछौं। वर्गीय उत्पीडन मात्र होइन, यो मुलुकमा वर्णको आधारमा पनि विभेद छ। वर्ग विभेद, वर्ण विभेद र लिंग विभेदरहित नेपाल निर्माण गर्ने पार्टी नेपालमा अब स्थापित भइसक्यो।

यस घडीमा सबैलाई म बधाई दिन चाहन्छ। हामी सबै मिलेर नेपालमा नयाँ युगको सूत्रपात गर्दै नयाँ परिवर्तन ल्याउने शक्तिको रूपमा हामीले समाजवादी गठन गरेका छौं। यो गठनले नेपाललाई भावनात्मकरूपमा जोड्ने काम पनि गरेको छ। तराई, हिमाल र पहाड, क्षेत्रीय बाहुनदेखि लिएर जनजातिसम्म, दलितदेखि लिएर सबै समुदायलाई यसले जोडेको छ। मानव भूगोलको रूपमा, बसोवासको रूपमा हिमाल, पहाड र तराईलाई हामीले जोडेका छौं।

विगतका शासकहरूले त्यसलाई विभाजित गरेका थिए। हामी जोड्ने काम गर्छौं। उनीहरूले विभाजन गर्छन्, हामीले जोडेका हौं। तर, विभेद र असमानता, जनजाति भएकै कारण विभेद सहनुपर्ने, महिला भएकै कारण अपमानित हुनुपर्ने, मधेशी भएकै कारणले विदेशी भनिनुपर्ने त्यस्ता मानसिकता र चिन्तनको जबसम्म अन्त्य हुँदैन, तबसम्म राष्ट्रिय एकतालाई दह्रो पार्न सकिँदैन। त्यसकारणले हामीले राष्ट्रिय एकतालाई बलियो बनाउने काम गरेका छौं। यो पार्टी आर्थिक समृद्धि, विकास र संघीय गणतन्त्रको संस्थागत, समावेशी लोकतन्त्र लगायत जातीय, वर्गीय र वर्ण व्यवस्थाका कारण उत्पन्न भएका असमानता र विभेद समेतलाई समाप्त पारी एउटा समाजवादी गणतन्त्र, समावेशी लोकतन्त्र, भएको विभेदलाई अन्त्य गरी नेपाल निर्माण दिशामा अगाडि बढ्न हामीले यो पार्टी निर्माण गरेका हौं। यसलाई यहाँसम्म पुर्‍याउने, सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु।

यो हाम्रो सुरूवात मात्रै हो। हामी आह्वान गर्छौं र केही कुराकानी पनि भएका छन् राष्ट्रिय जनता पार्टी नेपालसँग। राजपा नेपाललाई पनि आह्वान गर्छौं, आउनोस्, एकताबद्ध होऔं। राजपालगायत अरू पार्टीहरूलाई पनि आह्वान गर्छौं। एकताबद्ध होऔं र परिवर्तनको दिशामा अगाडि बढौं। अब यसो ठाउँ-ठाउँमा सानोतिनो सटर खोलेर ग्राहक आइहाल्छ कि भनेर बस्ने युग गयो। अब आउनोस्, मिलौं। एकताबद्ध भएर अगाडि बढौं भन्ने अपील म राजपा, जनमुक्ति पार्टी लगायतका पार्टीहरू जो परिवर्तन र पहिचानका पक्षमा छन्। उहाँहरूलाई पनि आह्वान गर्न चाहन्छु। समाजवादी पार्टी सबैका लागि हो। सबै मिलेर अगाडि बढौं।

***(समाजवादी पार्टी नेपाल घोषणा समारोहमा यादवले गरेको सम्बोधनको सम्पादित अंश)***

**☞ समाजवादी पार्टी नेपाल गठन भइसकेपछि कतिपय साथीहरूको मनमा अब मधेश आन्दोलनको मुद्दा के हुन्छ भन्ने चिन्ता परेको छ।**

**☞ सामाजिक सञ्चालमा पनि कतिपयले 'फोरम' शब्द पनि छुट्यो, मधेशको मुद्दा पनि छुट्ने भयो भनेर खुशियाली पनि मनाइरहेका छन्।**

**☞ अब तराईको जनकपुर, वीरगन्ज, लहानमा आन्दोलन भयो भने निश्चितरूपमा गोरखा चुप लागेर बस्दैन। अब आन्दोलन धनकुटा वा सोलुखुम्बुमा भयो भने वीरगन्ज सुतेर बस्दैन।**

**☞ कहिलेकाहीं साथीहरू भन्छन् कि अहिले कम्युनिष्टहरूकै बोलवाला हो, तर कम्युनिष्टहरूको होइन कमाउनिष्टहरूको बोलवाला हो।**

**☞ आफ्नो देश निर्माण गर्ने उमेरका युवायुवतीहरू, जसले यो देशको कायापलट गर्न सक्छ, आज विदेशको मरूभूमिमा ज्यान गुमाएर, खुनपसिना बगाएर बस्नुपरेको छ।**

**☞ सबै भाषा र संस्कृतिलाई प्रवर्द्धन गर्नुपर्छ। बहुभाषिक र बहुजातीय नीतिलाई अँगाल्नुपर्छ। संविधानमा बहुजातीय नेपाल हो भने एकल जातीय बनाउने जुन नीति छ, यो गलत हो।**

**☞ वर्ग विभेद, वर्ण विभेद र लिंग विभेदरहित नेपाल निर्माण गर्ने पार्टी नेपालमा अब स्थापित भइसक्यो।**

**☞ राजपा नेपाललाई पनि आह्वान गर्छौं, आउनोस्, एकताबद्ध होऔं। अब यसो ठाउँ-ठाउँमा सानोतिनो सटर खोलेर ग्राहक आइहाल्छ कि भनेर बस्ने युग गयो।**

# २०७६/७७ को नीति तथा कार्यक्रमको पूर्णपाठ

प्रतिनिधि सभाका सम्माननीय सभामुख,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,
सङ्घीय संसदका माननीय सदस्यहरू,

संविधान कार्यान्वयनका महत्त्वपूर्ण आधारहरू निर्माण गरी मूलतः सङ्क्रमणकाल समाप्त भई स्थायित्व विकसित भएको सुखद सन्दर्भमा आज फेरि यस गरिमामय सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुशी लागेको छ।

राष्ट्रलाई निरङ्कुश सामन्ती शासनप्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत् राज्य सञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्‍याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रूपान्तरणमा उहाँहरूले पुर्‍याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु।

गत वर्ष २०७५ जेठ ७ गते सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई मैले गरेको सम्बोधनमार्फत् सरकारको संविधान कार्यान्वयनप्रतिको प्रतिबद्धता र राजनीतिक आदर्श एवं कार्यदिशा प्रस्तुत भएको थियो। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्न आर्थिक, सामाजिक, सांस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीतिसहितको स्पष्ट राष्ट्रिय खाका निर्धारण गरिएको थियो। नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी तथ्य र तथ्याङ्कमा नतिजा ल्याउने सङ्कल्प गरिएको थियो। यिनै राष्ट्रिय कार्यभार पूरा गर्न मेरो सरकार काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ।

यस अवधिमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। नेपाली जनताको त्याग, बलिदान र लामो सङ्घर्षबाट प्राप्त भएका राजनीतिक उपलब्धिहरूलाई सफलतापूर्वक संस्थागत गरिएको छ, थप सुदृढ र समुन्नत बनाइएको छ। सबै किसिमका सङ्क्रमण अन्त्य भई शान्ति र स्थायित्व कायम भएको छ।

लोकतन्त्र हामी नेपालीको सात दशकभन्दा लामो सङ्घर्षको प्रतिफल हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्र संविधानद्वारा सुनिश्चित गरिएको प्रणाली हो। जन्मसिद्ध श्रेष्ठतालाई अस्वीकार गर्दै पूर्ण लोकतन्त्रका आधारभूत सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं। राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताप्रति सदा सजग र संवेदनशील छौं। हामी हाम्रो राष्ट्रिय एकतालाई सामाजिक न्याय, समानता, सामाजिक सद्भाव र समृद्धिले थप सुदृढ बनाउनेछौं।

राष्ट्रिय हित र स्वाभिमानको निरन्तर अभिवृद्धि गर्न सरकार कटिबद्ध छ। सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्दै बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त, शक्ति सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायालय, मानव अधिकार र मौलिक हकसम्बन्धी संवैधानिक प्रबन्धहरूको कार्यान्वयन अविचलित रूपमा गर्दैछ र गर्दै जानेछ। जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनउत्तरदायी राज्य, भ्रष्टाचारमुक्त, सभ्य र सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्न सरकार दृढ छ।

संविधान कार्यान्वयनमा सिङ्गो राष्ट्रलाई एकजुट बनाउन मेरो सरकार सफल भएको छ। संविधान कार्यान्वयन गर्ने महत्त्वपूर्ण कानुन तर्जुमा, सङ्घीय संरचना निर्माण र जनशक्ति परिचालन यसै अवधिमा सम्पन्न भएको छ। मौलिक हक सुनिश्चित गर्ने सबै १६ कानुनहरू कार्यान्वयनमा आएका छन्। संविधान कार्यान्वयन र आर्थिक सामाजिक रूपान्तरणका कानुनी आधार तयार गर्न यस अवधिमा ६१ कानुन तर्जुमा भएका छन्। संविधानको सर्वस्वीकार्यता र स्वामित्वमा अब विमति छैन।

पृथकतावाद एवं विखण्डनवादी विचार र हिंसाको राजनीति अन्त्य भएको छ। राष्ट्रिय एकता र अखण्डता सुदृढ भएको छ। द्वन्द्व होइन मैत्रीभाव, असन्तुष्टि होइन सक्रियता, फाटो होइन एकता नेपाली समाजको मूल चरित्रको रूपमा विकसित हुँदैछ। जन अभिमतलाई सम्मान गर्ने सबै राजनीतिक शक्तिहरू संविधानको प्रबन्धलाई आत्मसात् गरी राष्ट्रिय राजनीतिको मूलधारमा आबद्ध हुनु यस अवधिको असाधारण उपलब्धि हो।

राजनीतिक दलहरू राजनीतिक आदर्श र सिद्धान्तको आधारमा एकीकृत र सुदृढ हुँदै जाने सुखद स्थिति बनेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलगायतका राष्ट्रिय मुद्दाहरूमा राजनीतिक दलहरूबीच एकता, सहकार्य र विश्वासको वातावरण बनेको छ।

राष्ट्रिय हित र स्वाभिमानको संरक्षण एवं प्रवर्द्धन गर्ने तथा जनताका समस्याहरू पहिचान गरी सम्बोधन गर्ने राजनीतिक दल, दलका नेता तथा जनप्रतिनिधि नै हुन् भन्ने विश्वास बलियो हुँदै गएको छ। जनप्रतिनिधिहरूको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाइ, अनुगमन एवं जनताको सुखदुस्खमा साथ दिने गरी सशक्त हुँदैछ।

द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको प्रभावशाली प्रस्तुतिले अन्तर्राष्ट्रिय जगत्मा नेपालप्रतिको विश्वास र आकर्षण बढेको छ। छिमेकी मित्रराष्ट्रहरूबाट हाम्रा प्राथमिकताहरूमा समर्थन र सहयोग बढेको छ। नेपालको विकास प्रयासमा मित्रराष्ट्रहरू र विकास साझेदारहरूको साथ र सद्भाव वृद्धि भएको छ।

मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपतिको निमन्त्रणामा गणतन्त्र नेपालको राष्ट्रपतिको हैसियतमा पहिलोपटक हालै मैले गरेको चीनको राजकीय भ्रमणबाट दुई देशबीचको बहुआयामिक सम्बन्ध नयाँ उचाइमा पुगेको छ। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न नेपालले अघि बढाउने विकास प्रयासमा सहयोग पुर्‍याउन चीन सरकार तयार भएको छ। भ्रमणको अवसरमा दुई देशबीच व्यापार तथा पारवहन प्रोटोकललगायत अन्य ६ वटा महत्त्वपूर्ण सम्झौताहरू सम्पन्न भएका छन्।

अन्तर्राष्ट्रिय मञ्चहरूमा राष्ट्रप्रमुख तथा सरकार प्रमुखको तहबाट सम्पन्न भएका उच्चस्तरीय भ्रमण र सम्बोधनले अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको गरिमा र सम्मान अभिवृद्धि भएको छ। महिला र विकाससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन, पोल्याण्डमा सम्पन्न भएको दिगो विकास र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, कतारको भ्रमण तथा संयुक्त राष्ट्रसंघको महासभा, स्वीट्जरल्याण्डको डाभोसमा भएको विश्व आर्थिक मञ्च एवम् कोष्टारिकामा सम्पन्न भएको कार्यक्रमहरूमा नेपालले शान्ति प्रक्रिया, हिमाली पर्यावरण, दिगो विकास, महिला सशक्तीकरण र नेपालको विकासको बारेमा स्पष्ट धारणा राखेको थियो। भारत र चीनसँगको उच्चस्तरीय भ्रमणको आदानप्रदानबाट छिमेकीहरूसँगको सम्बन्ध थप सुदृढ बनेको छ। यी सबै भ्रमण र सहभागितावाट द्विपक्षीय एवं बहुपक्षीय सम्बन्ध र सहयोग विस्तारमा उल्लेखनीय उपलब्धि हासिल भएको छ।

अन्तर(प्रदेश परिषद् र अन्तर(सरकारी वित्त परिषद्जस्ता संयन्त्रहरूको क्रियाशीलताबाट संघ, प्रदेश र स्थानीय तहमा समान धारणाको विकास भएको छ। प्रदेश तथा स्थानीय तहहरूको जनसङ्ख्या, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पूर्वाधारको अवस्थासमेतका आधारमा वस्तुगत र वैज्ञानिक ढाँचा तयार गरी सन्तुलित किसिमले वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाइएको छ। देशभित्र उपलब्ध सबै प्रकारका स्रोतहरूको अद्यावधिक आँकडासहितको राष्ट्रिय तथ्याङ्क प्रोफाइलको ढाँचा तयार भएको छ।

मेरो सरकारले लिएका आर्थिक नीतिहरूको कार्यान्वयनबाट उत्साहजनक परिणाम देखिन थालेको छ। पछिल्ला दुई वर्ष औसत ६ प्रतिशतभन्दा माथिको र यस वर्ष ७ प्रतिशतको आर्थिक वृद्धि भएकाले दोहोरो अङ्कको आर्थिक वृद्धिको आधार तयार भएको छ। राष्ट्रिय बचत २७ प्रतिशतले वृद्धि भई मुलुकभित्र पूँजी निर्माणको बलियो आधार तयार भएको छ।

सरकारले २०७५ चैतमा आयोजना गरेको लगानी सम्मेलनमा विभिन्न क्षेत्रका परियोजनामा लगानी गर्ने समझदारी हुनुले नेपाल महत्त्वपूर्ण लगानी गन्तव्य भएको सन्देश प्रवाहित भएको छ। पूर्वाधार सम्मेलन र ज्ञान सम्मेलन आयोजना गरी निजी क्षेत्रसँगको सहकार्य र उद्यमशीलता प्रवर्द्धन गरिएको छ।

सार्वजनिक प्रशासनलाई विकासमैत्री बनाउन सुरू गरिएको छ। विगतका राम्रा प्रयासहरूलाई निरन्तरता दिइएको छ। अनावश्यक खर्चमा कटौती गरी मितव्ययिता कायम गरिएको छ। अर्थतन्त्रलाई गतिशील बनाइएको छ। सरकार र निजी क्षेत्रबीच समन्वय, तथ्य र प्रमाणमा आधारित नीति निर्माण र विकास आयोजनामा देखिएका समस्या तत्काल समाधान गरी समयमै सम्पन्न हुने सुनिश्चित गर्न उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्, नीति अनुसन्धान प्रतिष्ठान र आयोजना सहजीकरण समन्वय समितिजस्ता संयन्त्रहरू गठन गरी क्रियाशील बनाइएको छ।

विकास सम्भव छ र हाम्रै पालामा सम्भव छ भन्ने विश्वास मजबुत हुँदै गएको छ। नेपालका नदीहरूमा स्टिमर चल्न थालेको छ। समुद्र र जलमार्गमा नेपालको झण्डासहितको पानीजहाज सञ्चालनमा आउने, नेपालभित्रै रेलबाट यात्रा गर्न सकिने, पहाडहरूमा सुरूङ निर्माण गरी सडकको दूरी छोट्याउने, सिँचाइ सुविधा नभएका स्थानमा पानीको स्रोत भएका स्थानबाट सुरूङको माध्यमबाट पानी ल्याउने र आफ्नै स्याटेलाइटमार्फत् सूचना प्राप्त हुनेजस्ता विकासका सोचहरू यथार्थमा परिणत हुँदैछन्। यसबाट हामी विकास गर्नसक्छौं भन्ने आत्मविश्वास बढेको छ।

जनताको सुखदुःखमा सरकार घरदैलोमा पुगेको छ। मुगुको दुर्गम खत्याडमा प्रसव पीडामा रहेकी महिलालाई उद्धार गर्न सरकार हेलिकोप्टर लिएर पुगेको छ। हावाहुरीपीडित जनताका लागि आवास निर्माणको योजना लिएर सरकार बारा र पर्सा पुगेको छ। जोखिमपूर्ण ढङ्गले महाकाली नदी वारपार गरिरहेका दार्चुलावासीका लागि झोलुङ्गे पुल लिएर सरकार धौलाकोट पुगेको छ। तुइनमा जोखिमपूर्ण आवागमन गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्न झोलुङ्गे पुल लिएर सरकार खोला खोलामा पुगेको छ।

यस वर्ष भूकम्पपछिको पुनर्निर्माण कार्यमा उल्लेखनीय प्रगति भएको छ।

अनुसन्धान, आविष्कार तथा नवप्रवर्तनका लागि संरचना निर्माण, प्रविधि तथा पूँजीको खोजी, प्रतिभाहरूको पहिचान, परिचालन र प्रवर्द्धन गर्न सुरू गरिएको छ।

नेपालले भौतिक पूर्वाधारको विस्तार र गुणस्तरमा फड्को मारेको छ। एक वर्षको अवधिमा १ हजार ६ सय किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएको छ। पूर्व-पश्चिम राजमार्गको नारायणघाट-बुटवल खण्ड चार लेनमा विस्तार गर्ने कार्य सुरू भएको छ। यही आर्थिक वर्षको अन्त्यसम्ममा थप ३ सय पुलहरूको निर्माण कार्य सम्पन्न हुनेछ। मित्रराष्ट्र चीन र भारतसँगको सहकार्यमा दुवै छिमेकी मुलुकहरू जोड्ने रेलमार्ग निर्माणको लागि प्राविधिक अध्ययन सम्पन्न भएको छ।

निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ७५ प्रतिशत र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ४० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक २१ घण्टा सञ्चालन हुन थालेको छ। विभिन्न सात आन्तरिक विमानस्थलहरूबाट रात्रिकालीन उडान सुरू गरिएको छ। बन्द अवस्थामा रहेका पाँच आन्तरिक विमानस्थलहरू सञ्चालनमा ल्याइएको छ।

एक वर्षको अवधिमा प्रतिव्यक्ति विद्युत् खपत ९० किलोवाट घण्टाले वृद्धि भएको छ। यस वर्षको अन्त्यसम्ममा थप २ सय ८७ मेगावाट विद्युत् उपलब्ध हुनेछ। नौ सय मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् आयोजनाको शिलान्यास गरिएको छ। प्रसारण लाइनको लम्बाइ ४ हजार २ सय ६ किलोमिटर पुगेको छ। भारत, चीन र बङ्गलादेशसँग गरिएको ऊर्जा व्यापार सम्झौताले नेपालमा उत्पादित विद्युत् निर्यातका लागि अन्तर्राष्ट्रिय बजार उपलब्ध भएको छ। निश्शुल्क विद्युत् मिटर उपलब्ध गराई विपन्न उपभोक्ताहरूलाई राष्ट्रिय विद्युत् प्रणालीमा आबद्ध गरिएको छ।

भारतको साहेबगञ्ज र कालुघाटसम्म विस्तार भएको आन्तरिक जलमार्ग सञ्जाल नेपालले समेत प्रयोग गर्ने गरी प्रारम्भिक कार्यहरू सम्पन्न भएका छन्। यी जलमार्गहरूलाई नेपालको कोसी र गण्डकी नदी प्रणालीसम्म विस्तार गरी नेपालको आफ्नै पानीजहाज चलाउने सम्भाव्यताका सम्बन्धमा प्राविधिक अध्ययन सम्पन्न गरिएको छ। चीनको समुद्री र सुक्खा बन्दरगाह प्रयोग गरी विश्व बजारमा व्यापार विस्तार गर्न थप ढोका खुलेको छ।

जनता आवास कार्यक्रमअन्तर्गत यस आर्थिक वर्षमा ८ हजार आवास एकाइ निर्माण गरी विपन्न जनतालाई आवास सुविधा उपलब्ध गराइएको छ।

विद्यालय बाहिर रहेका बालबालिकामध्ये ८१ प्रतिशत बालबालिका विद्यालय भर्ना भएका छन्। देशभरका ४ सय ५७ स्थानीय तहहरूमा कम्तीमा एक प्राविधिक विद्यालय स्थापना भएका छन्। हालसम्म ५ हजार ४ सय ३१ वडाहरूबाट प्राथमिक स्वास्थ्य सेवा सुचारू भएको छ। स्वास्थ्य बिमा कार्यक्रम ४२ जिल्लामा विस्तार गरी १६ लाख नेपालीको स्वास्थ्य बिमा गरिसकिएको छ।

प्रमुख खाद्यान्न बालीहरूको उत्पादनमा १० प्रतिशतले वृद्धि भएको छ। कुल सिँचाइयोग्य भूमिमध्ये ८१ प्रतिशत भूभागमा सिँचाइ सुविधा पुर्‍याइएको छ। निर्धारित समयअगावै भेरी(बबई डाइभर्सन आयोजनाको सुरूङ निर्माण कार्य सम्पन्न भएको छ।

भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएको छ। सिमरामा विशेष आर्थिक क्षेत्रभित्र निर्माणाधीन गार्मेण्ट प्रशोधन केन्द्रको निर्माण कार्य निर्धारित अवधिभन्दा ६ महिनाअगावै सम्पन्न हुने निश्चित भएको छ। भूकम्पपछि बन्द भएको तातोपानी नाका र सुक्खा बन्दरगाह यसै वर्षदेखि सञ्चालनमा आउने निश्चित भएको छ।

सम्पूर्ण सरकारी सेवाहरूलाई सूचना प्रविधिमा आबद्ध गर्ने गरी डिजिटल नेपाल फ्रेमवर्क तयार भएको छ। कृषि, शिक्षा, स्वास्थ्य, ऊर्जा, पर्यटन, वित्तीय प्रणाली, राष्ट्रिय परिचयपत्र र सामाजिक सुरक्षालगायतका सूचनाहरू एकीकृत रूपमा प्राप्त हुने प्रणाली विकास गरिएको छ। सूचना प्रविधिको प्रयोगबाट योजना र कार्यक्रमको तत्क्षण प्रत्यक्ष अनुगमन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको छ।

स्वदेशभित्रै रोजगारीका अवसरहरू व्यापक रूपमा सिर्जना गर्ने लक्ष्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याई सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिएको छ। नेपाली श्रमिकहरूको हित अनुकूल हुने गरी मलेसिया र जापानसँग श्रम सम्झौता भएको छ।

एकीकृत सामाजिक सुरक्षा योजना लागु गरी सबै नेपालीलाई सामाजिक संरक्षणको दायरामा ल्याइएको छ। ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रममार्फत् देशभरका ज्येष्ठ नागरिकहरूको निश्शुल्क स्वास्थ्य बिमा गर्न सुरू गरिएको छ।

नेपाल अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यको रूपमा स्थापित हुँदै गएको छ। पर्यटक आगमनमा ३३ प्रतिशतले वृद्धि भएको छ। हिमशिखर सफाइ अभियान सुरू गरिएको छ।

राष्ट्रिय सुरक्षा नीति स्वीकृत भएको छ। सुरक्षा निकायहरूलाई उच्च मनोबलका साथ परिचालन गरिएको छ।

मेरो सरकारले शासकीय स्वच्छता अभियान सञ्चालन गरेको छ। भ्रष्टाचार, तस्करी, राजस्व छली तथा चुहावट र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दायर गरिएको छ। सुन तस्करी, मूल्य अभिवृद्धि करका नक्कली बिलको प्रयोग, हुण्डी कारोबारजस्ता वित्तीय अपराधमा संलग्नलाई कानुनी दायरामा ल्याइएको छ।

परम्परागत कार्यसंस्कृति, कानुनी जटिलता र कमजोर जवाफदेहितालगायतका कारणहरूले आयोजनाहरू समयमै सम्पन्न गर्ने, भ्रष्टाचार निर्मूल गर्ने, सरकारी सेवा प्रवाहमा आमूल परिवर्तन गर्ने, सुशासन कायम गर्ने र पूँजीगत खर्च वृद्धि गर्ने विषयहरूमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन। सरकार यी क्षेत्रमा सुधार गर्नका लागि योजनाबद्ध ढङ्गले अघि बढ्नेछ।

यस वर्षका हाम्रा उपलब्धिहरू उत्साहवर्धक छन्। सरकारले लिएका नीतिहरूको कार्यान्वयनबाट सङ्घीयता, सुशासन र समृद्धिका आधारहरू तयार भएका छन्। हरेक दिन एक कदम अगाडि बढ्ने सरकारको दृष्टिकोण र शैलीका कारण सम्पूर्ण नेपालीमा उत्साहको सञ्चार भएको छ।

आफ्नो कार्यकालको पहिलो वर्षलाई समृद्धिको इतिहास रच्ने आधार वर्ष बनाउन मेरो सरकार सफल भएको छ। यस कार्यमा सरकारलाई सहयोग पुर्‍याउनुहुने सम्पूर्ण देशबासी दिदीबहिनी तथा दाजुभाइ, राजनीतिक दल, निजी क्षेत्र र अन्य सरोकारवालाहरू धन्यवादका पात्र हुनुहुन्छ।

अब सरकार सबैसँग सहकार्य गर्दै सबै क्षेत्रमा तीव्र गतिमा उत्कृष्ट उपलब्धिहरू हासिल गर्दै समृद्धिको यात्रामा अघि बढ्नेछ। आगामी आर्थिक वर्ष इतिहासकै तीव्र विकासको वर्ष हुनेछ। यस राष्ट्रिय अभियानमा सबै राजनीतिक दल र सरोकारवालाहरूको साथ र सहकार्यको लागि आह्वान गर्दछु।

माननीय सदस्यहरू,

समृद्धिको इतिहास रच्ने आधार वर्षमा हासिल गरिएका उपलब्धिहरूको जगमा नेपालको संविधान, पन्ध्रौं योजना र जनतासमक्ष गरिएका प्रतिबद्धताहरूलाई केन्द्रमा राखी मेरो सरकारले आगामी आर्थिक वर्ष २०७६/७७को नीति तथा कार्यक्रमहरू प्रस्ताव गरेको छ। यी नीति तथा कार्यक्रमहरू समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नेतर्फ केन्द्रित छन्।

यस नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, राष्ट्रिय सम्पत्ति सिर्जना, असमानता र गरिबी न्यूनीकरण, दिगो विकास र पर्यावरणीय संरक्षण, शान्ति, सद्भाव, सुव्यवस्था र विधिको शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ।

नेपालको संविधानको कार्यान्वयन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लाभ आम नेपालीलाई महसुस हुने गरी उपलब्ध गराउन सरकार प्रतिबद्ध छ।

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर(सम्बन्धलाई समन्वय, पारस्परिक सहयोग र सहकार्यका आधारमा व्यवस्थित गरिनेछ। अन्तर-प्रदेश परिषद्, प्रदेश समन्वय परिषद् र अन्तर(सरकारी वित्त परिषद्जस्ता संरचनाहरूलाई सुदृढ र सक्रिय बनाइनेछ। साझा अधिकार सूचीमा रहेका अधिकारहरूको प्रयोगमा कार्यगत स्पष्टता ल्याई पारस्परिक सम्बन्धका आधारमा संघ, प्रदेश र स्थानीय तहबाट हुने कार्यलाई व्यवस्थित गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचनालाई कार्यमूलक बनाउन आवश्यक जनशक्ति परिचालन गरिनेछ। आवश्यकता र सामर्थ्यको विश्लेषण गरी नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक बनाइनेछ।

आमनागरिकको देशप्रति सम्मानभाव तथा अपनत्व सिर्जना हुने गरी समतामूलक प्रादेशिक विकास रणनीति अवलम्बन गरिनेछ। प्रदेश र स्थानीय तहहरूको सम्भावनाका आधारमा विशिष्ट पहिचानसहितको विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। एक प्रदेश वा एक स्थानीय तहले अवलम्बन गरेका विकासका असल अभ्यास अर्को प्रदेश वा स्थानीय तहले अनुकरण गर्ने र आपसमा स्वस्थ प्रतिस्पर्धात्मक विकासका अभियान सञ्चालन गर्न प्रदेश तथा स्थानीय तहहरूलाई उत्प्रेरित गरिनेछ। प्रदेश र स्थानीय तहको क्षमता विकास गरिनेछ। जिल्ला समन्वय समितिको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाइनेछ।

माननीय सदस्यहरू,

आगामी पच्चिस वर्षको दीर्घकालीन सोचसहित २०७६ साउनदेखि पन्ध्रौं योजना कार्यान्वयन गरिनेछ। क्षेत्रगत कार्यक्रमहरूलाई दिगो विकासका लक्ष्यहरूसँग आबद्ध गरिनेछ। सन् २०३० अगावै दिगो विकासका लक्ष्यहरू हासिल गरी मध्यमस्तरीय आय भएको मुलुक बन्ने, विक्रम सम्वत् २१०० सम्ममा उच्च मध्यमस्तरीय आय भएको सभ्य, सुसंस्कृत र विकसित मुलुक बनाउने अठोट प्रस्तावित नीति तथा कार्यक्रमले गरेको छ।

लगातार तीन वर्षदेखिको आर्थिक वृद्धिदरको उत्साहजनक प्रवृत्तिलाई थप उन्नत बनाउँदै आगामी चार वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गरिनेछ। फराकिलो आधारसहितको उच्च आर्थिक वृद्धिदर हासिल गर्न स्रोत र साधनको दक्षतापूर्ण प्रयोग गरिनेछ। राष्ट्रिय बचत क्षमता अभिवृद्धि गरिनेछ। सरकारी लगानी अर्थतन्त्रका प्रमुख संवाहक क्षेत्रमा प्राथमिकताका साथ केन्द्रित गरिनेछ। निजी तथा सहकारी लगानीलाई यिनै क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ। सरकारको तर्फबाट ठूला आयोजनाहरू प्रवर्द्धन गरी नागरिकको लगानी आह्वान गरिनेछ।

पूर्वाधारका महत्त्वपूर्ण आयोजनाहरू समयमै सम्पन्न गरी आर्थिक वृद्धिको सुदृढ आधार तयार गर्ने मेरो सरकारको नीति रहेको छ। स्रोत, साधन, जनशक्ति परिचालन र अनुगमनको विशेष व्यवस्था गरी लामो समयदेखि अधुरो रहेका राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित समयभित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको बाँकी कार्य सम्पन्न गरी सन् २०१९ भित्रै सञ्चालनमा ल्याइनेछ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन् २०२१ को सुरूदेखि सञ्चालन गर्ने गरी निर्माण कार्यमा तीव्रता दिइनेछ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य शीघ्र प्रारम्भ गरिनेछ।

आगामी आर्थिक वर्षभित्रै माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी ४ सय ५६ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ। बूढीगण्डकी जलविद्युत् आयोजना अघि बढाइनेछ।

आगामी आर्थिक वर्षभित्र मेलम्ची खानेपानी आयोजना सम्पन्न गरिनेछ।

भेरी(बबई डाइभर्सन आयोजनाको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गरिनेछ। यस आयोजनाबाट सिँचाइ क्षेत्र विस्तार हुनुका साथै ४६ दशमलव ८ मेगावाट विद्युत् उत्पादन हुनेछ। सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहरको समस्याग्रस्त खण्ड मर्मत गरी यथाशीघ्र सञ्चालनमा ल्याइनेछ। आयोजनाको सम्पूर्ण कार्य चार वर्षभित्र सम्पन्न गरिनेछ। रानी जमरा कुलरिया सिँचाइ आयोजनाको पहिलो चरणबाट सिँचाइ सुविधा उपलब्ध गराइनेछ।

आगामी चार वर्षभित्र मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, काठमाडौं(निजगढ द्रुतमार्ग र हुलाकी राजमार्गको निर्माण कार्य सम्पन्न गरिनेछ। उत्तर दक्षिण लोकमार्गका कालीगण्डकी कोरिडोरको जोमसोम(कोरला खण्डलाई बाह्रै महिना सवारी साधन सञ्चालन हुने गरी स्तरोन्नति गरिनेछ। कोसी र कर्णाली कोरिडोरको सबै खण्डको ट्र्याक खोल्ने कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ।

आगामी वर्ष पूर्व(पश्चिम विद्युतीय रेलमार्ग निर्माण कार्य सुरू गरिनेछ।

माननीय सदस्यहरू,

राष्ट्रिय लक्ष्यप्राप्तिमा सम्पूर्ण नेपालीलाई समाहित गरी न्यायपूर्ण सामाजिक(आर्थिक विकास गर्ने मेरो सरकारले रूपान्तरणकारी नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नेछ।

निर्माण, उत्पादनमूलक उद्योग र सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन र सार्वजनिक तथा निजी क्षेत्रबाट हुने क्रियाकलापबाट आगामी वर्ष थप ५ लाख रोजगारी सिर्जना गरिनेछ।

व्यवसाय गर्ने लागत उल्लेख्य रूपमा कम गर्न व्यवसायको दर्ता सहज बनाइनेछ, सञ्चालन प्रक्रिया सरल बनाइनेछ, कर्जा परिचालन मितव्ययी बनाइनेछ, आवश्यक पूर्वाधार निर्माण गरिनेछ, जग्गा प्राप्ति प्रक्रियालाई छिटो र सरल बनाइनेछ, कर भुक्तानी लागत घटाइनेछ, विवाद निरूपण प्रणालीमा सुधार गरिनेछ।

उत्पादक र उपभोक्ताबीचको मध्यस्थकर्ता व्यवस्थापन, प्रतिस्पर्धी ब्याजदर तथा ढुवानी लागत, श्रम कानुनको परिपालना, उत्पादन अवरोध न्यूनीकरण र आवश्यक पूर्वाधारको व्यवस्था गरी उत्पादन लागत कम गरिनेछ।

आगामी जेठ १ गतेदेखि एकल बिन्दु सेवा केन्द्र स्थापना गरी लगानीकर्ताका लागि आवश्यक सबै सेवा छिटोछरितो रूपमा एकै स्थानबाट उपलब्ध गराइनेछ।

मेरो सरकार औद्योगिकीकरणका लागि प्राथमिकताका साथ काम गरिरहेको छ। राष्ट्रिय आवश्यकता परिपूर्ति, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, राष्ट्रिय उत्पादन वृद्धि र रोजगारी सिर्जनामा योगदान गर्ने गरी मुलुकलाई औद्योगिकीकरण गरिनेछ। अत्याधुनिक प्रविधि र उत्कृष्ट उत्पादनको नीति लिइनेछ।

आगामी आर्थिक वर्षमा सातै प्रदेशमा औद्योगिक क्षेत्रहरूको निर्माण सुरू गरिनेछ। आगामी चार वर्षभित्र सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरी सञ्चालनमा ल्याइनेछ। निर्यातमूलक उद्योग स्थापनाका लागि विशेष आर्थिक क्षेत्र र अन्तरदेशीय आर्थिक क्षेत्र स्थापना एवं विस्तार गरिनेछ।

सरकारले आगामी आर्थिक वर्षदेखि नवलपरासीको धौबादीमा रहेको फलाम खानीबाट व्यावसायिक उत्पादन सुरू गर्नेछ। दैलेखको पेट्रोलियम, जाजरकोटको बहुमूल्य पत्थर र तामा, पर्वत र तनहुँको फलाम र मुस्ताङको युरेनियम खानी तथा सम्भाव्य स्थानमा सुन खानी उत्खननका लागि आगामी वर्ष अध्ययन कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। बहुमूल्य पत्थरको प्रशोधन कारखाना स्थापना गरिनेछ। प्रशोधित बहुमूल्य पत्थरको निकासी प्रवर्द्धन गरिनेछ।

नेपाली उत्पादनको विशिष्ट पहिचान र गुणस्तर कायम हुने गरी ब्राण्डिङ गरिनेछ। सिमेन्टलाई प्रमुख निर्यातयोग्य वस्तुको रूपमा विकास गरिनेछ।

बीस लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सन् २०२० मा नेपाल भ्रमण वर्ष अभियान सञ्चालन गरिनेछ। काठमाडौं उपत्यकाभित्रको मौलिक संस्कृति, परम्परा, संगीतको प्रवर्द्धन गर्न रात्रिकालीन काठमाडौं उपत्यका सम्पदा यात्रा कार्यक्रम सञ्चालन गरिनेछ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल चौबीसै घण्टा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। मौलिक परम्परा र संस्कृति झल्कने गरी यो विमानस्थललाई बुटिक अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा रूपान्तरण गरिनेछ। उपत्यका नजिकको उपयुक्त स्थानमा आन्तरिक विमानस्थल निर्माण गरिनेछ।

हाल सञ्चालनमा रहेका आन्तरिक विमानस्थलहरूलाई ठूला विमानहरू उडान र अवतरण गर्नसक्ने गरी विकास गरिनेछ। राष्ट्रिय राजमार्गका उपयुक्त खण्डहरूलाई आपत्कालीन विमान उडान र अवतरण गर्नसक्ने धावनमार्गको रूपमा विस्तार गरिनेछ।

तेह्रथुमको चुहानडाँडालगायत हवाई सुविधा नपुगेका सम्भाव्य स्थानमा विमानस्थल निर्माण गरिनेछ। रात्रि उडानको सुविधा नभएका आन्तरिक विमानस्थलहरूमा पूर्वाधार निर्माण गरी रात्रिकालीन उडान सुरू गरिनेछ।

कृषिको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिइनेछ। व्यावसायिक सामूहिक, सहकारी र करार खेतीमा युवाहरूलाई प्रोत्साहित गरिनेछ।

सदुपयोगको सिद्धान्तबमोजिम सबै प्रकारका जमिनको पूर्ण उपयोग गर्दै माटो र मौसम अनुकूल खेती प्रणाली विकास गरिनेछ। नदी किनारका जमिन, राजमार्गका सडक किनारा तथा खेतबारीका कान्लाहरूमा फलफूलका खेती गरी फलफूलको उत्पादन बढाइनेछ। विश्वविद्यालय, विद्यालयलगायत सार्वजनिक निकायमा प्रयोगविहीन अवस्थामा रहेका जमिन उपयोगमा ल्याइनेछ।

बाँझो निजी जमिन, सार्वजनिक खुला क्षेत्र तथा खोला किनारामा किम्बु, रेसम, सूर्यमुखी, सजिवन, कपास, कागती, इस्कुस र घाँसलगायतका खेती गर्न सर्वसाधारण व्यक्ति तथा समूहलाई प्रोत्साहन गरिनेछ।

कृषि तथा पशुपन्छीजन्य प्रमुख खाद्यवस्तुहरूको उत्पादनमा तीव्र वृद्धि गर्दै मुलुकलाई आत्मनिर्भर बनाइनेछ। उच्च मूल्यका नगदे र बेमौसमी बाली उत्पादन गरी निकासी गरिनेछ।

सिँचित कृषि क्षेत्रको अभिवृद्धि, नेपालको समृद्धि भन्ने मूल नाराका साथ आगामी पन्ध्रौं योजना अवधिभित्र कुल कृषियोग्य भूमिको ९० प्रतिशत भूभागमा सिँचाइ सुविधा उपलब्ध हुने गरी पूर्वाधारहरू तयार गरिनेछ। बारीका पाटा र खेतका गरा, हुन्छन् सबै हराभरा भन्ने नाराका साथ पहाडी क्षेत्रका नदी छेउछाउका कृषियोग्य जमिनमा सौर्य ऊर्जासमेत उपयोग गरी लिफ्ट सिँचाइ प्रणाली विकास गरिनेछ। प्रदेश तथा स्थानीय तहको सहभागितामा तराई-मधेशका कृषियोग्य पकेट क्षेत्रहरूमा सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ सुविधा उपलब्ध गराइनेछ।

सुनकोसी-मरिन डाइभर्सन आयोजनाको निर्माण कार्य आगामी आर्थिक वर्षमा सुरू गरिनेछ। आगामी आर्थिक वर्षमा माडी-दाङ डाइभर्सन आयोजनाको अध्ययन सम्पन्न गरी दुई वर्षभित्र निर्माण सुरू गरिनेछ। कालीगण्डकी-तिनाउ र तमोर-चिसाङ डाइभर्सन आयोजनाको अध्ययन कार्य सम्पन्न गरी सम्भाव्यताका आधारमा निर्माण कार्य सुरू गरिनेछ। कन्काई बहुउद्देश्यीय जलाशययुक्त आयोजनाको अध्ययन कार्य सम्पन्न गरी निर्माण गरिनेछ। नारायणी लिफ्ट सिँचाइ प्रणालीलाई पुनर्स्थापना र स्तरोन्नति गरी सञ्चालनमा ल्याइनेछ।

मानव बस्ती, कृषियोग्य जमिन र अन्य राष्ट्रिय महत्त्वका स्रोत र सम्पदालाई क्षति हुनबाट बचाउन कोसी, त्रियुगा, कमला, नारायणी र कर्णालीलगायतका नदी किनारमा तटबन्ध निर्माण गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ। नदीप्रणाली व्यवस्थित गर्दा उपलब्ध हुने नदी उकास जमिनलाई उत्पादनशील ढङ्गले प्रयोग गरिनेछ।

बहुउपयोगी वन र ब्लक फरेष्ट विस्तार एवं वैज्ञानिक वन व्यवस्थापन गरी वन संरक्षण तथा वनस्रोतको दिगो उपयोग गरिनेछ। आगामी आर्थिक वर्षलाई वृक्षारोपण वर्ष घोषणा गरी काष्ठ, गैरकाष्ठ तथा फलफूलका बिरूवा रोपण गरिनेछ। जडिबूटीलगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ। नदीप्रणाली र जलाधारमा आधारित वन व्यवस्थापन गर्दै माथिल्लो तटीय क्षेत्रमा बायो(इन्जिनियरिङसहितको फलफूल खेती, भावर र भित्री मधेशमा कृषि वन र तराईमा व्यापक वृक्षारोपणसहितको वन विकास कार्यक्रम सञ्चालन गरिनेछ।

सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्त्वपूर्ण स्तम्भको रूपमा विकास गरिनेछ। सहकारीलाई उद्यमशीलता विकास र कृषिको आधुनिकीकरणमा परिचालन गरिनेछ। सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

उच्च पहाडी भूभागका उपयुक्त स्थानमा ठूला पोखरीहरू निर्माण गरिनेछ। पोखरीको पानी उपयोग गरी उच्च प्रविधिमा आधारित थोपा सिँचाइ प्रणाली सञ्चालन गरिनेछ।

मेरो सरकारले वैज्ञानिक भूमिसुधारका माध्यमबाट भूमि व्यवस्थापनमा रहेका समस्याहरूलाई समाधान गर्नेछ। भूमिलाई क्षमता र उपयुक्तताको आधारमा वर्गीकरण गरिनेछ। भूमिको उपयोग भू(उपयोग योजनाको आधारमा मात्र गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्प्रेरित गरिनेछ।

चुरे तथा भित्री मधेशका उपत्यकाहरूलाई आर्थिक तथा औद्योगिक कोरिडोरको रूपमा विकास गर्न झापाको शान्तिनगरदेखि डडेलधुराको रूपालसम्म निर्माणाधीन मदन भण्डारी राजमार्गको निर्माण कार्यलाई तीव्रता दिइनेछ।

रणनीतिक महत्त्वका सडकहरू र आर्थिक केन्द्र जोड्ने सडकहरूको निर्माण तथा स्तरोन्नति कार्यलाई तीव्रता दिइनेछ। पूर्व-पश्चिम राजमार्गको विभिन्न खण्डहरूको विस्तार चार वर्षभित्र गरिनेछ।

सडक सुरक्षा पर्खालसहितका रोड फर्निचर्स निर्माण गरी सबै सडकहरूलाई सुरक्षित बनाइनेछ। सरकारले निर्माण गर्ने सबै सडक कम्तीमा दुई लेनको हुनेछ। मौजुदा तथा निर्माणाधीन सडकमा सुरूङ प्रविधि प्रयोग गरी सडकको दूरी र लागत घटाइनेछ। आगामी आर्थिक वर्षभित्र हुम्ला र डोल्पा जिल्ला सदरमुकामसम्म सडक पुर्‍याई सबै ७७ जिल्ला सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा आबद्ध गरिनेछ। चार वर्षभित्र सम्पूर्ण स्थानीय तहका केन्द्रलाई कालोपत्रे सडकले जोडिनेछ।

काठमाडौंलाई भारत र चीन दुवैतर्फ रेलमार्गले जोड्ने वीरगञ्ज-काठमाडौं र रसुवागढी-काठमाडौं रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरी दुई वर्षभित्र निर्माण कार्य सुरू गरिनेछ।

जयनगर(बिजलपुरा र भारतको बथनाहादेखि विराटनगरसम्म आगामी आर्थिक वर्षभित्रै रेल सेवा सञ्चालन गरिनेछ। बिजलपुरा-बर्दिबास खण्डको रेलमार्ग निर्माण कार्य सम्पन्न गरिनेछ।

नेपालीको आफ्नै पानीजहाजमा यात्रा गर्ने चाहना छिट्टै पूरा हुने अवस्थामा पुगेको छ। पानीजहाज कार्यालय स्थापना भई पानीजहाज सञ्चालनका लागि आवश्यक नीतिगत, कानुनी र अन्य पूर्वाधार तयारी भइरहेको छ। जलमार्ग र समुद्रमा नेपाली झण्डा भएको पानीजहाज सञ्चालनमा ल्याइनेछ।

नेपालको पानी जनताको लगानी अभियानबाट आम नेपालीको स्वामित्व हुने गरी विद्युत् उत्पादनमा लगानी जुटाई करिब ३ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गरिनेछ।

निर्माणाधीन आयोजनाहरू सम्पन्न गरी आगामी वर्ष १ हजार मेगावाट विद्युत् थप गरिनेछ। प्रतिव्यक्ति विद्युत् खपत आगामी पाँच वर्षभित्र ७ सय किलोवाट घण्टा पुर्‍याइनेछ। आगामी चार वर्षभित्र सबैका लागि स्वच्छ ऊर्जा पहुँच पुर्‍याइनेछ। उज्यालो नेपाल अभियानअन्तर्गत सबै नेपालीका घरघरमा बिजुली पुर्‍याइनेछ।

निर्माणाधीन विद्युत् आयोजनाहरूबाट व्यावसायिक उत्पादन सुरू हुनु अगाडि प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ। पूर्व-पश्चिम राजमार्ग र रसुवागढी-काठमाडौं(वीरगञ्ज कोरिडोरहरूमा ४ सय के.भी. क्षमताका प्रसारण लाइन निर्माण कार्यलाई तीव्रता दिइनेछ।

मेरो सरकारले सबै उमेरका नेपाली नागरिकको सामाजिक संरक्षणका लागि बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवावस्थामा सीप, उद्यमशीलता र रोजगारी तथा ज्येष्ठ नागरिकलाई सम्मान, संरक्षण र सुरक्षा प्रदान गर्नेछ।

आगामी आर्थिक वर्षदेखि योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनमा ल्याइनेछ। योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बरसहितको परिचयपत्र उपलब्ध गराइनेछ। सामाजिक सुरक्षा योजनाबाट श्रमिक तथा कर्मचारीहरू औषधोपचार, स्वास्थ्य तथा मातृ स्वास्थ्य सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा, जेष्ठ नागरिक सुरक्षासम्बन्धी सेवाबाट लाभान्वित हुनेछन्। यस योजनाको दायरा क्रमशः बढाउँदै लगिनेछ।

विभिन्न निकायहरूबाट प्रदान गरिने सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ताको रकम वृद्धि गरिनेछ।

डिजिटल नेपाल फ्रेमवर्कको पाँच वर्षे राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिनेछ। सरकारी तथा निजी क्षेत्रबाट प्रवाह हुने सबै प्रकारको सेवा तथा कारोबार विद्युतीय माध्यमबाट सञ्चालन गरिनेछ। विद्युतीय भुक्तानी र विद्युतीय हस्ताक्षर कार्यान्वयनमा ल्याई विद्युतीय कारोबारलाई सुरक्षित र विश्वसनीय बनाइनेछ। यो व्यवस्था स्थानीय तहसम्म विस्तार गरिनेछ।

सबै स्थानीय तहका वडा, स्वास्थ्य केन्द्र तथा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट विस्तार गर्ने कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ।

आगामी चार वर्षभित्र सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक् पहिचान नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ। नागरिकका सबै प्रकारका वैयक्तिक विवरणलाई राष्ट्रिय परिचयपत्रमा समाविष्ट गरी यसलाई सामाजिक सुरक्षासहित सबै सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक सूचनाको आधार बनाइनेछ। प्रत्येक नेपालीको बैंक खाता हुने सुनिश्चित गर्न खोलौं बैंक खाता अभियानलाई तीव्रता दिइनेछ। सबै आर्थिक कारोबार बैंकिङ प्रणालीमार्फत् गरिनेछ।

केन्द्रदेखि स्थानीय तहसम्म नागरिक अधिकार मोबाइल एप्सका माध्यमबाट सर्वसाधारणले सरल र सहज रूपमा सेवा प्राप्त गर्ने, आफूसँग सम्बन्धित सूचनाहरूको उपयोग गर्नसक्ने, सरकारी सेवाको बारेमा जानकारी लिई आफ्ना गुनासा र समस्याहरू समाधान गर्नसक्ने व्यवस्था गरिनेछ। सरकारी सेवा, निर्णय प्रक्रिया एवं राष्ट्रिय गौरवका आयोजनाहरूको अनुगमनका लागि तयार गरिएको विद्युतीय प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

यातायात क्षेत्रमा रहेको सिन्डिकेटको अन्त्यपछि सार्वजनिक परिवहन प्रणालीलाई व्यवस्थित गर्न यातायात प्राधिकरण स्थापना गरिनेछ। सार्वजनिक यातायातका साधनहरूमा यात्रा कार्डको व्यवस्था गरिनेछ। तोकिएको समयमा यात्रा सुरू गरी तोकिएकै समयमा गन्तव्यमा पुग्ने सुनिश्चित गरिनेछ। ठूला सार्वजनिक सवारी साधन सञ्चालनलाई प्रोत्साहित गरिनेछ।

वायुमण्डलको स्वच्छता र जनस्वास्थ्यलाई ध्यानमा राखी विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ। काठमाडौं उपत्यका र सातै प्रदेशका प्रमुख सहर र आसपासका क्षेत्रमा नेपाल सरकार, प्रदेश र स्थानीय तह एवं निजी क्षेत्रसमेतको सहभागितामा आगामी आर्थिक वर्षदेखि विद्युतीय बस सेवा सञ्चालनमा ल्याइनेछ। विद्युतीय सवारी साधनको प्रयोगलाई देशव्यापी बनाउन पर्याप्त चार्जिङ्ग स्टेशनहरू स्थापना गरिनेछ।

शैक्षिक क्षेत्र सुधारमा योगदान पुर्‍याउन छुट्टै कोष खडा गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ। आगामी दुई वर्षभित्र नेपाललाई साक्षर नेपाल घोषणा गरिनेछ।

शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा विश्वस्तरको अध्ययन र अनुसन्धान गर्ने विशिष्टीकृत विश्वविद्यालयको रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय आगामी दुई वर्षभित्र सञ्चालनमा ल्याइनेछ।

आगामी आर्थिक वर्षभित्र सबै नेपालीलाई स्वास्थ्य बिमाको दायरामा ल्याइनेछ। स्वास्थ्य बिमाले समेट्ने आधारभूत उपचार सबै स्थानीय तहका स्वास्थ्य केन्द्रहरूबाट उपलब्ध गराइनेछ।

आगामी आर्थिक वर्षभित्र चिकित्सक सेवा नपुगेका स्थानीय तहहरूमा कम्तीमा एक चिकित्सकको व्यवस्था गरिनेछ, सबै स्थानीय तहका सबै वडाहरूबाट प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

प्राथमिक अस्पतालहरूमा टेलिमेडिसिन तथा दूरचिकित्सा शिक्षा पद्धतिमार्फत् २४ घण्टे आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

प्रत्येक प्रदेशको कम्तीमा एक अस्पतालबाट विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराई विशिष्टीकृत स्वास्थ्य सेवाका लागि काठमाडौं आउनुपर्ने बाध्यताको अन्त्य गरिनेछ। केन्द्रीय स्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक प्रविधियुक्त राष्ट्रिय निदान केन्द्रको रूपमा स्तरोन्नति गरिनेछ। तीन वर्षभित्र सातै प्रदेशमा अत्याधुनिक निदान केन्द्रहरू सञ्चालनमा ल्याइनेछ।

वीर अस्पताललाई अन्तर्राष्ट्रिय गुणस्तरका सबै विशिष्टीकृत सेवासहितको उत्कृष्टताको केन्द्रको रूपमा विकास गरिनेछ। आगामी वर्ष भक्तपुरको दुवाकोटमा वीर अस्पतालको अत्याधुनिक भवन निर्माण कार्य सुरू गरिनेछ।

विपन्न र वर्ञ्चतिमा परेका महिलाहरूको सामाजिक आर्थिक क्षमता विकासलाई प्राथमिकता दिने गरी राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सञ्चालित क्रियाकलापहरूको पुनरावलोकन गरिनेछ।

विकास र वातावरणबीच सन्तुलन कायम गरिनेछ। पृथ्वीको भविष्य, जीवहरूको रक्षा, हित कल्याण र यसको इकोसिष्टममा टकराव नआउने गरी विकास कार्यहरू अघि बढाइनेछ।

विश्व तापमानमा भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकारात्मक असरहरूलाई न्यून गर्न स्थानीय तहसम्म जलवायु अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सीमसार क्षेत्रहरूको संरक्षण र बुद्धिमत्तापूर्ण उपयोग गर्दै पर्यापर्यटनको गन्तव्यको रूपमा विकास गरिनेछ। महत्त्वपूर्ण तालतलैयाहरूको संरक्षण र विकासको गुरूयोजना बनाई कार्यान्वयन गरिनेछ।

प्राकृतिक स्रोतको अनुचित दोहन हुन नदिने तर पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरू निर्बाध उपलब्ध हुने सुनिश्चित गरिनेछ।

तराई-मधेश समृद्धि कार्यक्रमको समीक्षा गरी प्रभावकारिता वृद्धि गरिनेछ।

नेपालको मौलिक शान्ति प्रक्रिया, हिमाल, वातावरण, लोकतन्त्र, मानव अधिकार, विश्व शान्ति, क्षेत्रीय सहयोग, महिला सशक्तीकरणलगायतका साझा हितका विषयहरूमा बौद्धिक छलफल गरी राष्ट्रिय हित प्रवर्द्धन गर्न तथा नेपालको परराष्ट्र नीतिलाई विश्वसामु प्रभावकारी ढङ्गले प्रस्तुत गर्दै जान आवश्यकताअनुसार सगरमाथा सम्वाद आयोजना गरिनेछ।

माननीय सदस्यहरू,

मेरो सरकारले सन्तुलित र अन्तर(सम्बन्धित विकासका लागि योगदान गर्ने क्षेत्रगत कार्यक्रमहरू सञ्चालन गरी समग्र विकास प्रक्रियालाई अघि बढाउने नीति लिएको छ।

राजस्व प्रणालीमा सुधार, सार्वजनिक खर्चको दक्षता अभिवृद्धि र निजी लगानी सङ्कुचित नहुने गरी आन्तरिक ऋण परिचालन गरी वित्त संरचनालाई सुदृढ र सबल बनाइनेछ। विकास सहायतालाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा राष्ट्रिय प्रणालीमार्फत् परिचालन गरिनेछ। विप्रेषणको रकमलाई औपचारिक माध्यमबाट भित्र्याउन आवश्यक व्यवस्था मिलाउनुका साथै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ। सबै प्रकारका आर्थिक गतिविधिहरूको मौद्रिकीकरण गरिनेछ।

सूचना प्रविधिको उपयोग गरी तीनै तहका सरकारको बजेट तर्जुमा, खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीमा एकरूपता ल्याई वित्तीय अनुशासन कायम गरिनेछ। सार्वजनिक संस्थानहरूको दक्षतापूर्वक व्यवस्थापन गरी उत्पादन र उत्पादकत्व बढाउन कानुनी तथा संरचनागत सुधार र नियमनको व्यवस्था गरिनेछ।

लगानीको न्यूनता पूरा गर्न निजी क्षेत्र, सार्वजनिक(निजी साझेदारी र सार्वजनिक, निजी तथा सहकारी साझेदारी र वैदेशिक लगानीलाई प्रोत्साहित गरिनेछ। पूँजी बजारको विस्तार गर्दै छरिएर रहेका साना पूँजी एकत्रित गरी लगानीयोग्य बनाउन सम्मिश्रित वित्त, सामूहिक लगानी र भेञ्चर क्यापिटलजस्ता संयन्त्र परिचालन गरिनेछ।

औद्योगिक उत्पादकत्व वृद्धि, औद्योगिक क्षेत्र व्यवस्थापन र उद्यमशीलता विकासका क्षेत्रमा क्रियाशील रहेका संस्थाहरूको पुनर्संरचना गरिनेछ। औद्योगिक क्षेत्र व्यवस्थापनमा संस्थागत सुशासन कायम गरिनेछ।

सरकारले स्थानीय कच्चापदार्थमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगहरूलाई प्रवर्द्धन गर्नेछ। मूल्य शृङ्खलामा आधारित उद्यमशील र उत्पादनशील संस्कृतिको विकास गरी लघु, घरेलु तथा साना उद्योगहरूको मझौला तथा ठूला उद्योगहरूसँग अग्र तथा पृष्ठसम्बन्ध कायम गरिनेछ।

द्विपक्षीय तथा बहुपक्षीय व्यापार सन्धिको पुनरावलोकन, सडक, जल तथा रेल्वे सम्झौताहरूमा समयानुकूल परिमार्जन र नयाँ सम्झौता गरी विश्व बजारमा नेपाली उत्पादनको पहुँच वृद्धि गरिनेछ।

यसै वर्ष काठमाडौंको चोभारमा निर्माण प्रारम्भ गरिएको अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलसहितको सुक्खा बन्दरगाह तीन वर्षभित्र सञ्चालनमा ल्याई अन्तर्राष्ट्रिय व्यापार सहज बनाइनेछ। दुई वर्षभित्र रसुवाको टिमुरेमा सुक्खा बन्दरगाह निर्माण कार्य सम्पन्न गरिनेछ।

स्वदेशी उत्पादनको उपभोगलाई प्रोत्साहित गरिनेछ। अनावश्यक, विलासी एवं स्वास्थ्यलाई नोक्सान पुर्‍याउने वस्तु र सेवाको आयात निरूत्साहित गरिनेछ।

आपूर्ति व्यवस्थालाई सरल, सुलभ र सहज बनाइनेछ। खाद्य तथा गैर खाद्य बजारमा स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्न अनुगमन प्रणाली प्रभावकारी बनाइनेछ। यो सरकार गठन भएपछि निर्माण सुरू गरिएको अमलेखगञ्ज(रक्सौल(मोतिहारी खण्डको पेट्रोलियम पाइपलाइनबाट आगामी वर्षदेखि पेट्रोलियम पदार्थ आयात गर्ने व्यवस्था मिलाइनेछ।

माननीय सदस्यहरू,

कृषि क्षेत्रमा कायम रहेका संगठनहरूको पुनर्संरचना गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायतका कृषि क्षेत्रका कार्यक्रमहरूको प्रभावकारिता विश्लेषण गरी पुनरावलोकन गरिनेछ। कृषकहरूलाई उपलब्ध गराइने अनुदानबाट वास्तविक कृषकहरूले लाभ लिनसक्ने बनाउन हालको अनुदान प्रणालीमा व्यापक सुधार गरिनेछ।

निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा परिणत गरिनेछ। कृषकहरूलाई समयमै उन्नत बिउ, मल तथा कृषि प्रसार सेवा उपलब्ध गराइनेछ। स्थानीय मौलिक ज्ञान र प्रविधिको संरक्षण र संवर्द्धन गरिनेछ। अर्गानिक खेती प्रवर्द्धन गरिनेछ।

बालीहरूको उन्नत जात विकास गरी बिउ प्रतिस्थापन दरमा वृद्धि गरिनेछ। जैविक र स्थानीय प्रजातिका बिउबिजनहरूको संरक्षण गरिनेछ। रासायनिक मल र कीटनाशक विषादिको प्रयोगबाट मानव स्वास्थ्यमा बढ्दो जोखिम न्यूनीकरणका लागि जैविक प्रविधिको विकास र विस्तार गरिनेछ।

कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघसंस्थासमेतको सहकार्यमा ठूला क्षमताका बायोग्याँस प्लाण्ट स्थापना गरी एल. पी. ग्याँसको खपतलाई कम गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गरिनेछ।

प्राङ्गारिक वस्तुहरूको उत्पादनको प्रमाणीकरण र ब्राण्ड प्रवर्द्धनमार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गरिनेछ। विषादिजन्य पदार्थको प्रयोगको नियमन र व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवं मर्यादित पेसाको रूपमा रूपान्तरण गरी युवाहरूलाई कृषिमा आकर्षित गर्ने कार्यक्रम ल्याइनेछ। कृषिको औद्योगिकीकरण गरी कृषिमा आश्रित जनसङ्ख्यालाई कृषि उद्योग, मूल्य शृङ्खलाका तहहरू र कृषि सेवा क्षेत्रमा स्थानान्तरण गरिनेछ।

कृषि उपजहरूको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुर्‍याउन स्क्रीन हाउस, भण्डार गृह, बिउ प्रशोधन केन्द्र र साना सिँचाइ संरचनाहरू निर्माण गरिनेछ। कृषि उपज र माटोलगायतका उत्पादनका साधनहरूको गुणस्तर परीक्षणका लागि प्रयोगशालाहरू निर्माण र सुदृढीकरण गरिनेछ।

मेरो सरकारले अतिक्रमित सम्पूर्ण सरकारी जग्गाहरू आगामी वर्षभित्र सरकारी कायम गर्नेछ। सार्वजनिक जग्गामाथिको सबै प्रकारको अतिक्रमण हटाइनेछ। जग्गा प्रशासनमा अनियमितता गर्नेउपर छानबिन गरी कडा कारबाही गरिनेछ। आगामी चार वर्षभित्र मुक्त कमैया, मुक्त हलिया, सुकुम्बासीलगायत सबै भूमिहीन र सीमान्तकृत परिवारहरूको बसोबास व्यवस्थित गरिनेछ। सूचना प्रविधिको प्रयोग गरी भूमि प्रशासनलाई व्यवस्थित, सरल, सहज र पारदर्शी बनाइनेछ। नापी हुन बाँकी रहेका सम्पूर्ण क्षेत्रको नापी कार्य आगामी दुई वर्षभित्र सम्पन्न गरिनेछ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई समीक्षा र मूल्याङ्कन गरी प्रभावकारी पुनर्व्यवस्थापन गरिनेछ। चुरे र भावर क्षेत्रका खोंचहरूमा जल पुनर्भरणका लागि पोखरीहरू निर्माण गरिनेछन्।

फलफूलका बिरूवासहितको नर्सरीको स्थापना र विकास गर्न निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। सरकारीस्तरबाट सञ्चालन भएका नर्सरीमा कम्तीमा ३० प्रतिशत फलफूलको बिरूवा उत्पादन गरिनेछ।

हिमालहरूलाई फोहोरमुक्त बनाउन विशेष सफाइ अभियान सञ्चालन गरिनेछ। सहरहरूमा हुने वायु र ध्वनि प्रदूषणको मात्रा उल्लेखनीय रूपमा नियन्त्रण गरिनेछ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गरिनेछ।

राडार, स्वचालित जल तथा मौसम मापन उपकरणहरू तथा सूचना प्रणालीहरू जडान एवं विस्तार गरी मौसमसम्बन्धी सेवाको गुणस्तर, विश्वसनीयता र प्रभावकारिता वृद्धि गरिनेछ।

माननीय सदस्यहरू,

धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँहरू देवघाट, चतरा र रामायण सर्किटअन्तर्गत निर्माणाधीन सडकलाई प्राथमिकताका साथ निर्माण गरिनेछ। सहरी क्षेत्रको ट्राफिक व्यवस्थापनका लागि प्रमुख सहरहरूमा सब(वे र फ्लाइ(ओभर निर्माण गरिनेछ।

जिपिएस प्रविधिको प्रयोग गरी सार्वजनिक सवारी साधनहरूको अनलाइन अवस्थिति जाँच गरिनेछ। सार्वजनिक सवारी साधनको प्रभावकारी व्यवस्थापन गर्न मुलुकका प्रमुख सहरहरूमा बहुतले बसपार्क निर्माणको कार्य अगाडि बढाइनेछ।

सबै प्रदेश राजधानीमा सवारी साधनको फिटनेस परीक्षण केन्द्र स्थापना गरी सवारी साधनले आवधिक रूपमा फिटनेस परीक्षण गराउनुपर्ने व्यवस्था अनिवार्य गरिनेछ। राष्ट्रिय राजमार्ग तथा द्रुतमार्गहरूका निश्चित दूरीमा विश्रामस्थलको व्यवस्था गरिनेछ। सडक किनारालाई माटोरहित बनाउनुका साथै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरू र ठूला निर्माणस्थलहरूमा स्वचालित प्रविधिबाट सवारी साधन सफा गरी काठमाडौं उपत्यकाका सडकलाई धुलोमुक्त बनाइनेछ। निजी क्षेत्रसँगको सहकार्यमा उपत्यकालगायतका अन्य सहरी क्षेत्रमा वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा सहरी सौन्दर्य कायम गर्न स्वच्छ सहर अभियान सञ्चालन गरिनेछ।

आगामी दुई वर्षभित्र जोखिमयुक्त बस्तीमा रहेका सबैलाई जोखिमरहित स्थानमा सुविधासम्पन्न आवासको व्यवस्था मिलाइनेछ। अति विपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका नागरिकहरूका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गरिनेछ।

आगामी आर्थिक वर्ष सम्भाव्य स्थानमा मेगा सिटी तथा स्मार्ट सिटी विकास गर्न आवश्यक पूर्वाधार निर्माण कार्य सुरू गरिनेछ। काठमाडौं उपत्यकाको बसोबासलाई व्यवस्थित गर्न जग्गा एकीकरणको माध्यमबाट नयाँ

बाँकी पृष्ठ ६ मा

# गौर घटनाको १३ वर्ष : पीडितले किन न्याय पाएन ?

**नरसंहारका मुख्य योजनाकार उपेन्द्र यादव र उसलाई नजिकबाट सहयोग गर्ने अपराधिक गिरोहहरू बबन सिंह, ललन सिंह, चन्द्रीका सिंह, भुषण सिंह, अजय गुप्ता, बाबुलाल साह, गौरी शंकर, गगनदेव बैठा, शम्भू साह, बलराम सिंह कुँवर, गणेशमान यादवलगायतका रहेका छन् : प्रतिवेदन**

२०६३ चैत ७ गते रौतहटको गौर बजारमा भएको नृशंस नरसंहारको सन्दर्भमा विभिन्न किसिमका परस्पर अन्तरविरोधी कुरा बाहिर आइरहेका छन्। नरसंहारको वास्तविक तथ्य के हो त - पत्रकारिताको दृष्टिकोणले समेत सत्य(तथ्य बुझ्न र घटनाको अध्ययन गरी यथार्थ विवरण प्रकाशमा ल्याउन विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरूको एक स्थलगत अध्ययन टोलीले चैत्र १२ र १३ गते घटनाका प्रत्यक्षदर्शी एवं सहभागीहरू तथा जिल्ला प्रहरी प्रमुख (एसपी) रामकुमार खनालसँग समेत व्यापक सोधपुछपछि प्राप्त तथ्यहरूका आधारमा तयार गरिएको संक्षिप्त घटना(विवरण यसप्रकार रहेको छः

**घटनाको विवरण**

रौतहट जिल्लाको गौरबजारमा भएको सो विभत्स नरसंहार २०६३ चैत्र ७ गते बिहीबार २ बजेर ५ मिनेट जाँदा शुरू भएको हो। हत्याकाण्डको शुरूवात उपेन्द्र यादवको नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम र नेकपा माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको बीच एकै स्थानमा कार्यक्रम गर्ने सिलसिलामा भएको देखिन्छ। फोरमको कार्यक्रम प्रचार हुनुभन्दा पहिल्यै सो स्थानमा गर्ने भनी टुंगो लागिसकेको माओवादी निकट निषाद (माझी) मुक्ति मोर्चाको कार्यक्रमको सट्टामा मोर्चाले त्यस दिन कार्यक्रमको आयोजना गरेको र आन्तरिक रूपमा प्रचार समेत गरेको थाहा लाग्यो। तर सोही कार्यक्रमसँग जुधाउँदै फोरमले पनि त्यही दिन कार्यक्रम गरेको स्थलगत अध्ययनबाट बुझियो ।

कार्यक्रम जुधेपछि सम्भावित भिडन्त टार्न मोर्चापक्षले फोरमका जिल्ला अध्यक्ष अमर यादवलाई कार्यक्रम सार्न अनुरोध गरेको तर नमानेपछि समय अघिपछि पारेर शान्तिपूर्ण रूपमा कार्यक्रम गर्ने सहमति भने भएको जानकारी माओवादी पक्षबाट पाइयो। त्यहीअनुसार फोरम र मोर्चाको मञ्च करिब ६० मिटर दूरीको फरकमा बनेको पनि थियो। सहमतिअनुसार फोरमको कार्यक्रम सकिएपछि मोर्चाको कार्यक्रम गर्ने समझदारीअर्न्तगत मोर्चाको जुलुस बजार परिक्रमा गरिरहँदा बन्दूक, फट्टा, लाठी, चुपीसहितको फोरमको उत्तेजित जत्थाले अचानक मधेसी राष्ट्रिय मुक्ति मोर्चाको मञ्च तोडफोड गरेपछि स्थिति बिग्रिएको थियो।

मधेशी मुक्ति मोर्चाको जुलुस पुगेपछि फोरमको कभरमा भारतबाट झिकाइएका हतियारधारी गुण्डाहरूको जत्थाले मञ्चको दक्षिण( पश्चिमस्थित पहेंलो रंगको घरबाट अचानक पिस्टनबाट फायर गरेपछि र आफ्नो मञ्च भत्काइएको देखेपछि आक्रोशित बनेका मोर्चाका कार्यकर्ताहरूले फोरमको मञ्च तोडफोड गर्न थाले। त्यहीबीचमा वरिपरिका अन्य घरहरू र सभास्थल नजिकका पानी ट्यांकीमा समेत लुकेका फोरमका कार्यकर्ता तथा भारतीय गुण्डाहरूले स्वचालित हतियार तथा एके ४७ बाट फायरिङ्ग गरेको कुरा माओवादी निकट वाई.सी.एल.का गौर उपाध्यक्ष लक्ष्मणप्रसाद यादव (हिमाल) ले बताएका छन् ।

उनका अनुसार फोरमका विन्दवासिनी साहनीले पहिलो फायर गरेका हुन्। त्यसपछि पानीटंयाकी, जिविस सभापतिको निवास र फोरमकै मञ्च अगाडिको घरबाट थ्रीनट( थ्री, एस.एम.जी. पिष्टन, माउजर र ग्रिनेटहरू अन्धाधुन्दा प्रहार गरिएको रौतहटका भूपू जनसरकार प्रमुख विन्देश्वर यादवले बताएका छन्। मधेसी राष्ट्रिय मुक्ति मोर्चाको मञ्चलाई केन्द्रीत गरी सी आकारमा घेराऊ गरी आक्रमण गर्न थालिएपछि चारैतिर भागदौड र कोकोहोलो मच्चिएको थियो। त्यही दौरानमा पाँचजना मधेसी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरू घटनास्थलमै मारिए ।

**कहाँ-कहाँ कति मारिए:**

पुरानो राइसमिल चौरस्थित मधेसी राष्ट्रिय मुक्ति मोर्चाको मञ्च वरीपरी नै ५ जना कार्यकर्ताहरूको हत्या भयो। गोली लागी घाइते भएकाहरूलाई लाठी, फट्टा र खुकुरीद्वारा निर्मम ढंगले प्रहार गरी हत्या गरिएको वाई.सी.एल. उपाध्यक्ष लक्ष्मण यादवको दाबी छ। उक्त घटनामा मारिएकी प्रतिमा खातुनलाई दर्जनौं फोरमका कार्यकर्ताहरूले बलात्कार गरी छटपटाइरहेकी अवस्थामा आगो लगाई हत्या गरे। त्यसैगरी अर्को निर्मम हत्या हजमनिया बोधिमाई मन्दिरमा भएको छ। गौरबाट करिब पाँच किलोमिटरको दूरीमा रहेको बोधिमाई मन्दिरमा पूर्व र्सलाहीतर्फभाग्दै गरेका मधेसी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरूलाई फोरमका कार्यकर्ताहरू तथा भारतीय पेशेवर हत्याराहरूले बागमती नदीबाट कब्जा गरेर ल्याई 'माओवादीलाई बलि दिनुपर्छ' भन्दै सामूहिक रूपमा एघार जनाको नृशंस हत्या गरेका छन् ।

उक्त घटनामा हत्या गरिएका रेखा परियार, उषा थापा र सरस्वती उप्रेतीलाई फोरमका कार्यकर्ताहरूले दर्जनौं पटक बलात्कार गरी गुप्ताङ्गमा बाँसका लाठी घोंचेर स्तन काटेर तड्पाई(तड्पाई जिउँदै आगो लगाएका थिए।सेतै फुलेका करीब ७० वर्षीय प्रत्यक्षदर्शी एक वृद्धाले त्यस्तो घटना आफुले जिन्दगीमा नदेखेको बताएका छन्। आक्रोश र आतंकित भावमा ती वृद्धाले बलात्कृत महिलाहरूले 'आफूहरूलाई बिहे गर तर नमार' भनेर अनुनय(विनय गर्दा पनि फोरमका ती बलात्कारीहरूले उनीहरूलाई छोड्नुको सट्टा जिउँदै आगोमा लगाइएर मारेको बताए। अरूहरूलाई फट्टा, इँटा, ढुंगाले निर्मम प्रहार गरी हत्या गरिएको थियो। घटनास्थलमा रहेको गाउँलेहरूलाई खेदेर र घटनाबारे बताए मार्ने धम्कीसमेत दिइएको थियो ।



**गौर काण्डको स्थलगत प्रतिवेदन**

त्यसैगरी अर्को घटना गौर बजारभित्रै रौतहट गेष्ट हाउस नजिक रहेको एउटा फुसको घरमा लुकी बसेका मोर्चाका कार्यकर्ताहरूलाई बाहिर थुती गोली हानेर भाला, खुकुरी, ढुङ्गा, इट्टाले कुटीकुटी मारेको कुरा घटनाबाट भाग्न सफल विन्देश्वर यादवले बताए। उनका अनुसार घरका छतछतमा बसेका फोरमका कार्यकर्ता तथा र्समर्थकहरूले भागेर लुकेका मोर्चाका कार्यकर्ताहरू बसेको ठाउँ देखाएका थिए र एक(एक गरी निर्मम ढंगले हत्या गरिएका छन्। हत्याराहरू हात(हतियारसहित आफुहरूमाथि जाइलागिरहँदा प्रहरीले मुकदर्शक भएर हेरेको उनको दाबी छ ।

अर्को घटना गौरबाट करिब एक किलोमिटरको दूरीमा रहेको लक्ष्मीपुर गाउँमा भएको छ। त्यहाँ एक घरमा शरण लिएर बसेको रमाकान्त चौधरीलाई करिब १०-१५ जना फोरमका कार्यकर्ताले घरबाट निकालेर भाग्दै गर्दा लखेटी( लखेटी हत्यागरी बाँसको झाँडमा लगेर फालिदिएका थिए । नाम नबताउने शर्तमा स्थानीय एक किसानले ती अपराधीहरूले मारिसकेपछि रमाकान्तसँग भएका मोबाइल, काजगपत्र र नगद रूपैयाँसमेत लुटेर लगेको र साँझपख प्रहरीहरू आई उक्त लाश लगेको बताएका छन् ।

यसैगरी नेपाली सेनाको भद्रकाली गण रहेको स्थान नजिकको शिर्शिया र मडलवाको चौरछेउ अन्य तीन जनालाई फट्टा, ढुंगा र इटा प्रहार गरी अशक्त घाइते बनाएर गहुँ बारीमा घिसारी(घिसारी मारेको निसान अहिले पनि देख्न सकिन्छ । टोली घटनास्थल पुग्दा हत्याको क्रममा मिचिएको गहुँमा रगतैरगतको टाटा र रक्तरंजित कपडा त्यहीं थियो ।

अर्को एक जना मोर्चाकार्यकर्तालाई राष्ट्रिय वाणिज्य बैंकको नजिकै हत्या गरी नालामा फालिएको नाम बताउन डराउने स्थानीय प्रत्यक्षदर्शीले बताएका छन् ।

**हत्याको बर्बर शैली**

मारिएकाहरू अधिकांशलाई स्वचालित हतियारले गोली हान्नुका साथै बाँसको फट्टा, ढुङ्गा(इट्टाले टाउको र मुखमा थिचेर, धारिलो हतियार प्रहार गरेर, टाउको लगायत संवेदनशील स्थानहरूमा जथाभावी घोचेर, महिलाहरूलाई बलात्कार गरी स्तन काटेर छट्पटीरहेको अवस्थामा जिउँदै आगो लगाएर हत्या गरिएको थियो। घटनाको प्रकृति हेंदा, मारिनेहरूको पक्ष एकतर्फी हुनु र स्थानीय प्रत्यक्षदर्शीहरूको भनाइमा समेत उक्त घटना दोहोरो मुठभेड थिएन। नाम बताउन नचाहने थुप्रैजनाले टोलीलाई बताएअनुसार मधेसी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरू निःशस्त्र थिए । उनीहरूले प्रतिरोध गर्ने पाएनन्। त्यही कारण नै फोरमका सशस्त्र कार्यकर्ताहरूले ज्यान बचाउन भाग्दै गरेका निशस्त्र र आतंकित मोर्चा कार्यकर्ता तथा र्सवसाधरणहरूलाई गौरभन्दा सात आठ किलोमिटर टाढासम्म गौंडा कुरेर तथा लखेटी लखेटी हत्या गरेको पाइएको छ। त्यही क्रममा कतिपय मोर्चा कार्यकर्ताहरूले चाहिँ आफू फोरम कार्यकर्ता रहेको बताउँदै ज्यान जोगाउन सकेका थिए ।

**जनताको प्रतिक्रिया**

जनता अझै पनि निकै त्रसित छन्। उनीहरूले ढुक्कसँग बस्न पाएका छैनन्। माओवादीले बदला लिने हल्लाका कारण घटनाको चारपाँच दिनसम्म पनि बजार खुल्न सकेको थिएन । तर माओवादीले नरसंहारमा जनताको कुनै दोष नरहेको र अपराधीबाहेक अरूहरूलाई केही नहुने कुरा बताएपछि विस्तारै जनजीवन सहज हुँदै गएको पाइएको छ। टोली घटनास्थल पुग्दा बजार भरखरै खुल्न थालेको पाइयो। बजारबाट अलि टाढाका घटनास्थल वरिपरिका ५० घर परिवारका जनता अझैसम्म पनि विस्तापित छन् । उनीहरू अझै पनि हत्यारा गुण्डाहरूले रातरातमा मोटरसाइकलमा आएर गोली पड्काउने तथा धम्की दिएको बताउँछन् ।

उनीहरूका अनुसार हत्यारागुण्डाहरूले तिमीहरू गाउँ छोडेर जाओ, माओवादीलाई यहाँबाट सिध्याउर्नुपर्छ, तिमीहरू गएनौं भने मर्छौ भन्दै थर्काउने गरेका छन्। ज्यान जाने डरले नाम नखुलाउने शर्तमा उनीहरू भन्छन् - ती हत्यारा फटाहाहरू अझैं पनि यहीं वरिपरि घुमिरहेका छन् तर प्रहरी(प्रशासनले कुनै वास्ता गर्दैन। तथापि जिल्ला प्रहरी कार्यालय गौरका एस.पी. रामकुमार खनाल भने त्यहाँ घटना भइसकेपछि आफू नै चारपटक सम्म गैसकेको जनता आतंकित भएर आफूहरूसित पनि बोल्न नचाहेको दावी गर्छन् ।

हाम्रो ठम्याइमा जनताको स्थिति निकै दयनीय छ। बेलैमा प्रशासनले सुरक्षाको प्रबन्ध नमिलाउने हो र माओवादी पार्टीी त्यसअनुसारको वातावरण तयार नगर्ने हो भने उनीहरू गाउँ तथा माओवादी पार्टीीट समेत पलायन हुने मानसिकतामा छन्। मर्नुभन्दा बहुलाउनु निको भन्ने यथार्थ लागू भएको छ उनीहरूमा त। उनीहरू मुखै फोरेर भन्न विवश भएका छन् - माओवादीको हतियार र जनसेना क्यान्टोन्मेन्टमा बस्ने, प्रहरी प्रशासनले सुरक्षा दिन नसक्ने र गुण्डाहरूसँग मिल्ने वा आफैं डराएर भाग्ने, गुण्डाहरूले दिनदहाडै र्सवसाधारणलाई मार्ने धम्की दिने, यस्तो भएपछि हामीहरू कतिदिन कसरी बस्ने -

**प्रहरी प्रशासनको नालायकीपन**

गौरको हत्याकाण्डमा प्रहरी निरीह र रमिते बनेको पाइएको छ। घटनामा घाइते भएका र बल्ल तल्ल बाँच्न सफल व्यक्तिहरूको भनाई अनुसार गोलि चली भागाभाग हुँदा आफूहरू पुलिसको शरण माग्न जाँदा उनीहरूले सुरक्षा दिनुको सट्टा उल्टै हिजोको युद्धकै बेलाको बदला स्वरूप छोप्दै फोरमहरूलाई नै बुझाउँदै गरेको आरोप छ । उनीहरूले हतियारसहित फोरमका कार्यकर्ताहरूले मोर्चाका कार्यकर्ताहरूलाई लखेटी रहँदा कारबाही गर्नुको सट्टा उल्टै उक्साई रहेको पीडितहरूले बताएका छन् । गौर हत्याकाण्डको जिम्मेवारी प्रहरी प्रशासनले नै लिनुपर्छ भन्ने प्रश्नमा एस.पी. रामकुमार खनाल भन्छन् हामीहरूले सुरक्षा प्रबन्ध नमिलाएको भए अझ बढी हत्या हुने थियो । तर पीडितहरूका अनुसार एस.पी. खनाल नै फोरमहरूसँग साँठगाँठ रहेको बताउँछन्। गोलि चलिरहँदा मानिसहरू मरिरहँदा अपराधीहरूलाई गिरङ्गतार गर्नुको सट्टा उल्टै नाइके उपेन्द्र यादवलाई स्कर्टिङ्ग गरी भारत पुर्‍याउनु र घटनास्थलमा अपराधीहरूलाई उक्साउँदै मोर्चाका कार्यकर्ताहरूलाई धकेल्दै फोरमलाई नै बुझाउने गरेको हुँदा गौरका प्रहरी निरिह र प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न रहेको स्थानीय बासी बताउँछन्। एस.पी. खनालले चाहिँ उपेन्द्र यादवलाई आफूले नचिनेको, नदेखेको र कहिल्यै नभेटेको दावी गरेका छन् ।

पहिले फोरमले आगलागी गरेको भन्सार कार्यालयको सुरक्षार्थ खटिएका इन्स्पेक्टर ध्रुव राउत अर्सइ, रामकुमार साहहरू त्यसदिन आफूहरूलाई कार्यालयहरूको विशेष सुरक्षा गर्न आदेश आएको बताउँछन्। एस.पी. खनाल र इन्स्पेक्टर राउत आफूहरूले त्यहाँ ठूलो र्दुघटना हुनबाट जोगाएको दाबी गर्छन् । उनका अनुसार प्रहरीहरूले संयमता नअपनाएको भए त्यहाँ अझ बढी मानिसहरू मारिनसक्थे ।

**नरसंहारका अभियुक्तहरू**

नरसंहारका मुख्य योजनाकार उपेन्द्र यादव र उसलाई नजिकबाट सहयोग गर्ने अपराधिक गिरोहहरू बबन सिंह, ललन सिंह, चन्द्रीका सिंह, भुषण सिंह, अजय गुप्ता, बाबुलाल साह, गौरी शंकर, गगनदेव बैठा, शम्भू साह, बलराम सिंह कुँवर, गणेशमान यादवलगायतका रहेका छन् । चन्द्रीका सिंह, अजय गुप्ता, बलरामसिंह कुँवर योजनाका मुख्य नाइकेहरू भएको माओवादीहरूले बताएका छन् ।

अजय गुप्ता शाही सत्ताका मेयर हुन् भने बाबुलाल, गौरीशंकर भू.पू. मेयर र बलरामसिंह कुँवर भ्रष्ट भूतर्पूव न्यायाधीस र शम्भू साह खुंखार मानव तस्कर भएको बताइन्छ। रौतहटको सिर्सिया, हजमनिया, गौर, भारतको सितामणी, ब्रम्हपुरी, मोतिहारी क्षेत्रहरू ड(८यिनीहरूको गढ मानिन्छ। रक्सीका भट्टीहरू चलाउने, गिरोहहरूलाई तालिम दिने, हातहतियार खरिद तथा सप्लाई गर्ने यिनीहरूको पेशानै भएको जनसमुदायहरू बताउँछन्। पञ्चायत कालमा खुंखार मण्डले, तस्कर जनयुद्धको शुरूवात पछि जनकारबाहीमा परी विस्तापित भएका र माओवादी प्रतिकार समिति समूहमा संलग्न हिजोआज मधेसी फोरम नामक आपराधिक गिरोहमा यी व्यक्तिहरू संलग्न रहँदै आएका छन्। यस गिरोहमा कतिपय दलका आपराधिक व्यक्तिहरू पनि संलग्न रहेको स्थानीय माओवादीहरू बताउँछन् ।

**निष्कर्ष:**

घटना सुनियोजित देखिन्छ । किनकि हत्याकाण्डमा एकतर्फी रूपमा मोर्चाका कार्यकर्ता मात्र मारिएका छन्। मोर्चा र फोरमबीच झडप वा भिडन्त भनी अहिलेसम्म आएका समाचारहरू घटनास्थलको अध्ययनपछि साँचो मान्न सकिएन। हत्यामा भारतीय गुण्डाहरूको समेत प्रयोग भएको छ । हत्या अत्यन्तै पाशविक, जंगली, बर्बर र निर्मम छ। महिलाको स्तन काटेर, बलात्कार गरेर, योनीमा लट्ठी धुसाएर, ढुंगाले टाउकोमा हानेर, काटेर मन्दिरमा घुमाएर अति बर्बर ढंगले मारिएको छ । पेशेवर गुण्डा-हत्याराबाहेक राजनीतिक(विचारमा चल्नेहरूबाट यस्तो जघन्य अपराध हुनै सक्दैन। घटनाको स्थलगत अध्ययन र प्राप्त तथ्यहरूको आधारमा विश्लेषण गर्दा कार्यक्रमको विवादको निहुँ बनाएर यो घटना सुनियोजित देखिन्छ । फौजी तालिमप्राप्त व्यक्तिहरूबाट कहाँबाट फायर खोल्ने, मोर्चाका कार्यकर्तालाई कसरी घेरामा पार्ने भनेर पहिले नै योजना बनाएको देखिन्छ। शान्तिपूर्ण आन्दोलनमा लागेको दावी गर्ने फोरमले हतियारधारी जत्थाको प्रयोग गरी मच्चाएको गौर नरसंहारले लोकतन्त्र मास्न र संविधानसभा हुन नदिन ठूलो षड्यन्त्र भइरहेको कुरा उजागर गरेको छ ।

अध्ययन टोलीमा संलग्न पत्रकार तथा सम्बद्ध संस्था
राजेन्द्र महर्जन मूल्यांकन मासिक
चन्द्र खाकी ,, ,,
के.पी. ढुंगाना राजधानी दैनिक,
दीपक खनाल पहल साप्ताहिक
सागर श्रेष्ठ फोटो पत्रकार, आइ. एन. एस.
प्रवीण देवकोटा कालिका एफ.एम. चितवन
प्रकाश ज्ञवाली कायाकैरन, चितवन
रूपा महर्जन झिगु स्वनिग:
सुरेशचन्द्र अधिकारी चुरे सन्देश, चितवन
ओम शर्मा क्रान्तिकारी पत्रकार संघ नेपाल
चेतन कुँवर नवचेतना मासिक
खिलबहादुर भण्डारी संश्लेषण मासिक
निर्मल ज्ञवाली कृष्णसेन अनलाइन डटकम
दिनेश श्रेष्ठ प्रत्याक्रमण मासिक
रूपक महर्जन भिडियो पत्रकार

*(माइसंसार डटकम अर्काभबाट साभार)*

## मधेश अपडेट

### "विज्ञान र प्रविधिको सही सदुपयोग गर्नुपर्छ"

जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले समय सापेक्ष विज्ञान र प्रविधिको सही सदुपयोग गर्दै लैजानुपर्ने धारणा राखेका छन् । प्रविधिमैत्री शिक्षक समाज नेपालको प्रथम प्रदेश स्तरीय भेलाको शनिबार जनकपुरमा उद्घाटन गर्दै प्रमुख कायस्थले सो कुरा बताएका हुन् । उनले शिक्षा जगतमा पहिले देखि नै प्रविधिको प्रयोग हुँदै आईरहेको स्मरण गराउँदै आधुनिक समयमा प्रविधिले गरेको विकासलाई सकारात्मक रूपमा सही सदुपयोग गर्न आग्रह गरेका छन् । उनले अचेल युवा वर्गमा प्रविधिको दुरूपयोग गर्ने कार्यहरू पनि भईरहेको प्रति चिन्ता व्यक्त गर्दै प्रविधिको सही सदुपयोग हुन सके कुशल तथा दक्ष युवाहरू तयार हुने धारणा समेत राखेका छन् ।

### छुवाछुत गर्नेलाई दण्डित गरिने

रूपन्देही । प्रदेश ५ का सभामुख पूर्णबहादुर घर्तीले प्रेदशसभाले कानुन निर्माण गरी छुवाछुत अन्त्य गर्ने बताएका छन् । उनले अब कानुन निर्माण गरी छुवाछुत गर्नेलाई दण्डित गरिने बताए । रूपन्देहीको शुद्धोधन गाउँपालिकामा सोमबार आयोजित सामूहिक भोज एवं अन्तर्क्रिया कार्यक्रममा बोल्दै सभामुख घर्तीले यस्तो बताएका हुन् । प्रदेशसभा छुवाछूतविरूद्ध कानुन निर्माण गर्ने तयारीमा जुटेको छ, आगामी प्रदेशसभाको अभिवेशनमा यो विषयले प्रवेश पाउने छ, सभामुख घर्तीले भने ।

### जनता आवास पुनर्निर्माण

वीरगन्ज । नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय अनुसार बारा र पर्सा जिल्लाको हावाहुरी प्रभावित क्षेत्रमा 'जनता आवास' (बारा र पर्सा) कार्यक्रम सुरू भएको छ । विभिन्न १२ ठाउँमा १२ वटा समूह बनाएर एकै पटक घर निर्माण गर्ने योजना अनुरूप बैशाख १४ गतेबाट नेपाली सेना आवश्यक बन्दोबस्ति तयारीका साथ तैनाथ भएकोमा शनिबारबाट औपचारिक रूपमा उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेल, मन्त्रीगण लगायत प्रदेश नं.२ का मुख्यमन्त्री लालबाबु राउतबाट शिलान्यास भई आरम्भ भएको छ ।

### पार्टी प्रवेश गरेको छैन : मेयर मेहता

राकेश यादव । रौतहट जिल्लाको ईशनाथ नगरपालिकाका प्रमुख संतोष मेहताले नेकपा पार्टीमा प्रबेश गरेको झूठो अफवाह फैलाइएको बताएका छन् । उनले कुनै पार्टीमा प्रवेश नगरेको दावी गरे । शनिबार आफ्नो निजी निवासमा पत्रकार सम्मलेनको आयोजना गरी मेयर मेहताले आफूलाई जोडेर नेकपा पार्टीमा प्रवेश गरेको भनी केहि संचारमाध्यममा आएको समाचार निराधार कपोलकल्पित भएको खण्डन गरेका छन् । विजय कुमार गच्छदार नेतृत्वको तत्कालीन मधेशी जनाधिकार फोरम लोकतान्त्रिक पार्टीबाट स्थानीय तहको निर्वाचनमा निर्वाचित भएका नगरप्रमुख मेहताले भने पार्टी विधिवत रूपमा नेपाली कांग्रेसमा समाहित भएपनि आफु अहिले सम्म स्वतंत्र नै रहेको छू अहिले कुनै पार्टीमा प्रवेश गर्ने मंसाय नरहेको प्रस्ट गर्दै मेयर मेहताले बदनाम गर्ने उद्देश्यले अफवाह फैलाइएको बताए ।

### पौडेलको राजीनामा माग

रूपन्देही । नेकपा महासचिव एवं सांसद विष्णु पौडेलको राजीनामा नेपाली कांग्रेसका नेताहरूले मागेका छन् । ललिता निवास प्रकरणमा मुछिएका पौडेलले नैतिक जिम्मेवारी लिँदै पदीय जिम्मेवारी छोड्नुपर्ने र छानविनमा सहयोग गर्नुपर्ने माग छ । रूपन्देही २ का प्रतिनिधिसभाका उम्मेदवार युवराज गिरी, प्रदेश सभाका उम्मेदवारहरू काजिमान श्रेष्ठ र महेशमान सिह, तिलोत्तमा नगरपालिकाका प्रमुखका प्रत्यासी रामकृष्ण खांण, बुटवल उपमहानगरका खेलराज पाण्डे र सैनामैना नगरपालिकाका फणिन्द्र शर्माले संयुक्त पत्रकार सम्मेलन गरेर पौडेलको राजीनामा मागेका हुन् । पौडेलका कारण देशकै राजनीति धुमिल भएको गिरीको दाबी छ । उाले भने, 'रूपन्देही क्षेत्र नम्बर २ को मतदाता र बासिन्दा हुँ भन्न समेत लाज भो ।'

### सरकार पूर्णरूपमा विफल : कोइराला

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले केपी ओली नेतृत्ववको वर्तमान सरकार पूर्णरूपमा विफल भएको आरोप लगाएका छन् । दुई तिहाई सरकारले एक वर्षको दौरानमा माखो पनि मार्न नसकेको भन्दै उनले बाँकी ४ वर्ष पनि केही गर्न नसक्ने महामन्त्री कोईरालको दाबी छ । नेपाली कांग्रेस साविक क्षेत्र नम्बर २ कपिलवस्तुले मायादेबी गाउँपालिकाको डुमरामा राखेको सभालाई सम्बोधन गर्दै उनले सरकारले जनतालाई पूरा गर्न नसक्ने सपनाको पोका बाँडेको बताए । 'सरकार विफल भयो, बाँकी चार वर्ष पनि केही गर्न सक्दैन' उनले भने 'जनतााालाई खाली पुरा नहुने सपना मात्र बाँडिरहेको छ ।' किसानलाई पानी दिन नसक्ने सरकारले पानी जहाजको कुरा गर्नु हास्यास्पद रहेको उनी बताउँछन् ।

### "भोजपुरीका पितामह"प्रति श्रद्धाञ्जली गरिने

वीरगन्ज । नेपालीय भोजपुरीका 'पितामह' भनिने अग्रज साहित्यकार पण्डित दीपनारायण मिश्रको बृहद श्रद्धाञ्जली सभा हुने भएको छ । वीरगन्जको मुर्ली बैगैचामा स्तम्भकार चन्द्रकिशोरको अध्यक्षतामा बसेको बैठकले आउदो बैशाख २८ गते शनिवारका दिन स्वर्गिय मिश्रको श्रधाञ्जलीसभा आयोजन गर्ने निर्णय भएको छ । बिहीवार राति १० बजेर ३८ मिनेटमा वीरगन्ज रेशमटोलस्थित आफ्नै निवासमा ८४ बर्षको उमेरमा उनको निधन भएको थियो । बैठकमा एक मिनेट मौन धारण गरेर बैठक अगाडी बढाइएको थियो । बैठकमा बिभिन्न कार्यको लागि जिम्मेवारी बाँडफाँड भएको छ । बैठकमा नेपाल भोजपुरी समाज, नेपाल हिन्दी साहित्य परिषद, भोजपुरी टाइम्स दैनिक पत्रिका, संस्कृति, सहयोगी नेपाल, आप्पन वीरगन्ज मेडिया ग्रुप, सजक लगायत संस्थाको प्रतिनिधिगणको उपस्थिती थियो ।

### प्रदेश १ को स्थायी राजधानी तोकियो

विराटनगर । प्रदेश १ को स्थायी राजधानी विराटनगर तोकिएको छ । सोमबार प्रदेशसभाको बैठकले विराटनगरलाई प्रदेश १ को स्थायी राजधानी तोकेको हो । सत्तापक्ष नेकपा र प्रतिपक्ष कांग्रेसले प्रस्ताव पेस गरेकोमा कांग्रेसले प्रस्ताव फिर्ता लिएको थियो । विराटनगरलाई राजधानी तोकिएपछि विराटनगरमा आह्वान गरिएको बन्द पनि फिर्ता भएको छ । विराटनगरलाई प्रदेश राजधानी तोक्न माग गर्दै भएको बन्दले सोमबार दिनभर विराटनगर बजारको जनजीवन प्रभावित भएको थियो ।

### प्रचार गर्न रोड शो सुरू

रूपन्देही । लुम्बिनी भ्रमण वर्ष २०७६ को प्रचार प्रसार गर्ने उद्देश्यले आयोजित 'रोड शो'कायकम सुरू भएको छ । प्रदेश ५ सरकारले घोषणा गरेको यो कार्यक्रम अर्न्तगत ध्यान आसनमा बसेका बुद्धाको मूर्तिलाइ नेपालको राष्ट्रिय झण्डा र बौद्ध ध्वाजापताकाले सजिएको गाडिमा सबैले देख्नेगरि राखेर विभिन्न जिल्लामा परिक्रमा गराइने छ । रूपन्देहीको भैरहवाबाट शनिबारदेखि सुरू भएको रोड शो प्रदेश पाँचका वुटवल,पाल्पा, प्रदेश चारको स्याङ्जा, पोखरा, तनहु प्रदेश तीन का चितवन, धादिङ,हुँदै संघिय राजधानी काठमाडौं पुगेर समापन हुनेछ ।

२०७५ साल भदौ १ गतेदेखि लागू भएको
अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालबालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम् हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रूपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आतंकवादले प्रभावित गर्न नसक्ने केही विशिष्ट तत्वहरू



डा. गंगाप्रसाद अकेला

एकाइसौं शताब्दीलाई इस्लामिक आतंकवादले विश्वव्यापीस्तरमा प्रभावित नगरेको शायदै कुनै मुलुक नहोला । प्राय : आजभोलिको परिप्रेक्ष्यमा दिनहुँ विश्वका कुनै-न-कुनै देशमा केही-न-केही यस्ता घटनाहरू अवघटित हुँदै आएको समाचार सार्वजनिक नै हुँदै आएका छन्, जसवाट यो स्पष्ट हुन आउँछ कि आतंकवाद आजको विश्व परिवेशको मुख्य मुद्दा नै बन्न गएको छ कि ? यस प्रश्नको समाधान गर्नेतिर दृष्टि पुऱ्याउँदा अवधारित अधिकांश अवच्छित गतिविधि तथा क्रियाकलापहरू निहित क्षुद्र स्वार्थ पूर्तिको उद्देश्यले गरिएको कुरा समेत छर्लङ्ग प्राय: नै हुन आउँछ । फेरि प्रश्न उठ्छ-विश्वको सर्वश्रेष्ठ प्राणी भनिने मानिसलाई आत्मीयता, सद्भाव, सहिष्णुता, लोक कल्याणकारी भावनाले किन अभिभूत पार्न सकेको छैन । जीवनको शाश्वत सत्य- नश्वर शरीर, गरेको सत्कर्म वा असल कर्मले गर्दा नै मृत्यु पश्चात् पनि अरूबाट सम्झिने मूल कुरोलाई मानिसले किन आत्मसात गरी तद्नुरूप गर्नेतिर प्रेरित हुन सकेको छैन । यसमाथि गहिरिएर विचार गर्दा केही विशिष्ट पक्षका रूपमा प्रस्तुत गर्न सकिन्छ :-

(क) आजको मानिस आत्मबल र स्वाभिमान विहीन हुन पुगेको छ त्यसैले अरूको देखासिकी गरेर तद्नुरूपको कार्य गर्नेतिर र बढी प्रवृत रहँदै आएको छ ।

(ख) उसको जीवन र उसले गरेका असल कर्मले नै उसको जीवनको निस्सारतालाई उसको मृत्यु पश्चात् पनि अरूलाई सम्झिन प्रेरित गर्ने कुरो बुझ्न सकेको छैन ।

(ग) व्यक्ति विशेषको विषेश योगदान र उल्लेखनीय कार्य नै अरूका लागि प्रेरणादायी हुन सक्छ, त्यसलाई मानिसले आत्मसात गरी पालन गर्न सकेको छैन ।

(घ) कुरा अरूको पनि सुन्नुपर्छ तर निर्णय लिने बखत पूर्ण रूपले आफ्नो विवेक प्रयोग गरी आफ्नो मनले माने अनुरूप गर्नुपर्छ, अरूको कुरामा यदि केही उचित लागेको भए त्यसलाई मात्र यथासम्भव ठाउँ दिनुपर्छ ।

(ङ) अरूको सहयोग लिन उचित र आवश्यक लागेमा पात्रता हेरी उपयुक्त र सही सल्लाह दिनेसँग मात्र सल्लाह गर्नुपर्छ ।

(च) आजभोलिको परिवेश असल र भलो चाहनेहरूको संख्या अति अल्प रहन गएकोले बहुसंख्यकले भनेको कुरा सुनेर आत्तिनु हुँदैन, धैर्य र संयमको पालन गर्नुपर्छ ।

(छ) राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका महान् व्यक्तित्व र विभूतिहरूको व्यक्तित्व, कृतित्व र योगदानबाट प्रेरणा लिई तद्नुरूप जीवनमा अघि बढ्ने वानी बसाल्नुपर्छ ।

(ज) कसैको पनि अन्धानुकरण नगरी आफ्नो व्यक्तित्वको छाप पर्ने गरी कार्य गर्नुपर्छ ।

(झ) सबभन्दा महत्वपूर्ण कुरो आफ्नो व्यक्तित्वको विकासका लागि सँधै प्रेरणीय बस्तु, व्यक्तित्वहरूका जीवनबाट शिक्षा ग्रहण गरेर हमेशा आफ्नो व्यक्तित्वको छाप पछिसम्म रहिरहने प्रकारले आफ्नो जीवनसाथमा धैर्य र संयमपूर्वक बढ्दै जानुपर्छ ।

(ञ) जीवनको सार्थकता 'बहुजन हिताय र बहुजन सुखाय' प्रकृतिका कार्य गरेपछि मात्र प्रमाणित हुने मूलमन्त्रलाई सधैं अनुपालन गर्दै जानुपर्छ ।

आजभोलि जताततै र जहाँकही पनि आतंकवादी गतिविधिहरूको वर्चश्व रहेको हेर्न सकिन्छ, जसबाट सीमित समूहलाई मात्र तत्कालका लागि केही फाईदा र लाभ भएपनि पछि त्यसले त्यस्ता गलत क्रियाकलापको फल भोग्नै पर्छ र स्पष्ट शब्दमा भने त्यस्ता गर्नेहरू मध्ये धैरैलाई पछि पश्चाताप गर्दै देखेको स्तम्भकारको अनुभूति हो । अर्कोपक्ष, केही यस्तो पनि देखिएको छ जसलाई तटस्थतालाई अनुपालन गर्दै आएको छ र त्यस्तालाई धैरै जसोले महत्व नदिएर बेवास्ता पनि गर्ने गरे पनि त्यस्ता तटस्थ रहनेहरू उपयुक्त ठाउँमा नपुगे पनि वा तिनको उपेक्षा सत्तासीन वा शासकवर्गबाट गरिए पनि तिनको जिवन चक्र शान्त र स्थिर रूपमा नै संचालित रहेको हुन्छ । आजको समाज, गाउँ, नगर, जिल्ला, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको स्वरूप हेर्दा विद्यार्थि जिवनमा छ दशक अगाडी कवि जनार्दन झा 'द्विज'को पदेको 'विश्व-बेदना' शीर्षक हिन्दी कविताका अधोलिखित पंतिहरू सहजै स्मरण हुन आउँछ -"दानवता की विजय पराजय मानवता की घोर अनय है । बात पराये की मत पूछो हमे हाय आप्नो का भय है ॥"

भावर्थ यो कि आज सबभन्दा विसंगति र विकृतिको कुरा यो छ कि मानवतामाथि दानवता हावी भै सकेको छ राम्रा कामहरू साटो नराम्रा कामहरूको अधिक्य भै सकेको छ । जसले गर्दा अरूसँग डराउनु भन्दा मानिस आफन्त भनाउँदाहरूसँग नै पिडित रहँदै आएको छ । जसको एकमात्र कारण निहित क्षणिक स्वार्थपूर्ति गर्ने भवनाको प्रवलता यत्र-तत्र व्याप्त रहँदै आएको छ ।

यसको मूल कारण सर्वश्रेष्ठ प्राणी भनिने मानवले आज बुद्धि, विवेक, सहिष्णुता, सामाञ्जस्य, मेलमिलाप, आत्मीयता जस्ता लोककल्याणकारी भावनाहरूलाई आत्मसात गर्न सकेको छैन । जवकी मानव-जीवनको शाश्वत सत्य यो छ कि मानव खाली हात यो संसारमा आउँछ र खाली हात नै यो संसारबाट जान्छ तर पनि सृष्टिको श्रेष्ठ प्राणी किन निकृष्ट बन्न पुगेको छ, किन मंगलकारी भावनाको प्रवलता उसमा हुन सकेको छैन । यहाँ फेरि 'मैथिल संस्कृति' को लोकजीवनमा प्राचीनकाल देखि गाईदै आएको लोक-संकोर्त्तनको यस पक्षलाई उद्घृत गर्न प्रासंगिक हुन आएको छ- " एकाएक समी को जान है कचहारिआ

ओढके चदरिआ ना, दूगी दूसरो न,
कोई जिअरा आपने न होई-२
तीगी तीन दिनन के लागल बा बजरिआ ॥
ओढ्के....
चौका चार कहरिआ अईहे
त्येके मरघटमे सुतैहे
पंजा पाँच लकरिआ फेक चले पाखरिआ ॥
आढ्के...."

नेपालको मिथिलाञ्चल र भारतको विहार उत्तरप्रदेशको लोकजीवनको ग्राम्य वातावरणका लोकसङ्कीत्तन मंडलीका ग्रामिण सामान्य पढे लेखेका र अशिक्षित गायक कलाकारहरूका टोलीद्वारा प्राय : साँझ पख हारमोनियम, ढोलक, झ्याल जस्ता सामान्य वाद्य यंत्रहरूको सुमधुर तालमा गाईने यस संकीत्तनको एकमात्र भाव यो छ कि संसारमा जन्मलिने सबैले एक दिन यो संसारबाट जानुपर्छ र त्यो पनि सेतो चादर मात्र ओढेर किनकि उसको साथमा जाने कोही हुँदैन । हाँ मृत्यु पश्चातर चार जनाले उसको मृत शरीरलाई बाँसको पाटीमाथि बोकेर समशान घाटमा पुऱ्याउँछ र उसको अन्त्येष्ठि गरी सकेपछि कठिआरी (शव यात्रामा गएकाहरू)मा गएकाहरू सबैले पाँच-पाँच वटा सानो काठको लकडीको टक्रा उसको चितामाथि फालेर पोखरीमा आउँछ र नुहाई-धुआई गरेर आ-आफ्नो क्षणिक मायाको घरमा फर्केर आउँछ । यही नै संसारको प्राचीन लौकिक चलन हो ।

निष्कर्षत : मानव जीवनको क्षणभंगुरता, सत्य-तथ्य सबैलाई थाहा हुँदा-हुँदै पनि आज विश्वका सर्वश्रेष्ठ भनिने प्राणी मानव आज किन दानव भै सकेको छ र किन अशान्ति, विद्रोह, जघन्य क्रियाकलाप र आतंकवादलाई मानिसले प्रश्रय दिँदै मानवजीवनलाई दानवजीवनमा परिणत गरी दिएको छ । जबकि जसले जे जति आर्जन गरे पनि उसंग केही जाँदैन उसको जीवनको अन्तिम नियति चित्तामा खरानी हुनु मात्र हो । यहाँ, एउटै सम्झिने कुरो, उसले गरेको असल काम मात्र अरूका लागि प्रेरणादायी बन्न सक्छ, यसलाई सवैले आत्मसात गरेमा मात्र जीवनको सार्थकता रहनेछ । आतंकवाद भन्ने जस्तो कुनै विकृतिजन्य कार्यको शेष रहन जाँदैन । आज विश्व समुदायले सम्झिने जीवनको सार्थक पक्ष एकमात्र यही तथ्य र वास्तविकता हो । यसलाई सम्झनेमा मात्र 'वसुधैव कुटुम्वकम्'को सार्थकता रहनेछ ।

*(लेखक वरिष्ठ साहित्यकार, संस्कृति विज्ञ र आध्यात्मिक चिन्तक हुनुहुन्छ ।)*

## विश्व परिवेश

# पाकिस्तानमा हजराहरूमाथि किन अत्याचार हुन्छ ?

**मज्जुर अहमद**

यस साताको शुरूमै पाकिस्तानको क्वेटा प्रान्तको एक बजारमा हजारगंजीमा तरकारी किन्न जाँदा मारिएका आठ जना हजराहरूको प्रसंगले पाकिस्तानको प्रधानमन्त्री इमरान खानको नयाँ पाकिस्तान बनाउने दावी र उनको सरकारको, दशकौंदेखि अहिलेसम्म हजरा शिया समुदाय लगायत अन्य अल्पसंख्यक समुदाहरूमाथि अतिवादी तत्वहरूले नै शासन गर्दै आएकोले असफलतालाई प्रमाणित गरी दिएको छ । हुन त हजराहरू वाहेक अन्य आठ जनाको हत्या प्रसंगले समेत त्यस्ता आक्रमणहरूबाट त्यस क्षेत्रका हजराहरू लगायत अन्यहरूको मृत्यु प्रसंगले तिनीहरू दशकौं देखि घोर त्रासको वातावरणमा बस्दै आएर पनि मौतको सायामा बाँच्दै आएको प्रसंगलाई समेत उजागर गरिदिएको छ । तिनीहरूको अपाध के त ? भन्ने प्रश्नका उत्तर पहिलो र प्रथामिक कारण शिया समुदायका मुसलमानहरू पकिस्तानमा लामो समयदेखि आतंकबादी संगठनहरूबाट पिडीत रहँदै आउनु मात्र रहेको छ । आतंकवादीहरूलाई पाकिस्तानी सेनाको संरक्षण रहेकोले रानजीतिक दलहरूले सुन्नी वाहेकका समुदायहरू मथि हुँदै आएको शोषण र अत्याचारहरू समाप्त पार्ने सम्बन्धमा केही गर्न नसकेको कारण शियाहरू मुसलमान भएपनि सुन्नी इस्लामिक समुदायलाई अस्वीकार गर्नु समेत रहेको छ ।

शिया समुदाय पनि दोस्रो स्थानमा पास्तिानका अहमदी समुदायका मुसलानहरूलाई आधिकारीक स्तरले शिक्षा, रोजगारी लगायतका अन्य सुविधाहरू समेतबाट कानूनी रूपमा बञ्चित र शोषित राखिनुका साथै रूपमा आफुलाई मुसलमान भन्न समेतबाट बञ्चित गरिएको छ त्यसको कारण तिनीहरू धेरैजसो गरीब र संख्यामा कम भएकोले वर्षैदेखि राज्यद्वारा सक्रिय समर्थन प्राप्त आतंकवादी लूटराहरूबाट निरन्तर रूपमा खुलस्त रूपमा शोषित, प्रताडित, तिरस्कृत र उपेक्षित समेत रहँदै आएका छन् । पाकिस्तानमा रहेका हिन्दू र ईसाई जस्ता अल्पसंख्यक समुदायहरूलाई धर्मनिन्दा कानूनको आरोप लगाई आतंकवादी संगठन र समुदायहरूबाट निरन्तर प्राणघातक हमलाका माध्यमबाट घोर त्रासदीपूर्ण अवस्थामा बाँच्न वाध्य पारिदै आएको छ भने झूठो आरोप लगाएर जेलमा थुन्ने र मृत्युदण्ड समेत दिने गरिएको छ । सिन्ध प्रान्तमा हिन्दूहरूको जनसंख्या महत्वपूर्ण रहेपनि आतंकवादी तत्वहरूबाट र राज्य समेतद्वारा आतंकित पारी दण्डित समेत गर्ने क्रममा कुनै कमी आएको छैन । तिनीहरूको आ-आफ्नो धार्मिक आस्थाका कारण राष्ट्रविरोधी समेत घोषित गरी सताईने गरिएको छ ।

कसैलाई सम्झना छैन कि हिन्दूहरूले भारत जान रोजेको छ बरू तिनीहरूले आफ्ना पूर्वजहरू जस्तै आफ्नो भूमिलाई माया गर्दै आएका छन् । तिनीहरूले स्वेच्छाले पाकिस्तानी नागरिक भएर राष्ट्रप्रति पूर्ण वफादार भै बस्न चाहेका छन् । आजसम्म कुनैपनि हिन्दूलाई पाकिस्तानमा राष्ट्रदोहको आरोप लगाइएको छैन । तर हजराहरूलाई तिनीहरूको शिक्षा पहिचानका कारण मात्र अतिवादी तत्वहरूले सताउँदै आएका छन् । जियाउल हकले उनको सत्तालाई चूनौती दिएको कारण शियाहरूलाई दण्डित गर्ने क्रमको थालनी गरे पश्चात पाकिस्तानी सेनाको सहयोग प्राप्त गर्दै आएका अतिवादी तत्वहरूले शियाहरूलाई सताउँदै आएको छ । जियाले इस्लामावादमा जब देशभरीमा इस्लामिक कानून लागू गरे पश्चात् घोर आततायी शिया संगठनहरू विरूद्ध अन्जुमन सिपाह-ए-सहावा र त्यसका उपसमूह लश्कर-ए-जंगवी र त्यस्तै अन्य आतंकवादी संगठनहरूलाई सेनाले शियाहरूलाई प्रताडित गर्न प्रेरित र उत्साहित गर्दै आएको छ । जसले गर्दा शियाहरूको घना बस्ती, तिनीहरूको बासस्थल र आस्थाका केन्द्रहरू माथि लक्षित गरी ज्यान मर्ने अथवा तिनीहरूको बजारहरूमाथि समेत बम प्रहार गरेर शिया समुदायका निवासीहरूको हत्या गर्ने कार्य हुँदै आएको छ । त्यती मात्र होइन सयौं चिकित्सक तथा कानून व्यवसायीहरू मथि खुल्लेआम बन्दूक प्रहार गरेर मारे पश्चात् पनि कुनै अपराधीहरूलाई हत्याको आरोपमा गिरफ्तार गर्ने तथा सजाउय दिने कारवाई गरिएको छैन । त्यस्तो हत्या काण्डहरूमा राष्ट्रको स्पष्ट संलग्नता देखिएको छ । तर पनि शिया समुदायका अहमदीहरूमाथि व्यापक स्तरमा शोषण हुँदै आए पनि तिनीहरूले कुनै प्रतिरोध गरेका छैनन् । हुनत राष्ट्रले शियाहरूलाई संरक्षण गरेको दावी गरेपनि तिनीहरूका क्षेत्रमा व्यापक स्तरमा सशस्त्र प्रहरीहरू तैनात गरिएपनि तिनीहलाई हत्या गर्ने क्रममा कमी आएको छैन । वास्तवमा भन्ने हो भने क्वेटा अनय हजराहरूको आवासीथलहरूमा व्यापक स्तरमा सशस्त्र प्रहरीहरू तैनाथ गरिएको हेर्न सकिन्छ र त्यसले गर्दा सामान्य हजरा समुदायका मानिसहरू सशस्त्र सुरक्षावलको सहयोग विना घर बाहिर समेत ननिस्किने अवस्थामा त्रादीपूर्ण जीवन यापन गर्न वाध्य रहेका छन् ।

संचार माध्यमसँग पिडित हजरा समुदायका हाजी चन्गेजीले यस्तो दुखेसो पोखेका थिए- "तिनीहरूले हाम्रै नगरमा हामीलाई कैदी बनाएर राखेका छन् । यदी हामीले छिमेकको पसलमा जान चाहे पनि हामी लगाइएको पर्खालका कारण जान सक्दैनौ । केही दिन अगाडी मैले चेकपोष्ट सम्म घुम्न प्रयास गर्दा तिनीहरूले ममाथि बन्दूक तेर्स्याएका थिए । प्रहरीको सहयोग विना कसैले दस पाईला सम्म हिड्न सक्दैन ।" अंग्रेजी दैनिक एक्सप्रेस ट्रिबयूनले आफ्नो १६ अप्रिल, २०१९ को अंकमा लाहौरका अधिबक्ता हसान निआजीको वेदना यस शब्दमा सार्वजनीक गरेको छ-"राज्यले आफ्नो प्रतिवद्धता अनुरूपको आधारभूत दायित्व समेत जनतालाई दिएको छैन । यो पनि कुनै जीवन हो । हजराहरूलाई दशकौसम्म यातना दिए पश्चात् पनि पाकिस्तानमा तिनीहरूको धार्मिक स्वतन्त्रताको कुरा कागजमै सीमित रहेको छ । राज्यले हजराहरू प्रति आफ्नो जिम्मेवारी बिल्कुलै पूरा गरेको छैन ।" राज्यको पूर्ण बवास्ताका कारण एक लाख हजराहरू आफ्ना जन्मभूमि परित्याग गरेर जान बाध्य छन् ।

मानवअधिकार आयोग, पाकिस्तानका अनुसार हजारौं हजराहरू आफ्ना वृद्ध आमा-बाबु, पत्नी र केटाकेटीहरू तथा काम र नगरहरू छाडेर खतरनाक सडक र समुद्रमार्ग भएर सुरक्षित भविष्यका लागि देश छाडेर गै सकेका छन् । बाँकी रहेकाहरू आतंकवादीहरू इतना खप्दै जसो-तसो बाँच्न विवश रहेका छन् । परवर्ती सरकारहरूको असफलतालाई अस्वीकार गर्न सकिदैन । प्रधानमंत्री इमरान खानसँग गरिएको अपेक्षा पनि उनीद्वारा समेत हजरा परिवारहरूको हकमा पूरा गरिएको छैन । प्रधानमंत्रीहरूको परिवर्तन पश्चात् पनि आक्रमणकारीहरूमा कुनै परिवर्तन आएको छैन । हजरा तथा अन्य अल्पसंख्यक समुदायहरू पकिस्तानमा आतंककारीहरूको बन्दुक र गोलीको निरन्तर निशानाको शिकार भै जेन-तेन लुकेर बस्ने खेल-प्रक्रियामा जसो-तसो जिउँदै आएका छन् ।

# राष्ट्रसंघको आतंकवादी सूचीमा मसुद अजहर

भारत र पाकिस्तानलाई हालै युद्धको संघारमा पुऱ्याई दिनेगरि भारत प्रशासित कश्मीरमा आत्माघाती आक्रमण गराउने समुहका नेतालाई संयुक्त राष्ट्रसंघले आतंकवादी घोषणा गरेको छ । मसुद अजहर जैस -ए-मोहम्मद समुहका प्रमुख हुन् । जुन समुहका गत फेब्रुअरीमा कश्मीरको पुलुवामामा ४० जना भारतीय अर्धसैनिक बलका सदस्यको ज्यान जानेगरि ठुलो विस्फोटन गराएको थियो । चीनले उक्त समुह बारेको आफ्नो अडान छाडेपछि संयुक्त राष्ट्रसंघले त्यस्तो निर्णय गरेको हो । यसअघि चीनले उक्त प्रस्तावबारे अध्ययन गर्न थप समय चाहिने भन्दै त्यस्तो निणर्य गरेको हो । यसअघि चीनले उक्त प्रस्तावबारे अध्ययन गर्न थप समय चाहिने भन्दै त्यस्तो निणय गरेको हो । यसअघि चीनले उक्त प्रस्तावबारे अध्ययन गर्न थप समय चाहिने भन्दै त्यस्तो प्रस्ताव स्थगित गराउन अनुरोध गरेको थियो ।



भारतले यसलाई आफ्नो कूटनीतिक जितको रूपमा हेरेको छ । यस निर्णयसँगै मसुदको सम्पत्ति रोक्का र यात्रा प्रतिबन्धहरू लाग्नेछन् । "ठुला साना सबै देशले साथ दिएका छन् । संयुक्त राष्ट्रसंघको प्रतिबन्ध सुचीमा मसुद अजहर आतंकवादी घोषित भएका छन् । बैको सहयोगका लागि हामि कृतज्ञ छौं," राष्ट्रसंघका लागि भारतीय राजदुत सैयद अकबरूद्दिनले ट्वीट गरेका छन् ।

जैस-ए-मोहम्मदको शाब्दिक अर्थ मोहम्मदको सेना हुन्छ । सन् १९९९ मा इण्डियन एअरलाइन्सको विमान अपहरणकर्ताहरूको मागबमोजिम यात्रुहरूलाई सकुशल छाडिदिने शर्तमा भारतले रिहा गरिदिएको मसुद अजहरले नै उक्त समुहको गठन गरेका हुन । त्यत्तिखेर सो विमानलाई काठमाडौंबाट अपहरण गरेर तालिवान शासित अफगानिस्तान पुऱ्याइएको थियो । सो देशमा रहँदा अजहरले भुतपूर्व तालिवान नेता मुल्लाह ओमार तथा अल कायदाका नेता ओसामा विन लादेनसँग भेटेको बताइन्छ । दिल्लीस्थित भारतको केन्द्रीय संसदमा सन् २००१ को डिसेम्बरमा आक्रमण गरे दोष भारतले जैस-ए-मोहम्मदमाथि लगाएको छ । उक्त घटना लगत्तै पाकिस्तानले औपचारिक रूपमा उक्त समुहमाथि प्रतिबन्ध लगायो । तर सो समुह अझै सक्रिय रहेको ठानिन्छ र बेलाबखत त्यसले अफजल गूरू गुट, अल-मुराबितुन तथा तहरिक -ए -फुर्कानजस्ता विभिन्न नाममा आफ्ना गतिविधि सञ्चालन गर्छ ।

पछिल्लो समयमा भारतले सन् २०१६ को जनवरीमा पाकिस्तानी सिमा नजिकै रहेको पठानस्थित हवाइ सैन्य अखडामा भएको आक्मणका निम्ति जैस-ए- मोहम्मदलाई जिम्मेवार ठहऱ्याएको छ । सो घटनामा तीन जना सुरक्षाकार्मी मारिएका थिए । सन् २०१७ को डिसेम्बरमा भारतीय फौजले जैस-ए-मोहम्मदका कमाण्डर नुर मोहम्मद तान्त्रेलाई मारिदिएपछि उक्त समुहलाई ठुलै धक्का लागेको ठानिएको थियो । तर हिंसा रोकिएन । द प्रिन्ट नामक एक भारतीय सञ्चारमाध्यमका अनुसार गोप्य रूपमा प्राप्त पाकिस्तानी समर्थन नै सम्भवत: सो संगठनको लगातार विस्तार भइरहनु पछाडिको कारण हो । तर जैस -ए-मोहम्मदले पाकिस्तानी सेनालाइ पनि आक्रमण गरेको छ । पाकिस्तानले सो समुहको रक्षा गर्ने गरेको भारतले आरोप लगाइरहेपनि सन् २००३ मा सो समुहले पाकिस्तानका तत्कालीन नेता परवज मुर्शरफमाथि घातक आक्रमणको प्रयास गरेको थियो । साभार : नयाँ विकल्प साप्ताहिक

## जिल्ला समाचार

### मदरसा भवन शिलान्यास

वीरगंज । वीरगंज महानगरपालिका वडा नम्बर १२ मा निर्माण हुन लागेको मदरसा भवनको एक कार्यक्रमका बीच संघीय सांसद प्रदिप यादवले शिलान्यास गरेका छन् । सांसद विकास पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत सांसद यादवको संसदीय कोषबाट १० लाखको लागतमा निर्माण हुन लागेको उक्त भवनको शनिबार एक कार्यक्रमका बीच सांसद यादवले शिलान्यास गरेका हुन् । मदरसाको विधिवत शिलान्यास पछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले मदरसा भवन निर्माण भइसकेपछि यस क्षेत्रका हजारौं बालबालिकाको पठनपाठनमा टेवा पुग्ने बताए ।

### फोहोर व्यवस्थापन गर्न चिनियाँ प्रस्ताव

विराटनगर । प्रदेश १ का १० वटा स्थानीय तहमा उत्पादित फोहोर व्यवस्थापनका लागि चिनियाँ कम्पनीले चासो देखाएको छर । चाइना कन्च भेन्चर होल्डिङ लिमिटेडले विराटनगरपालिकासहित १० स्थानीय तहको फोहोर व्यवस्थापन गर्न लगानी बोर्डसमक्ष प्रस्ताव पेस गरेको छर । कम्पनीले फोहोर व्यवस्थापनमार्फत विद्युत् उत्पादनका लागि गत २६ चैतमा लगानी बोर्डमा प्रस्ताव पेस गरेको थियोर । चिनियाँ कम्पनीले विराटनगर महानगरपालिका, इटहरी उपमहानगरपालिका, दुहबी नगरपालिका, बेलबारी नगरपालिका, सुन्दरहरैंचा नगरपालिका, कानेपोखरी गाउँपालिका, बुढीगंगा गाउँपालिका, कटहरी गाउँपालिका, ग्रामथान गाउँपालिकालगायतका १० स्थानीय तहको फोहोर व्यवस्थापन गर्ने प्रस्ताव गरेको छर ।

### हावाहुरीबाट ६० लाखको क्षति

नेपालगन्ज । बर्दिया जिल्लाको बाँसगढी नगरपालिका, ठाकुरबाबा नगरपालिका र मधुवन नगरपालिका लगायत विभिन्न स्थानमा बिहीबार आएको हावाहुरी तथा पानीले १ सय ३ वटा घरधुरी तथा अन्य भौतिक संरचनाहरूमा क्षति पुर्या उँदा करिब ५९ लाख ८३ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । सो क्षेत्रमा स्थानीय प्रहरीले उद्दार लगायत आवश्यक कार्य गरेको थियो ।

### करेन्ट लाग्दा महिलाको ज्यान गयो

कैलाली । घोडाघोडी नगरपालिका १० पहलमानपुर बस्ने ६५ वर्षीया गिता अधिकारीको करेन्ट लागेर शुक्रबार साँझ मृत्यु भएको छ । आफ्नै घरभित्रको प्लगमा तार जोड्ने क्रममा करेन्ट लागेर घाइते भएकी उनको घोडाघोडी अस्पताल सुखडमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### प्रसूति केन्द्रको शिल्यान्यास

मोरङ । अमेरिकी दूतावासले नेपाल सरकारसँगको साझेदारीमा मोरङ जिल्लाको बिराटनगरमा मोरङ प्रसूति केन्द्रको शिलान्यास गरेको छ । अमेरिकी रक्षा मन्त्रालयको आर्थिक सहयोगमा नेपालले निर्माण गर्ने प्रसूति केन्द्रले प्रसूति सेवा प्रदान गर्नेछ । प्रसूति केन्द्र १२ लाख अमेरिकी डलर लागतमा निर्माण गर्न लागिएको हो । मोरङ प्रसूति केन्द्रले त्यस क्षेत्रका प्रसूतिका बिरामीलाई अस्पतालका शैयासम्मको पहुँच बढाउनेछ । प्रसूति सेवासम्मको पहुँचमा हुने वृद्धिले मातृशिशु मृत्युदरलाई घटाउन र नवजात शिशु र सुत्केरी स्वास्थ्य सेवामा सुधार ल्याउन मद्दत पुग्ने विश्वास गरिएको छ । अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगकी शिक्षा विकास अधिकृत मनिका भिलान्वएभाले प्रसूति केन्द्रमार्फत नेपालमा स्वास्थ्य सेवासम्मको पहुँच बढाउन पाएकोमा खुसी व्यक्त गरिन् ।

### दुई सयभन्दा बढी कांग्रेसमा प्रवेश

कपिलवस्तु । विभिन्न पार्टी परित्याग गरी २ सय बढी नेता कार्यकर्ता नेपाली काग्रेसमा प्रवेश गरेका छन् । सविधानसभा सदस्य इन्द्रवती यादव, नयाँ शक्ति पार्टीका केन्द्रीय सदस्य सुरेन्द्र तिवारी, मधेशवादी नेता चक्रधारी पाण्डेय, फोरमका अब्दुल रउफ लगायत २ सय ५० बढीलाई महामन्त्री डा.शशांक कोइरालाले फुल माला लगाई पार्टीमा प्रवेश गराएका छन् ।

### विराटनगरमा प्रभुको एक्सटेन्सन काउण्टर

विराटनगर । प्रभु बैङ्क लिमिटेडले वैदेशिक रोजगारीमा जाने सेवाग्राहीका लागि आवश्यक श्रम स्वीकृतिबापतको शुल्क दाखिला गर्ने तथा अन्य सेवा र सुविधाका लागि एक्स्टेन्सन काउन्टर संचालनमा ल्याएको छ । विराटनगर महानगरपालिका-३, तीनपैनीस्थित श्रम तथा बैदेशिक रोजगार कार्यालय परिसरमा एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको हो । श्रम तथा वैदेशिक रोजगार कार्यालय विराटनगरका प्रमुख प्रेमप्रसाद सन्जेलले काउन्टरको शुभारम्भ गरे । यस कार्यबाट वैदेशिक रोजगारीमा जाने व्यक्ति प्रत्यक्ष रूपमा लाभान्वित हुने तथा नेपालको राजस्व सङ्कलनमा पनि थप योगदान पुग्ने विश्वास उक्त बैङ्कले लिएको छ ।

### आगलागीबाट १० लाखभन्दा बढीको क्षति

बाँके । तिरहुत गाउँपालिका १ त्रिकोलस्थित २ वटा कच्ची घरमा मंगलबार बिहान आगलागी हुँदा अन्नपात, लत्ताकपडा, भाँडावर्तन, सुन, चाँदीका गहना लगायत जलेर करिब १० लाख ८५ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### तलब सरकारको, सेवा निजी क्लिनिकमा

कैलाली । कैलालीको टीकापुर अस्पतालमा कार्यरत चिकित्सक कामका समयमा आफ्नो कार्यकक्षामा नभई निजी क्लिनिकमा भेटिने गरेका छन् । क्लिनिक नभएका चिकित्सककलाई पनि निजी क्लिनिकमै बिरामी जाँच गर्न भ्याइनभ्याई हुने गरेको छ । त्यतिमात्र नभई अस्पतालमा बिरामी जाँच गर्दागर्दै पनि क्लिनिकबाट फोन आउनेबित्तिकै चिकित्सक निजी क्लिनिकमा जाँचका लागि जाने गरेको बिरामीको गुनासो छ । अस्पतालमा बिरामी जाँच गर्दागर्दौ चिकित्सकहरू त्यताका बिरामीलाई अर्को पटक जाँच गर्न आउँदा क्लिनिकमै बोलाउँछन् । चिकित्सकले क्लिनिकमा जाँच गरेको पुर्जी शुल्क पाँच सयसम्म असुल्ने गरेका छन् ।

### नगरसभा बहिष्कार

जनकपुरधाम । जनकपुरधाम उपमहानगरले डाकेको तेस्रो नगरसभा कांग्रेसबाट निर्वाचित वडाध्यक्ष तथा वडासदस्यले बहिष्कार गरेका छन् । चालू वर्षको आयव्यय र आगामी वर्षको योजना तथा कार्यक्रम पारित गराउन उपमहानगरले सोमबार डाकेको नगरसभाको उनिहरूले विरोध गरेका हुन् । नगरसभामा जनकपुरधाम उपमहानगरका मेयर लालकिशोर साहले मनपरी गर्न खोजेको आरोप लगाउँदै ८ जना वडाध्यक्ष तथा ४० जडा सदस्यले बहिष्कार गरेका हुन् । उपमहानगरले आगामी वर्ष करारमा कर्मचारी भर्ना गर्ने प्रस्तावको विरोध गर्दै वडाध्यक्ष र सदस्य नगरसभा हलबाट बाहिरिएका थिए ।

### करेन्ट लागेर मृत्यु

रौतहट । कटहरिया नगरपालिका ३ विर्तिटोल वस्ने ४५ वर्षीय मौजेलाल राय यादवको करेन्ट लागेर मंगलबार साँझ मृत्यु भएको छ । खेतमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका यादवको सामुदायिक हस्पिटल कटहरियामा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### चुरे दोहन बढ्यो

बाँके । सोनारी गाउँपालिका-७ लालपुर नजिकैको सामुदायिक वनबाट अवैध ढुंगा उत्खनन भइरहेको छ । मण्डपवा सामुदायिक वनक्षेत्रको चुरे पहाडबाट लामो समयदेखि ढुंगा उत्खनन गर्दै राप्ती नदीमा निर्माण भइरहोको तटबन्धका लागि पुऱ्याउने गरिएको छ । अन्यत्रबाट ल्याउँदा ढुवानी खर्च बढी लाग्ने भएकाले ठेकेदारले वन उपभोक्ता समिति, जनप्रशासासँगको मिलेमतोमा अवैध ढुंगा प्रयोग गरिरहेको स्थानीयवासीको भनाइ छ ।

### वन्यजन्तु संरक्षणमा चुनौती

धनगढी । कैलालीमा सहभागितात्मक संरक्षणको कुरा टड्कारो रूपमा उठिरहँदा वन्यजन्तु मार्ने क्रम बढ्दै गएको छ । फरक-फरक तरिकाले वन्यजन्तुको सिकार हुँदै आएकोले संरक्षणमा चुनौती थपिएको छ । अझ, संरक्षणको गतिविधि हुँदै आएको घोडाघोडी सिमसारमै भएको घटनाले संरक्षणकर्मीलाई झनै चिन्तित बनाएको छ । विश्व रामसार क्षेत्रमा सूचीकृत घोडाघोडी सिमसारमा रहेको ठाँढा सामुदायिक वनमा केही दिन अगाडी मात्रै एउटा चितुवा मऱ्यो । सिकारी समूहले थापेको पासोमा परेर वयस्क चितुवाको ज्यान गएको हो ।

### ट्रकले मोटरसाइकललाई दिँदा ज्यान गयो

कपिलवस्तु । कपिलवस्तु नगरपालिका ५ दलदलास्थित सडकमा लु.१ ख ९५५२ नम्बरको ट्रकले लु.३ प ५००१ नम्बरको मोटरसाइकललाई मंगलबार बेलुका ठक्कर दिँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही नगरपालिका(१ जमवारपुल बस्ने २९ वर्षीय बिजेन्द्र धोबीको जिल्ला अस्पताल तौलिहवा कपिलवस्तुमा उपचारको क्रममा मृत्यु भएको छ । ट्रक र ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### नेपाल बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम

रौतहट । नेपाल बैङ्क लिमिटेड चन्द्रनिगाहपुरले समृद्ध नेपाल अभियान बचत तथा वित्तीय साक्षरता कार्यक्रम गरेको छ । हरेक नागरिकको बैङ्क खाता सञ्चालन हुनुपर्ने सरकारी नीतिअनुरूप बैङ्किङ पहुँचबाहिर रहेका तथा बैङ्कका सेवा सुविधाबारे ज्ञान नभएका सर्वसाधारणलाई वित्तीय साक्षरता अभिवृद्धि गर्न बैङ्कले चन्द्रपुर नगरपालिका १० चेतनगरको विर्ता बजारमा सो कार्यक्रम गरेको हो ।


सरकार, सरकारी अधिकारीहरू र राज्यका सबै संयन्त्रले भै रहेकै संविधान र कानूनको पालन गरेमा देशमा रहेका नागरिकता लगायतका भेदभावजन्य समस्याहरू आधी भन्दा बढ़ी समाधान हुन्छन् र राष्ट्रियताको भावना पनि सबल हुँदै जान्छ । गिरिशचन्द्र लाल


नयाँ शक्ति र ससफोको एकताले समाजवादी धार विचारबाट शक्तिमा अभिव्यक्ति हुने वस्तुगत आधार तयार भएको छ । उदारवाद, साम्यवाद र समाजवादका आ-आफ्ना फरक केन्द्र प्रष्ट देखिने भएका छन् । दलको संख्या धेरै भएर लोकतन्त्र बलियो हुने हैन । बलिया दलबीच स्वच्छ प्रतिस्पर्धा लोकतन्त्रको सार हो । डम्बर खतिवडा


स्वतन्त्रता र समानता सँग-सँगै प्राप्त गर्न सकिदैंन । सबैलाई समान बनाउने हो भने राज्यले नियन्त्रित व्यवस्था लागु गर्नुपर्छ र यसले स्वतन्त्रता बाँधित हुनपुग्छ । समान अवसरको उपलब्धतासम्म मात्र जाने हो भने फरक-फरक योग्यता भएकोले समानता कायम रहँदैन । देवेश झा


मधेश आन्दोलनको बेला अधिकारको विषयमा विश्लेषण गरेर मधेशी जनता र मधेशवादी दललाई मार्गदर्शन गराउने विश्लेषकहरू अहिले कुन दुलोमा लुकेका छन् । प्रदेश सरकार भ्रष्टाचारको मार्गमा हिडिरहँदा किन गौण । कमिसन दिन्छ, योजना दिन्छ, कि आफु पनि त्यहीँ लाइनमा हो ? शैलेन्द्र क्रान्ति


आजबाट हामीलाई फोरम भन्न छोड । मधेशी फोरम अशोक राईले, लोकतान्त्रिक फोरम देउवाले, तराई मधेश फोरम ओलीले र समाजवादी फोरम बाबुरामले खाइदिनु भो । अब हामी मधिशेहरू फोरम हैन जोरम भयौं । सबैलाई थोर थोर दिएर सबैको कल्याण गर्यौं । बीपी साह


खाडीमा गएर पैसा कमायो, घर व्यवहार टार्यो, केही जग्गा, घर जोड्यो, जिन्दगी सकिन्छ स्वदेश फर्कदा उमेर ढल्किसकेको हुन्छ, रोगले च्याप्छ, भएको केही बचत पनि शुन्य । बुढेसकाल सम्म केही रहन्न, अब भन्नुस् यो देश भनेर बस्नु किन ? रेमिट्यन्सले देश धान्यो भन्छौं, तर रेमिटेन्स पठाउनेको भविष्य खोई ? निर्मला ढकाल


सर्वोच्चको पछिल्लो आदेशले हालका लागि नागरिकता वितरण रोकिएको छ । तर, अंगीकृतका सन्ततीलाई वंशजका आधारमा नागरिकता दिनु गलत हो भन्ने अन्तिम ठहर आयो भने यसअघि वितरण भइसकेका नागरिकता के हुन्छन् र मुलुक माथि भएको यस्तो घातमा दोषी को र हुने सजाँय के हो ? बाबुलाल भण्डारी


मधेश भुगोलमा जन्मेकै आधारमा जात र कलर देखाएर कुनै पनि पार्टीको प्रमुख हुन नपाउने हुन्छ ? क्षमता भए जुन सुकै जात र क्षेत्रको मान्छे पनि पार्टीको पहिलो नेता बन्न सक्दैन र ? अनि फेरि हामी यो मधेशी पनि नेता भएछ भनेर किन भन्छौ ? के मधेश हाम्रो देश हैन र ? कतै हाम्रो हेराइ पुर्बाग्राही त छैन ? सम्झना


समग्र रूपमा नै महिलाहरू असुरक्षित छन्, वा असुरक्षित बनाइएको हो । जबसम्म मधेशी महिलाहरूले आफ्नो दायरामाथी प्रश्न उठाउँदैनन् तबसम्म हिंसा भैरहने छ । संस्कृतिको आडमा महिलामाथी उत्पीडन र यातना दिने ढोगी पितृसत्तात्मक सोच देखेर घृणा जागेर आउँछ । शिखा किरण

## राजपालाई छाडेर...

प्रयास पत्राचारमै सीमित रहेको छ । पत्राचार किन फलदायी हुन सकेन त ? वास्तवमा दुई पार्टीबीच एकताका लागि भएको पत्राचार पार्टी एकताका लागि गरिएकै थिएन । दुबै पक्षले एकता भन्दा पनि मधेशका मतदाताका अगाडि एकता विरोधी नदेखिन र एक अर्कालाई अलमलाउन मात्र वार्ताको कुरा अगाडि बढाएका थिए । फोरम र राजपाबीच आदान प्रदान भएको तीनवटै पत्रमा एकताको अपरिहार्यता, आशावादीता जस्ता कर्णप्रिय शब्दहरू प्रयोग भए पनि पार्टी एकिकरणका लागि आवश्यक पर्ने आधारहरू उल्लेख थिएन । एकअर्कालाई 'इङ्गेज' राख्दै मतदाताको आँखामा छारोहाल्ने प्रयास मात्र भएको हो ।

तराईमधेशलाई आधार क्षेत्र बनाएका फोरम र राजपा एक अर्कालाई प्रमुख प्रतिस्पर्धी मान्छन् । एउटाले पार्टी एकीकरणको कुरा अगाडि सार्दा अर्कोले देखिने गरी इन्कार गर्न नसक्नुको प्रमुख कारण यही हो । २०७२ जेठ ३२ गते यादव नेतृत्वको मधेशी जनअधिकार फोरम, अशोक राई अध्यक्ष रहेको संघीय समाजवादी पार्टी र खस समावेशी पार्टीबीच एकताबाट संघीय समाजपादी फोरम बनेको थियो । त्यसको दुई वर्षपछि २०७४ वैशाख ७ गते तराई मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पाटी, तराई मधेश सदभावना पार्टी, मधेशी जनअधिकार फोरम ( गणतान्त्रिक) र नेपाल सद्भावना पार्टी मिलेर राजपा गठन भएको हो ।

**कस्तो शक्ति ?**

समाजवादी पार्टीको गठनपछि भट्टराईले जनताले नेकपा र काँग्रेसको अग्रगामी विकल्प चाहेको पुष्टि भएको बताएका थिए । उनले हिमाल, पहाड र मधेशलाई जोडेर दह्रो राष्ट्रिय विकल्प दिने पनि बताए । भट्टराईले भनेजस्तै के अब वैकल्पिक राजनीतिक शक्ति निर्माणको प्रक्रिया शुरू भएको हो भन्ने बहस शुरू भएको छ । नवगठित समाजवादी पार्टीले राष्ट्रिय स्वाधीनता, संघीय शासन, समाजवादी व्यवस्था, सहभागितामूलक समावेशी लोकतन्त्र, राष्ट्रिय पहिचान, सामाजिक न्याय, समतामूलक समृद्धि, लोककल्याणकारी राज्य र सामाजिक सुरक्षा, सुशासन र सदाचार, समानुपातिक समावेशीकरण, स्वशासन र स्वायत्तता, सांस्कृतिक बहुलता, समानुपातिक निर्वाचन प्रणाली, पर्यावरणीय सन्तुलन र बहुलतायुक्त समाज र राष्ट्रिय एकतालाई आफ्नो मौलिक विशेषताका रूपमा व्याख्या गरेको छ ।

तर यी विशेषतालाई कार्यान्वयन गर्ने कार्यक्रम भने केही पनि छैन । बलियो वैकल्पिक पार्टी बन्ने सम्भावना हुँदाहुँदै पनि नीति अनुसारको कार्यक्रम नहुनु यो पार्टीको सबैभन्दा ठूलो चुनौति हो । भट्टराईले नयाँ शक्ति पार्टीको संयोजक रहेकै बेलादेखि खस आर्य, आदिवासी जनजाति र मधेशीसमेत गरी प्रमुख तीनवटा सामुदायिक कलस्टरमा जोड दिँदै आएका छन् । एकीकरणपछि खस आर्यको स्वयम् भट्टराईले प्रतिनिधित्व गरेका छन् भने मधेशीको प्रतिनिधित्व उपेन्द्र यादवले आदिवासी जनजातिको प्रतिनिधत्व अशोक राईले गर्ने बताइएको छ । त्यसैले समाजवादी पार्टी साँच्चै समावेशी नेतृत्व भएको पार्टी पनि बनेको छ । तर नेतृत्वको यो समावेशीपन बाहिरबाट हेर्दा जस्तो सहज भने छैन ।

# मधेशी-पहाडी सम्बन्धबारे नाटक



काठमाडौं । काठमाडौंको अनामनगरस्थित मण्डला नाटकघरमा मञ्चन भइरहेको 'मिता आब कोना चलब' नाटकले मधेशी र पहाडी समुदायबिचको सम्बन्धको वास्तविकता देखाउँछ । स्वार्थ पूर्तिका लागि दुई समुदायबिचको भावनात्मक सम्बन्धमा दरार ल्याउन हुने घुसपैठलाई रामभजन कामतद्वार लिखित तथा निर्देशित नाटकले प्रष्ट्याउँछ । उनी भन्छन्, "मैले मेरै समाजलाई हेरेर, बुझेर लेखेको नाटक हो यो । कसैले व्यक्तिगत वा समूहगत स्वार्थका कारण मधेशी र पहाडेबीच फुट ल्याउन खोज्दा साँच्चिकै विभेद छ जस्तो देखिन्छ । आफुले त्यो विभेद भोग्नु नपरेकाले वास्तविकता मञ्चमा आउनुपर्छ भन्ने ठानेर नाटक तयार पारेँ ।" मधेश आन्दोलनको पृष्ठभूमिमा तयार मिता आब कोना चलब नेपाली र मैथिल दुवै भाषामा छ । "हामी सांस्कृतिक रूपले धनी छौं र त्यसैले मधेशी पहाडी सबैलाई जोडेर नेपाली भन्न सक्ने अवस्था छ", निर्देशक कामत थप्छन्, "सांस्कृतिक विविधतालाई समेत नाटकमा समेटेको छु ।" विभिन्न भाषा, जात, धर्मको भावनात्मक सम्बन्धले नै राष्ट्रिय एकताको भाव अझ दरिलो बन्छ भन्ने प्रष्ट्याउन नाटक तयार पारेको उनको दाबी छ । नाटकमा निर्देशक कामतसहित मिलन नेपाली, विकास पराजुली, भरत कार्की, राजेश ठाकुर सञ्जय गुप्ता, आदित्य मिश्रालगायतले अभिनय गरेका छन् ।

## सिक्किमका मन्त्रीद्वारा भ्रमण

काठमाडौं । भारतको सिक्किम राज्यका सडक, पुल तथा संस्कृति धरोहर मन्त्री गर्जमान गुरूङ संखुवासभा भ्रमण गरेका छन् । पारिवारिक तथा व्यक्तिगत भेटघाटको सिलसिलामा मन्त्री गुरूङ संखुवासभा आएका थिए । पहिलोपटक संखुवासभा भ्रमणमा आएका मन्त्री गुरूङलाई खाँदबारी नगरपालिकाले औपचारिक कार्यक्रम गरेर स्वागत तथा सम्मान गरेको थियो । मन्त्री गुरूङ स्वर्गीय गायक खेमराज गुरूङको 'वारी जमुना पारी जमुना, जमुनाको फेदैमा मनकामना' बोलको चर्चित गीतले प्रभावित पारेकाले संखुवासभा आएको बताए । स्व. खेमराज गुरूङका गीत र योजनासमेत सम्झँदै मन्त्री गुरूङले स्व. खेमराज गुरूङ ट्रष्टलाई १ लाख भारतीय रूपैयाँ पनि प्रदान गरेका थिए ।

## भारतका राज्यमन्त्री आउने

मेचीनगर । मेचीनगरको धुलावारीमा बैशाख २८ र २९ गते 'प्रथम अन्तर्राष्ट्रिय बोडो मेचे साहित्य सभा' हुने भएको छ । मेचे समुदायको भाषा, साहित्य र संस्कृति संरक्षणको उद्देश्यले मेचीनगर-१० धुलावारीस्थित पुरानो कोलोनी रहेको प्लटिङ क्षेत्रमा साहित्य सभा गरिदै छ । मेचे समुदायले बैशाखमा मनाउने सबैभन्दा ठूलो चाड बैशागु बथरको उपलक्ष्य पारेर यसपाली भारतको आसामका बोडो समुदायसँग मिलेर अन्तर्राष्ट्रिय साहित्य सभा गर्न लागेको आयोजक समितिका कार्यवाहक अध्यक्ष पर्दछ । यही उपलक्ष्यमा नेपाल र भारतका मेचेहरूले अन्तर्राष्ट्रिय साहित्य सभाको आयोजना गरेको मेचे बताउँछन् । सभामा भारतका राजयमन्त्री र सरकारी उच्च पदाधिकारीहरू सहभागी बन्ने छन् भने नेपालका तर्फबाट मुख्यमन्त्री शेरधन राई, आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत काकी सहभागी बन्ने छन् ।

## लब्ली युनिभर्सिटी काठमाडौंमा

काठमाडौं । भारतको नीजि क्षेत्रको सबैभन्दा ठूलो विश्वविद्यालय लब्ली प्रोफेसनल युनिभर्सिटी (एलपियू)ले आफ्नो एडमिसन अफिस राजधानीको बागबजारमा स्थापना गरेको छ । एलपयिूले रोहिनी एजुकेसन एण्ड भिसा सर्भिसेजसँग सहकार्य गरि आफ्नो कार्य आरम्भ गरेको हो । एलपियूका एडिसनल डाइरेक्टर अमन मित्तल तथा ईक्यानका अध्यक्ष बिष्णुहरी पाण्डे ले उद्घाटन गरे । कार्यक्रममा बोल्दै केही संस्थाहरूले सहि सूचना र परामर्श नदिँदा समग्रमा यो क्षेत्र बद्नाम भएको तर यसको वास्तविकता त्यस्तो भने नभएको नेपाल शैक्षिक परामर्श संघका अध्यक्ष बिष्णुहरी पाण्डेले बताए । कार्यक्रममा बोल्दै एलपियुका एडिसनल डाईरेक्टर अमन मित्तलले नेपालका विद्यार्थीहरूलाई छात्रवृति दिइने तथा नेपालका विद्यार्थीका लागि यो राम्रो अवसर हुने बताए । कार्यक्रममा बोल्दै भारतीय राजदुतावासका शिक्षा तर्फका द्वितिय सचिव निरज जैसवालले एलपियू नेपाली विद्यार्थीहरूका लागि निक्कै उपयोगी हुने समेत बताए ।

## भारतसँग रेल खरिद सम्झौता हुँदै

काठमाडौं । सरकारले भारतको कोकन रेल्वे कर्पोरेसनसँग रेल खरिद प्रक्रिया अघि बढाएको छ । जनकपुर-जयनगर रेल सञ्चालन गर्न नयाँ रेल खरिद प्रक्रियाको स्वीकृति प्राप्त भएको करिब दुई महिनापछि रेल विभागले सम्झौता गर्न लागेको हो । मन्त्रिपरिषद्ले चैतमा कोकन रेल्वे कर्पोरेसनसँग ८४ करोड ६५ लाख रूपैयाँमा दुईवटा रेल खरिद गर्न विभागलाई सैद्धान्तिक सहमति प्रदान गरेको थियो । गत साता कोकन रेल्वे कम्पनीका प्रतिनिधि खरिद प्रक्रियासम्बन्धी छलफल गर्न काठमाडौं आएका थिए । सम्झौता भएको एक महिनाभित्र नेपाली भूमिमा रेल भित्रिनेछ । कोकन रेल्वे कर्पोरेसनले निर्माण गरेको नेपालले खरिद गर्नेछ । दुईवटै रेल भारतीय कम्पनीले उपलब्ध गराउने छ । पहिलो रेल भित्रिएको एक महिनाको अन्तरालमा दोस्रो रेल ल्याउने गरी सम्झौता हुनेछ ।

## सिक्किम र दार्जिलिङमा पोखराको चर्चा

काडमाडौं । दिगो पर्यटनका लागि समान सहभागिता भन्ने उद्देश्यका साथ स्थापित पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान) को टोलीले भारतको सिक्किम, दार्जिलिङलगायत क्षेत्रमा पोखराको पर्यटन प्रवर्द्धनमा साझेदारीका लागि छलफल गरेको छ । सिक्किम सरकार ग्रामीण व्यवस्थापन र विकास विभागअन्तर्गतको सिक्किम राज्य ग्रामीण विकास संस्थानको आयोजनामा सिक्किममा आयोजित अन्तर्क्रियामा नेपालको भूबनोट, निकटताजस्ता कारण दुवै देशमा पर्यटकीय साझेदारीका विषयमा जोड दिइएको थियो । सप्ताहाव्यापी भ्रमणका क्रममा सिक्किम दाजिर्लिङ क्षेत्रमा पोखराको पर्यटन प्रवर्द्धनका साथै सरोकारवालाबीच अन्तर्क्रियाले पोखरासहित नेपालको पर्यटकीय विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिएको टेवान नेपालका उपाध्यक्ष रेनु थापाले जानकारी दिए ।

## रेलमार्ग अध्ययन सुरू

काठमाडौं । भारतका अधिकारीले रक्सौल-काठमाडौं रेलमार्गको अध्ययन थालेका छन् । काठमाडौंसम्म रेल ल्याउन दुई छिमेकी मुलुकको चासो देखिएपछि प्राविधिकले रेल चढ्ने नेपालीको सपना पूरा हुन सक्ने अपेक्षा गरेका छन् । रेल विभागका सिनियर डिभिजनल इन्जिनियर अमन चित्रकारले केरूङ-काठमाडौं रेलमार्ग निर्माणबारे चिनियाँ पक्षसँग छलफल जारी रहेको बेला भारतीय अधिकारीहरूले रक्सौल-काठमाडौं रेलमार्ग निर्माणका लागि अध्ययन सुरू गरेको बताए । भारतीय अधिकारीहरूले काठमाडौं जोड्नलाई रक्सौलदेखि अध्ययन सुरू गरे पनि त्यसबारेको विस्तृत जानकारी भने नेपाली पक्षलाई दिएका छैनन् ।








## दुई युवालाई भारतमा "राष्ट्रपति पुरस्कार"

काठमाडौं । भारतमा चर्चित 'महर्षि बादरायण व्यास सम्मान'बाट दुई नेपाली विद्वान् सम्मानित भएका छन् । राष्ट्रपति रामनाथ कोविन्दले स्थापना गरेको उक्त सम्मान डा. विश्वनाथ धिताल र डा. उमेश नेपाललाई प्रदान गरियो । दिल्लीमा आयोजित एक विशेष समारोहमा भारतीय उपराष्ट्रपति बैंकैया नायडूले उनीहरूलाई सम्मान गरे । पुरस्कारको राशि जनही एक लाख भारू छ । संस्कृत वाङ्मयमा युवावर्गलाई प्रोत्साहन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै उनीहरूलाई सम्मान गरिएको हो ।

## नेपालगन्जमा किया मोटर्स

नेपालगन्ज । कोरियन कारको ब्रान्ड किया मोटर्सले बाँकेमा सोरूम सुरू गरेको छ । नेपालगन्जको राँझा चोकस्थित किया गाडीको नेपालस्थित अधिकृत बिक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरनेसनलका अध्यक्ष सुरिता घिमिरे र नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल वैश्यले संयुक्त रूपमा सोरूमको उद्भाटन गरेका हुन् । यसका लागि नेपालगन्जका लागि आधिकारिक बिक्रेता अटोरान्च प्राली हो ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं